महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

मधेश प्रदेश



महालेखापरीक्षकको
चौथो वार्षिक प्रतिवेदन
२०७९
मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।०३।२९

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुर, धनुषा ।

नेपालको संविधानको धारा २४१ बमोजिम मधेश प्रदेशको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति.....**	४
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको व्यहोरा.....**	७
	मन्त्रालय र निकायगत व्यहोरा.....	१८
	१. प्रदेश सभा सचिवालय	१८
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२१
	३. अर्थ मन्त्रालय	३३
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	४०
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४४
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४७
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	५४
	८. सामाजिक विकास मन्त्रालय	६९
	९. महिला, वालवालिका, युवा तथा खेलकुद मन्त्रालय.....	७८
	१०. प्रदेश लोक सेवा आयोग	८०
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय	८१
	१२. प्रदेश नीति तथा योजना आयोग	८२
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति.....**	८५
परिच्छेद ५	**सुधारका क्षेत्रहरू .....**	८६
	अनुसूचीहरू.....	९३

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम मधेश प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकार तर्फ चौथो वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । यस वर्ष देखि लेखापरीक्षणको कार्यलाई सूचना प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन लेखापरीक्षणको गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश सरकार र मातहतका संस्था, समिति समेत १३९ निकायको रु.३९ अर्ब २८ करोड ८५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा रु.२ अर्ब १३ करोड ५ लाख ७३ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको ५.४२ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ५.६४ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष ५.४२ प्रतिशत भई बेरुजु प्रतिशत घटेको छ । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन । सार्वजनिक स्रोत साधनको उपयोग वा वेरुजु फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्ने विषयलाई कार्य सम्पादनको स्तरको आधारमा दण्ड र पुरस्कार दिने प्रक्रियासँग आवद्ध गर्नुपर्दछ ।

प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्नुपर्ने,

अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ आयोजना बैंकमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १३९ निकायको २०७७।७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरेको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरेको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ६७ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ११ निकायको छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ६१ निकायको दुर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरीएको

छ। यो वर्ष देखि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन सफट्वेयर प्रयोग गरी लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा लेखापरीक्षण गर्न सम्बन्धित सरोकारवालाहरूलाई भर्चुअल माध्यमबाट जानकारी समेत गराइएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरेको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न प्रतिवेदनको पुनरावलोकन र छनौट भएका इकाईको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरेको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७७।७८ को लेखापरीक्षणको सिलसिलामा मधेश प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरेको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

चलानी नं:- ८९६

मितिः २०७९/३/२७

श्री सचिव,
अर्थ मन्त्रालय, मधेश प्रदेश,
जनकपुरधाम, धनुषा ।

विषय - प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले मधेश प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू (अनुसुचि १४) को लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएका २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र प्रचलित कानुन बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१. प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेटनुपर्ने सबै सूचना, कारोबार समेटन सकेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु १ अर्ब ८१ करोड १६ लाख ६८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१७ करोड ३८ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.७३ करोड ९२ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.५६ करोड १४ लाख ८५ हजार र म्याद नाघेको पेश्की बाँकी रु. ३३ करोड ६८ लाख ९४ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.३१ करोड ८९ लाख ५ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु. ३० लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२६ करोड ३३ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ७२ लाख ९३ हजार र पेश्की बाँकी रु. ५२ लाख २ हजार रहेको छ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पत्तिको बिस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

४. प्रदेश सरकारको लागि समानिकरण अनुदान रु.७ अर्ब २ करोड १ लाख प्राप्त भएको मध्ये रु. ५ अर्ब ७५ करोड ८८ लाख खर्च भई रु.१ अर्ब २६ करोड १३ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहँदा कार्यक्रम सञ्चालनमा असर पर्न गएको छ।

५. संघीय सरकारबाट प्रदेश सरकारको लागि सशर्त अनुदान रु.६ अर्ब ९७ करोड, समपुरक अनुदान रु. २ करोड ७७ लाख र विशेष अनुदान रु.४१ करोड ५० लाख समेत रु.७ अर्ब ४१ करोड २७ लाख अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु २ अर्ब ८४ करोड ३० लाख बचत रहेको छ। सशर्त अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

६. प्रदेश र स्थानीय तह वीच बाँडफाड हुने राजस्व जम्मा हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विभाज्य कोषको आय-व्यय विवरण तयार गरेको छ। साविक जिम्मेवारी समेत जम्मा रु.१ अर्ब ९७ करोड ५९ लाख प्रदेश विभाज्य कोष तथा स्थानीय विभाज्य कोषमा स्थानान्तरण गरेको छ ।

७. प्रदेश सरकारको श्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान रु.२ अर्ब ९५ करोड १८ लाख १३६ स्थानीय तहलाई निकासा गरेको छ। स्थानीय तहले फिर्ता गरेको रकम समेत प्रदेश संचित कोषको हिसाबमा समावेश भएकोले प्रस्तुत खर्च यर्थाथपरक रहेको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकमको अभिलेख राखेको छैन । यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्दछ।

८. प्रदेश संचित कोषले देखाएको प्राप्ती तथा भुक्तानी विवरणमा प्रदेशको आन्तरिक श्रोत तर्फको हिसाब मध्ये रु.१ करोड ५४ लाखको साट्न बाँकी चेक रहेकोमा पुनः आय लेखाङ्कन गरी हिसाब मिलान गरेको देखिएन।

९. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत प्रदेश धरौटी हिसाबमा साविक जिम्मेवारी बाँकी रु.५७ करोड ४ लाख देखाएको छ। त्यसैगरी धरौटी बाँकीमा श्रेस्ता र बैंक वीच रु.१४ लाख फरक परेकोमा हिसाब मिलान गरेको छैन।

१०. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समिति, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम रहेको छ। संघित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संघित कोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(महेश्वर काफ्ले)
उपमहालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण -** यो वर्ष प्रदेश मातहत सरकारी निकाय १२९ को रु.३६ अर्ब ५७ करोड २५ लाख ७४ हजार र समिति तथा अन्य संस्था १० को रु.२ अर्ब ७१ करोड ५९ लाख ८४ हजार समेत रु.३९ अर्ब २८ करोड ८५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरेको छ ।

(रु. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम
१.	सरकारी कार्यालय	१२९	३६५७२५७४
२.	अन्य संस्था र समिति	१०	२७१५९८४
	जम्मा	**१३९**	**३९२८८५५८**

लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची - १ (क)** मा उल्लेख छ ।

१. **सरकारी निकाय -** यो वर्ष १२९ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

क्र.सं.	कारोबार	चालु वर्ष	जम्मा
१.	विनियोजन	२२०३००४२	२२०३००४२
२.	राजस्व	१२५९५३२९	१२५९५३२९
३.	धरौटी	९१९७७१	९१९७७१
४.	अन्य (विविध)	१०२७४३२	१०२७४३२
	जम्मा	**३६५७२५७४**	**३६५७२५७४**

सरकारी कार्यालयतर्फ १ कार्यालयको लेखापरीक्षण भएको छैन । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२** र **२(क)** मा उल्लेख छ ।

२. **अन्य संस्था र समिति -** यो वर्ष १० अन्य संस्था र समितिको रु.२ अर्ब ७१ करोड ५९ लाख ८४ हजारको लेखापरीक्षण भएको छ । अन्य संस्था र समितितर्फ १ संस्थाको लेखापरीक्षण भएको छैन। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची - ३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७/७८ को बजेट अनुमान र यथार्थ खर्च (संघीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः

(रु. हजारमा)

शीर्षक/क्षेत्र	२०७७/७८ को		
	संशोधित बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु	१३९०१८९८	८६४०७४०	६५.८७
पुँजीगत	२०३६७५४४	१३९०५०६३	६८.२७
जम्मा	**३४२६९४४२**	**२२५४५८०३**	**६५.७९**

४. **खर्चको स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

सि.नं	निकाय	अन्तिम बजेट		यथार्थ खर्च	
		चालु बजेट	पुँजीगत बजेट	चालु खर्च	पुँजीगत खर्च
१.	प्रदेश सभा सचिवालय	३४९७७४	१४६५६८	२७४११३	१०२८८९
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२७५९५०	३३५७३७०	४००३५५	२८४१३३३
३.	अर्थ मन्त्रालय	४७३२२१६	९४३२७३	३०५३०६०	३५६०८
४.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३०१०७१	७२८६१७	११९६४३	३३२५१५
५.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१३०३१२७	२०७८६४९	८५३६१५	१३७५९५५
६.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१८४३९९७	१४३७९८९	९६०६९२	७५५९५०
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय	३४९७७४	९४१५०८४	४५१८६८	६५७३३४४
८.	सामाजिक विकास मन्त्रालय	३६२५९१८	२२२१८६५	२४६३४०८	१८५७४९०
९.	प्रदेश लोक सेवा आयोग	४४४२९	२४९९१	२६७५०	१८५४३
१०.	मूख्यन्याधिवक्ताको कार्यालय	३७८२१	१०१००	३०४६४	१००७९
११.	प्रदेश नीति तथा योजना आयोग	३७८२१	३०३८	६७७२	१३५७
		१३९०१८९८	**२०३६७५४४**	**८६४०७४०**	**१३९०५०६३**

नोटः १. उल्लिखित रकममा अर्थ मन्त्रालयबाट स्थानीय तहलाई निकासा भएको रु.२ अर्ब ९५ करोड १८ लाख १५ हजार वित्तीय हस्तान्तरणको रकम समेत समावेश छ ।

२. महिला, बालवालिका, युवा तथा खेलकुद मन्त्रालयले खर्च गरेको चालुतर्फ रु.१२ लाख ९९ हजार र पुँजीगततर्फ रु.६१ लाख ८२ हजार सामाजिक विकास मन्त्रालयको खर्चमा समावेश छ ।

५. **श्रोत अनुमान तथा यथार्थ खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७/७८ को प्राप्ति र खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

स्रोत	२०७७/७८ को		अनुमानको तुलनामा खर्च प्रतिशत
	स्रोतगत अनुमान	यथार्थ खर्च	
नेपाल सरकारबाट प्राप्त अनुदान	**१५११३८००**	**१०३२८५०४**	**६८.३३**
समानीकरण अनुदान	७९९८४००	५७५८८१९	७१.९९
सशर्त अनुदान	५७३७७००	४३७२४८३	७६.२१
समपूरक अनुदान	८४२७००	०	०
विशेष अनुदान	५३५०००	१९७२०१	३६.८६
प्रदेश सरकारको राजस्व			
राजस्व	२०७८६१४७	१२२१७२९९	५८.७७
जम्मा	**३५८९९९४७**	**२२५४५८०३**	**६२.८०**

यो वर्ष विनियोजन तर्फ संघीय सरकारको अनुदान र राजस्वबाट रु.२२ अर्ब ५४ करोड ५८ लाख ३ हजार खर्च भएको छ । कुल खर्च मध्ये संघीय सरकारको अनुदानबाट ४५.८१ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५४.१९ प्रतिशत खर्च गरेको छ ।

६. **संघीय निकायलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय सरकारका कार्यक्रम सञ्चालन गर्न २२ संघीय कार्यालयलाई रु ५० करोड ६१ लाख ८१ हजार निकासा दिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ ।

७. **राजस्व असुली -** प्रदेश सरकार सञ्चालनको मूल आधार अनुदान प्राप्ति तथा राजस्व संकलन र परिचालन रहेको छ । प्रदेश विनियोजन ऐन, २०७७ अनुसार यो वर्षको लागि राजस्वतर्फ रु.१९ अर्ब १५ करोड ५० लाख ८९ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.१२ अर्ब ५९ करोड ५४ लाख ६० हजार प्राप्त भई अनुमानको तुलनामा ६५.७६ प्रतिशत असुल भएको छ । आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व तथा आयको विवरण निम्न अनुसार छः

(रु. हजारमा)

राजस्व	राजस्व अनुमान	राजस्व असुली	कुल असुलीको प्रतिशत
कर	१०६२५४००	११३९३६१०	१०७.२२
अन्य राजस्व	१६१७४६०	८६६९७०	५३.६०
विविध प्राप्ति	६९१२२२९	३३४८८०	४.८४
जम्मा	**१९१५५०८९**	**१२५९५४६०**	**६५.७६**

यसको विवरण **अनुसूची – ८** मा समावेश छ ।

८. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश संचितकोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रु. हजारमा)

अनुदानको विवरण	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
समानीकरण अनुदान	१००००००	९९५७३२	९९.६
सःशर्त अनुदान	१४२१०००	१२९०४४६	९०.८
समपूरक अनुदान	२८६५००	२६१८२३	९१.४
विशेष अनुदान	४२८५००	४०३८१४	९४.२
जम्मा	३१३६०००	२९५१८१५	९४.१

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ वटा स्थानीय तहमा रु.२ अर्ब ९५ करोड १८ लाख १५ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहबाट खर्चको विवरण उपलब्ध नभएकोले वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान यकिन हुन सकेन । यो वर्ष हस्तान्तरित अनुदानमध्ये सशर्त अनुदानको रकम सबै भन्दा बढी रहेको छ ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - मधेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य गरी ३ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.२ अर्ब १३ करोड ५ लाख ७३ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**१८११६६८**	**३१८९०५**	**२१३०५७३**	**१००**
१. **असुल गर्नुपर्ने**	**१७३८२८**	**३०५८**	**१७६८८६**	**८.३०**
२. **नियमित गर्नुपर्ने**	**१३००९४६**	**३१०६४५**	**१६११५९१**	**७५.६४**
• अनियमित भएको	५६१४८५	४७२९३	६०८७७८	२८.५७
• प्रमाण कागजात पेस नभएको	७३९२६३	२६३३५२	१००२६१५	४७.०६
• शोधभर्ना नलिएको	१९८	-	१९८	०.०१
३. **पेस्की**	**३३६८९४**	**५२०२**	**३४२०९६**	**१६.०६**
• कर्मचारी पेस्की	३२६४९	२६०२	३५२५१	१.६५
• मोबिलाइजेशन पेस्की	१४०४२०	-	१४०४२०	६.५९
• अन्य पेस्की	१६३८२५	२६००	१६६४२५	७.८१

बेरुजु वर्गीकरणको विवरण **अनुसूची ९ र १०** मा उल्लेख छ ।

२. **अघावधिक बेरुजुः** गत वर्ष सम्म रू.३ अर्ब ६८ करोड ९२ लाख १७ हजार बेरुजु रहेकोमा यो वर्ष रू.१३ करोड ६२ लाख ७६ हजार सम्परीक्षण भै रू. ३ अर्ब ५५ करोड २९ लाख ४१ हजार बाँकी रहेको र यो वर्ष रू. २ अर्ब १३ करोड ५ लाख ७३ हजार थप भई जम्मा बेरुजु रू.५ अर्ब ६८ करोड ३५ लाख १४ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

(रु.हजारमा)

क्र.स	विवरण	गत वर्षसम्म	यो वर्ष	जम्मा रकम
१	प्रदेश सरकारी निकायको बेरुजु	३३९१०६७	१८११६६८	५२०२७३५
२	समिति तथा अन्य संस्थाको बेरुजु	१६१८७४	३१८९०५	४८०७७९
	जम्मा	**३५५२९४१**	**२१३०५७३**	**५६८३५१४**

३. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची १३** मा समावेश गरिएको छ ।

३.२. प्रदेश मातहत सरकारी कार्यालय १२९ को लेखापरीक्षण गरेकोमा ११२ कार्यालयमा रु.१ अर्ब ८१ करोड १६ लाख ६८ हजार बेरुजू देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची -१** मा रहेको छ ।

३.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.स	मन्त्रालय	लेखापरीक्षण अंक	बेरुजु अंक				कुल बेरुजुमा मन्त्रालयको प्रतिशत	ले.प. अंकको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	११७०९०१५	६१६७२	४७९१४४	२८६२८५	**८२७१०१**	३८.८२	७.०६
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४४९०२४	७६३६१	४३२०७५	३०३२	**५११४६८**	२४.०१	३५.३०
३.	सामाजिक विकास मन्त्रालय	७२२९५८०	१०५४२	४३५७८९	४०९६८	**४८७२९९**	२२.८७	६.७४
४.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१७८७९९६	१७६२४	८८९२१	१८७२	**१०८४१७**	५.०९	६.०६
५.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७११५३०	८९५३	५५५३१	९७४६	**७४२३०**	३.४८	२.७४
६.	अन्य मन्त्रालय र निकाय	१४४०१४१३	१७३४	१२०१३१	१९३	**१२२०५८**	५.७३	०.८५
	जम्मा	**३९२८८५५८**	**१७६८८६**	**१६११५९१**	**३४२०९६**	**२१३०५७३**	**१००**	**५.४२**

कुल बेरुजु मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी ३८.८२ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगको सबैभन्दा कम ०.११ प्रतिशत बेरुजु रहेको छ ।

३.४. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १२९ को लेखापरीक्षण गरेकोमा १७ कार्यालय (१३.१७ प्रतिशत) मा बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १० मध्ये ८ निकायमा लगती बेरुजु देखिएको छ ।

३.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ११२ को ३ हजार २१२ दफा बेरुजु देखिएकोमा १० दफा प्रतिकृयाबाट फर्स्यौंट भई ९४६ दफा सैद्धान्तिक र २ हजार २५६ दफा लगती बेरुजु कायम भएको छ ।

३.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.१ अर्ब २१ करोड ९४ लाख ९४ हजार बाँकी रहेकोमा म्याद बाँकी रहेको पेस्की रु.२३ करोड ४० लाख ३२ हजार समायोजन र यो वर्ष रु.१० करोड ८२ लाख २९ हजार फर्स्यौंट भई रु.८७ करोड ७२ लाख ३३ हजार बाँकी रहेकोमा यस वर्ष

रु.३४ करोड २० लाख ९६ थप भई रु.१ अर्ब २१ करोड ९३ लाख २९ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.७. सरकारी कार्यालय १८ बाट यो वर्ष लेखापरीक्षणको क्रममा रु.३० लाख ७४ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.८६ हजार र सम्परीक्षणको क्रममा रु.६ लाख ३९ हजार समेत रु.३७ लाख ९९ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

३.८. यो वर्ष सरकारी कार्यालय १६ मा रु.३९ लाख ९२ हजार अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट कुनै पनि रकम फर्स्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.९. प्रदेश कार्यालय र अन्य संस्था तथा समितितर्फ ४ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अंक	बेरुजु अंक	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
२०७५	६९४३९५	१६४६०९	२३.७०	५७५०९	८.२८
२०७७	२५७३१४२६	१८२५३९९	७.०९	१२७२७०६	४.९४
२०७८	३१९८६२२८	१८०५९१८	५.६४	१४१५८८०	४.४३
२०७९	३९२८८५५८	२१३०५७३	५.४२	१७८८४७७	४.५५

परिच्छेद -३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१. **कानुन निर्माण तथा नीति तर्जुमा -** नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारको अधिकार सूची उल्लेख छ । संविधान प्रदत्त उक्त अधिकारहरूको अभ्यासको लागि प्रदेश सरकारले आवश्यक कानुनहरू तर्जुमा गर्नुपर्ने हुन्छ । प्रदेश सभाले यो वर्षसम्म ४४ कानुन स्वीकृत गरेको, १३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेवल गरेको र १२ कानुन तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भई निर्माणको चरणमा रहेका छन् । हालसम्म प्रदेशले बनाउनु पर्ने कानुनको संख्या यकिन गरेको छैन ।

प्रदेश सरकार र अन्तर्गतका मन्त्रालयबाट आर्थिक नीति, कृषि नीति, भू-उपयोग नीति जस्ता संघीय सरकारबाट बनाइएका विषयगत नीतिहरू तथा आवधिक योजनासँग सामान्जस्य हुने गरी तथा दिगो विकास लक्ष्यहरूको स्थानीय तहमा समेत आन्तरिकीकरणमा सघाउ पुग्ने गरी आवश्यक विषयगत नीतिहरू तर्जुमा गरेको देखिएन । समयमै आवश्यक नीति, कानुन तथा मापदण्ड तयार गरी सोको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

२. **संगठन र कर्मचारी व्यवस्थापन** - मधेश प्रदेश अर्न्तगतका संवैधानिक निकायहरू, मन्त्रालयहरू र मातहतका कार्यालयहरूसमेत १३० कार्यालय रहेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त विवरण अनुसार मधेश प्रदेश अन्तर्गतका निकायको कुल दरबन्दी ३ हजार १३३ रहेकोमा २ हजार ३७ पदपूर्ति भई १ हजार ९६ दरबन्दी रिक्त रहेको छ । रिक्त दरबन्दी पदपूर्ति गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **बजेट खर्च एवं रकमान्तर -** प्रदेश अर्थ मन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गतेभित्र प्रदेश सभामा पेस गर्नुपर्ने र सो साथ राजस्व संकलन, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्थासहितको बजेट अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ को आय-व्ययको अनुमान २०७७ आषाढ १ गते प्रदेश सभामा पेस गरेको छ । वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति निम्नानुसार देखिएको छः

३.१. प्रदेश अर्थ मन्त्रीले बजेट वक्तव्य मार्फत प्रदेश सरकारको लागि रु.३४ अर्ब ७० करोड ४४ लाख बजेट स्वीकृत गरेकोमा रु.२२ अर्ब ५४ करोड ५८ लाख खर्च (६४.९६ प्रतिशत) गरेको छ । खर्चमध्ये चालुतर्फ संचित कोषमा व्यभार पर्ने रकमसमेत रु.८ अर्ब ९४ करोड ७ लाख (३९.६५ प्रतिशत) तथा पुँजीगत खर्च तर्फ रु.१३ अर्ब ६० करोड ५० लाख (६०.३५ प्रतिशत) रहेको छ । बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्यन गर्न नसक्दा विनियोजनको तुलनामा खर्चको स्थिति न्यून रहेको देखिन्छ ।

३.२. नेपालको संविधानको धारा २०८ मा शुरु विनियोजित बजेटबमोजिम खर्च गर्दा रकम अपर्याप्त भएमा, विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा अर्थ मन्त्रीले प्रदेश सभामा पूरक अनुमान पेस गरी बजेट थप गर्नसक्ने व्यवस्था छ । प्रदेश सरकारको रु.३४ अर्ब ७० करोड ४४ लाखको बजेट पेस भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पटक पटक रकमान्तरबाट थप घट गरेको र संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई रु.१४ अर्ब ४३ करोड

२८ लाख थप बजेट प्राप्त भएको समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.३३ अर्ब ५७ करोड ७३ लाखको संशोधित मन्त्रालयगत बजेट र खर्चको विवरण पेस गरेको छ।

३.३. अर्थ मन्त्रालयले पुँजीगत तर्फ अर्थ विविध (अवण्डा) मा राखेको रु.१ अर्ब २४ करोड ८७ लाख ९९ हजारमध्ये ७ मन्त्रालयलाई रु.३६ करोड ४ लाख ३२ हजार रकमान्तर गरेको छ । सोध्ये रु.३ करोड ७२ लाख १५ हजार असारमा मात्र रकमान्तर गरेको छ । चालुतर्फ रु.२ अर्ब ५ करोड अवण्डा राखेकोमा ११ निकायलाई रु.७७ करोड ३१ लाख ९६ हजार रकमान्तरबाट थप गरेकोमध्ये असारमा मात्र रु.५२ करोड ३८ लाख २७ हजार थप दिएको छ ।

३.४. रकमान्तर गरेकोमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मात्र रु.३० करोड २४ लाख ७ हजार र सर्लाही जिल्लाको वागमती नगरपालिकालाई ताल निर्माण गर्न रु.३० करोड थप गरेको छ। यसरी अवण्डा बजेट राखी वर्षान्तमा आएर रकम थप गरिनु कानुन सम्मत देखिएन ।

४. **संघीय अनुदान निकासा र खर्च -** बजेट वक्तव्यमा प्रदेश सरकारले संघीय अनुदान मार्फत रु.१५ अर्ब ४० करोड ५९ लाख प्राप्त गर्ने अनुमान गरेकोमा सशर्त अनुदानमा रु.६ अर्ब ९७ करोड, विशेष अनुदान रु.४१ करोड, ५० लाख, समानीकरण अनुदान रु.७ अर्ब २ करोड १ लाख र समपूरक अनुदान रु.२ करोड ७७ लाख समेत रु.१४ अर्ब ४३ करोड २८ लाख (९३.६८ प्रतिशत) प्राप्त गरेको छ । सोमध्ये सशर्त अनुदानबाट रु.४ अर्ब ३७ करोड २४ लाख, विशेष अनुदानबाट रु.१९ करोड ७२ लाख र समानीकरण अनुदानबाट रु.५ अर्ब ७५ करोड ८८ लाखसमेत रु.१० अर्ब ३२ करोड ८४ लाख (७१.५६ प्रतिशत) खर्च गरेको छ । अनुदान रकम खर्च गर्न नसक्दा लक्ष्य अनुसार प्रतिफल प्राप्त हुन सकेको देखिदैन ।

५. **मापदण्ड लागु -** कोभिड १९ को रोकथाम, नियन्त्रण उपचार र खर्च व्यवस्थापन गर्न कोभिड-१९ को कारण सिथिल बनेको अर्थतन्त्रको पुनरुत्थान गर्न सहुलियत तथा राहत कार्यक्रम गर्न, उत्पादन क्षेत्रलाई प्राथमिकता दिन, रोजगारी सिर्जना गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न पुँजीगत खर्चलाई थप प्रभावकारी बनाउन तथा चालु खर्चमा मितव्ययिता कायम गर्न नेपाल सरकारले २०७७/७८/७८ मा खर्च मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७७ लागु गरेको छ । प्रदेश सरकारले विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्दा उक्त मापदण्ड अनुसार नभएका केही व्यहोरा निम्नानुसार छः

५.१. मापदण्डको बुँदा नम्बर ७ मा तालिम, छलफल, सेमिनार, बैठक, अन्तरक्रिया लगायतका कार्यक्रमहरू गर्दा मितव्ययी तवरले गर्नुपर्ने, उपलब्ध भएसम्म अनलाईन प्रविधिको माध्यमबाट गर्नुपर्ने, भौतिक रुपमा उपस्थित भई सञ्चालन गर्नुपरेमा सम्भव भएसम्म आफ्नै सभाहल तथा बैठक कक्ष प्रयोग गर्नुपर्ने, संस्थामा तोकिएका जिम्मेवारीमा पर्ने बाहेक अन्य निकायले नेपाल सरकारको स्रोत र वैदेशिक ऋणबाट खर्च व्यहोर्ने गरी आवश्यक गोष्ठी वा कार्यमा खर्च गर्न नपाइने उल्लेख छ । त्यस्तै बुँदा नं. २० मा संगठित संस्थाले यस मापदण्डको अधिनमा रही खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड बनाई लागु गर्नुपर्ने तथा सोही बुँदाको उपबुँदा २ मा प्रदेश र स्थानीय तहले यस मापदण्डको प्रतिकुल नहुने गरी मितव्ययीता तथा सार्वजनिक खर्चको प्रभावकारिता सम्बन्धी मापदण्ड बनाई लागु गर्नसक्ने व्यवस्था रहेकोमा एकै दिनमा अस्वाभाविक संख्यामा बैठक बस्ने गरेको, बैठक समयावधि

किटान नगरी एउटै विषयमा एकै दिन पटक पटक बैठक बसी बैठक भत्ता खर्च लेखेको अवस्था देखिएको हुँदा अनावश्यक खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५.२. संघीय अर्थ मन्त्रालयले सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धी निर्देशिका, २०७७ जारी गरेको छ ।साथै मधेश प्रदेशले समेत प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ जारी गरेको छ ।संघीय अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्डभन्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डमा दर बढोत्तरी भएको पाइयो । संघीय दरभन्दा प्रदेश सरकारले जारी गरेको तालिम सञ्चालनको नर्म्समा श्रोत व्यक्तिको रु.७०० संघीय नर्म्स भएकोमा रु.१ हजार ८ सय अर्थात् २५७ प्रतिशत वृद्धि, सहभागीको मसलन्द रु.७५ बाट रु.३ सय ७५ अर्थात् ५ सय प्रतिशत वृद्धि, उद्घघाटन समापनको खाजा खाना रु.२०० भएकोमा रु.१ हजार ८ सय अर्थात् ८०० प्रतिशत बढाएर नर्म्स तयार गरेको छ । कुल बजेटको ६८ प्रतिशत खर्च संघीय अनुदानबाट खर्च भै रहेको अवस्थामा संघीय सरकारले तोकेको नर्म्सभन्दा ८०० प्रतिशतसम्म वृद्धि हुनेगरी प्रदेश सरकारले खर्चको मापदण्ड बनाई खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

६. **सभामुखको पारिश्रमिक, सुविधा** - नेपालको संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख/उपसभामुख तथा सदस्यको पारिश्रमिक प्रदेश कानुनबमोजिम हुने उल्लेख छ। उपरोक्त व्यवस्थाअनुसार प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची (१) मा मधेश प्रदेशको सभामुख पदको पारिश्रमिक सेवा सुविधा मासिक पारिश्रमिक रु.५९ हजार, अतिथि सत्कार रु.१८ हजार, सञ्चार सुविधा ३ हजार ५०० लगायतका सुविधा दिने व्यवस्था छ । प्रदेशगत रुपमा सुविधा विश्लेषण गर्दा गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको तुलनामा पारिश्रमिक बढी रहेको, अन्यत्र प्रदेश भन्दा थप १ सवारी साधन व्यवस्था गरेको, सवारी इन्धन, स्वदेशी दैनिक भत्ता, अतिथि सत्कार र विदेशको दैनिक भत्ता दर अन्य प्रदेशको भन्दा बढी देखिएको छ । प्रदेश सरकारले पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्दा अन्य प्रदेशमा भएको व्यवस्था, आन्तरिक आय क्षमता, खर्चको आवश्यकता र परिचालनस्थिति समेत विश्लेषण गरी निर्धारण गर्नुपर्ने देखिन्छ ।

७. **मुख्यमन्त्री तथा मन्त्रीहरूको सेवा सुबिधा** - नेपालको संविधानको धारा १६८ मा प्रदेश मन्त्रिपरिषद्को गठन तथा धारा १७१ मा मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था रहेको छ। उपरोक्त व्यवस्था अनुसार मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ मा मुख्यमन्त्रीलाई पारिश्रमिक रु.६० हजार ९७०, अतिथि सत्कार रु.२० हजार, सञ्चार सुविधा रु.३ हजार ५०० लगायतका छन् । त्यस्तै मन्त्रीहरूलाई पारिश्रमिक रु.५७ हजार ७८०, अतिथि सत्कार रु १५ हजार, सञ्चार सुविधा ३ हजार ४०० लगायतका सुविधा दिने व्यवस्था छ । प्रदेश मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधा अन्य प्रदेशहरूसँग तुलना गर्दा मुख्यमन्त्रीको हकमा सवारीमा इन्धन परिमाण, अतिथि सत्कार खर्च, सवारी साधन संख्या लगायतमा बढी सेवा सुविधा देखिएको तथा मन्त्रीको हकमा सवारी इन्धन, अतिथि सत्कार, सञ्चार सुविधा, वैदेशिक दैनिक भत्ता लगायतमा बढी दर कायम भएको देखियो। प्रदेश सरकारले पारिश्रमिक तथा सेवा सुबिधा निर्धारण गर्दा प्रदेशको आन्तरिक आय, राजस्व क्षमता, खर्चको आवश्यकता र राजस्व परिचालन स्थिति समेत विश्लेषण गरी निर्धारण गर्नुपर्ने देखिन्छ।

८. **नीति तथा कार्यक्रम कार्यान्वयन -** नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालीन क्षेत्रगत/नीतिहरू, दिगो विकास लक्ष्यलगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरू, कोभिड १९ ले पारेको प्रभाव न्यूनीकरण, प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, योजनाको कार्यान्वयन गर्ने दिगो विकास लक्ष्यअन्तर्गत प्रादेशिक प्राथमिकता अनुसार नतिजा हासिल गर्न प्रदेश प्रमुखबाट २०७७ जेठ महिनामा २०७७।०७८ को नीति तथा कार्यक्रम जारी भएको छ ।उक्त नीति तथा कार्यक्रममा उल्लिखित कलैया र जलेश्वरमा प्रादेशिक सरुवा रोग अस्पताल स्थापना गर्ने, प्रदेश लगानी बोर्ड स्थापना, पथलैयामा ट्रमा सेन्टर बनाउने, प्रादेशिक क्यान्सर अस्पताल बनाउने वीरगंजमा प्रविधि विश्वविद्यालय स्थापना गर्ने, सबै जिल्लामा प्रदेश अतिथि गृह निर्माण गर्ने, वित्तीय पहुँचको लागि प्रदेश विकास बैङ्क स्थापना गर्नेलगायतका कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएतापनि ती कार्यक्रमको लागि बजेट विनियोजन गरेको पाइएन । नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूको लागि बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **सूचना प्रवाह -** सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम प्रदेश सरकारबाट भए गरेका कार्यहरूको आम नागरिकलाई विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाह गर्ने कार्य प्रदेश प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, अर्थ मन्त्रालय लगायतका १६ निकायले वेभसाइट मार्फत गर्दै आएका छन्। प्रदेश मातहतका सबै कार्यालयको वेभसाइट नरहेको, वेभसाइटमा सूचना प्रवाह गर्ने कार्य नियमित रुपमा नभएको, सूचना एवं सेवा सहज, भरपर्दो, सुरक्षित र अधावधिक हुने गरेको छैन। सूचना प्रविधिमा प्रयोग भएका तथ्यांक अभिलेख एवं प्रतिवेदन र जानकारीहरू संचित गरी राख्नसक्ने क्षमताको सर्भर प्रणाली विकास गर्ने, सूचना प्रविधिमा देखिने त्रुटि समयमै पत्ता लगाउने, सूचनालाई फुल अटोमेसन गर्ने, सूचना प्रविधि सम्बन्धी जनशक्ति तथा पूर्वाधारको विकास गर्ने, सेवाग्राही र सेवा प्रदायकलाई सूचना प्रविधिमा साक्षर गराउने, यूजर लग अभिलेख व्यवस्थित गर्ने, सूचना प्रविधिको डाटा सर्भरको सुरक्षा गर्ने र विभिन्न कार्यालय तथा स्थानीय निकायमा प्रयोग हुने सूचना प्रविधिमा समानता ल्याउने जस्ता कार्य गर्नुपर्दछ।

१०. **राजस्व नीति -** आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा प्रदेश सरकारले संविधान प्रदत्त अधिकार क्षेत्र बमोजिम राजस्वको सम्भावित क्षेत्रहरूको पहिचान गरी विद्यमान राजस्व प्रणालीमा संस्थागत तथा संरचनात्मक सुधार गरी राजस्व संकलनलाई वैज्ञानिक तथा बस्तुनिष्ठ बनाउने, प्रदेश अर्थ मन्त्रालयले राजस्व प्रक्षेपण गर्दा केन्द्रबाट प्राप्त हुने विभिन्न अनुदान गतवर्षको राजस्व संकलन स्थिति र करको प्रक्षेपणलाई आधार लिने गरेको छ। गतवर्ष प्रदेशको कुल ग्रार्हस्थ उत्पादन रु ५ खर्व ६२ अर्ब हुने अनुमान गरेकोमा कोरोनाको कारण कुल ग्रार्हस्थ उत्पादन घटेको छ। चालु खर्च भन्दा पुँजीगत खर्च बढी भएतापनि राष्ट्रिय बहुआयामिक गरिबी दर औसत २८.६५ भएकोमा यस प्रदेशको ४७.९ प्रतिशत रहेको र मानव विकास सूचकाङ्कमा समेत राष्ट्रिय औसतभन्दा तल परेकोले दिगो विकास कार्यक्रमले राखेको लक्ष्य प्राप्त गर्न कठिन देखिएको छ।यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहाय अनुसार रहेको छः

१०.१. प्रदेश र स्थानीयतह बीचको साझा अधिकार क्षेत्रभित्र रहेको राजस्व सम्बन्धी अधिकारमा स्थानीय तहबाट संकलन हुने राजस्वमा स्थानीय तहहरूमा राजस्व प्रशासनको संरचनाको अभाव भएको, स्थानीय तहमा जनशक्तिको अभावले गर्दा त्यस्ता राजस्व संकलन अपेक्षा अनुसार हुने नगरेको र

संकलित राजस्वहरूमध्ये प्रदेश संचित कोषमा प्राप्त हुने राजस्व समयमै प्राप्त हुने गरेको छैन। प्रदेश सरकारले उक्त राजस्व समयमै प्रदेश संचितकोषमा दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०.२. प्रदेश सरकारले २०७७।७८ भित्र प्रदेश भित्र राखिने होर्डिङ्गबोर्ड, साइन बोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरी प्रचार सामग्रीमा गरेको विज्ञापनमा विज्ञापन कर लगाइने र असुल उपर गरिने व्यवस्था गर्ने घोषणा गरेकोमा उक्त व्यवस्था बमोजिम बिज्ञापनलाई व्यवस्थित रुपमा संकलनको दायरा भित्र ल्याउन नसकेकोले बिज्ञापन कर निकै न्यून राजस्व संकलन भएको छ। प्रदेश भित्र निकै संभावना बोकेको बिज्ञापन करलाई व्यवस्थित बनाई उक्त राजस्व संकलन बृद्धि गर्नुपर्ने देखिन्छ। कोभिडको कारण समग्र राजस्व संकलनमा समेत असर परेकोले न्यून राजस्व संकलन भएको छ ।कोभिडको कारण राजस्व संकलनमा परेको असरलाई न्यूनीकरण गर्दै आन्तरिक राजस्व संकलनमा सुधार ल्याउनुपर्ने देखिन्छ।

१०.३. प्रदेशको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्योग, व्यवसाय तथा निकायहरूको अनुगमन प्रणाली व्यवस्थित बनाउने नीति लिएकोमा प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेको राजस्वका स्रोतहरूलाई अनुगमन गरी राजस्व संलकनलाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन सकेको देखिएन। प्रदेश सरकारले आफना अधिकार क्षेत्रभित्र रहेको राजस्वका स्रोतहरू पहिचान गरी अनुगमन प्रणाली व्यवस्थित गरी राजस्व नीतिलाई प्रभावकारी रुपमा राजस्व संकलन गर्नुपर्दछ ।

११. **सार्वजनिक सम्पत्ति तथा अभिलेख व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार पुँजीगत सम्पतिको प्रदेश र स्थानीय तहको एकीकृत र जिल्लागत विवरणको अभिलेख अद्यावधिक गर्ने, सोको समुचित संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भारका साथै पुराना मालसामानको समयमै लिलाम बिक्री सम्बन्धी व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

११.१. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्ष सम्मको बाँकी सम्पतिहरू र उक्त प्रणाली लागु भए पश्चात खरिद भएको सम्पूर्ण मालसामानहरू उक्त प्रणालीमा प्रविष्टि गर्नुपर्नेमा यस प्रदेशका अधिकांश इकाइहरूले उक्त प्रणाली लागु गरेका छैनन् । उक्त प्रणालीमा सार्वजनिक निकायको सम्पूर्ण सम्पत्ति प्रविष्टि गर्नुपर्दछ ।विभिन्न कार्यालयको स्वामित्वमा रहेको प्रयोगविहिन भवन र जग्गाको समुचित उपयोग हुन नसकेको हुँदा सम्पत्तिको एकीकृत विवरण तयार गरी सोको उचित सदुपयोग हुनुपर्दछ ।

११.२. संघीयता कार्यान्वयनसँगै खारेज भएका जिल्लास्तरीय कार्यालय तथा साविकका गाउँ विकास समिति तथा नगरपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, फर्निचर, कम्प्युटर तथा अन्य उपकरणहरू सम्बन्धित प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण नगरेको हुँदा अबिलम्ब हस्तान्तरण गरी सम्पतिको उपयोग गर्नुपर्दछ ।

११.३. प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७) मा प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकारअन्तर्गत हस्तान्तरण भएकोमा

साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी संरक्षण एवं असुलउपर गर्ने कार्य भएको छैन । कानुनले तोकेअनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१२. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसिकने भएमा म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । वित्तीय विवरण पेस नगरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत हुनसक्ने व्यवस्था छ । प्रदेशअन्तर्गतका कुनै पनि मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गरेका छैनन्। यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्थाबमोजिम वित्तीय विवरण पेस गर्नुपर्दछ ।

१३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको उत्तरदायित्व निकाय प्रमुखले र मन्त्रालयको हकमा विभागीय मन्त्रीले लिनुपर्ने, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतले, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सोअनुसार समयमा केन्द्रीय आर्थिक विवरण तयार गर्नेलगायतका कार्य भएको पाइएन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना गर्नु गराउनुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण व्यवस्था** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनुपर्ने उल्लेख छ। प्रदेशअन्तर्गत कुनै पनि मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१५. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गिकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ। प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि यो वर्षसम्म ४४ कानुन पारित भएको छ। स्वीकृत दरबन्दीमध्ये विभिन्न पदहरू रिक्त रहेको, वार्षिक कार्यक्रम एवं बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले सेवा प्रवाहलाई नियमित र

व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माण गरी सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य गरी प्रदेश सरकारबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउनुपर्ने देखिन्छ। प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

१६. **आवधिक योजना कार्यान्वयन -** प्रदेशको प्रथम पञ्च वर्षिय योजना(२०७६/७७ देखि २०८०/८१) मा सार्वजनिक, नीजी र सहकारी क्षेत्रको समन्वय र सहयोगद्धारा समतामूलक दिगो विकास तथा उच्च आर्थिक वृद्धि हासिल गर्न उच्च मानव विकास र पहिचान समृद्ध मधेश समाजको सोच राखी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, औद्योगिकीकरणमा स्थानीय उत्पादन र गुणस्तरीय स्वास्थ्य शिक्षामा लगानी वृद्धि गर्ने उल्लेख छ । यसैगरी गरिबी दर २७.७ बाट २१ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर ७९९ बाट १ हजार र औसत आयु ७०.४ वर्षबाट ७३ वर्ष पुऱ्याउने लगायतका लक्ष्य प्राप्त गर्न कृषि, उद्योग र सेवा क्षेत्रमा रु ११ खर्व ५१ अर्ब लगानी गर्नुपर्ने अनुमान गरेको छ । मधेश प्रदेश सरकारले गत वर्ष रु ३० अर्ब र यो वर्ष २२ अर्ब समेत रु ५२ अर्ब खर्च गरेको छ । निजी क्षेत्रबाट समेत भएको खर्च र हालसम्मको प्रगति अवस्था मूल्याङ्कन गरेको छैन । न्यून लगानी, निजी क्षेत्र मैत्री लगानी गर्ने उपर्युक्त वातावरण तयार नभएको कारण आर्थिक वृद्धिदरमा कमी आएको छ । लक्ष्यअनुसार प्रगति हासिल गर्न थप प्रयास गर्नुपर्दछ ।

१७. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य प्राप्त गर्न संघ, प्रदेश, स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने, प्रदेश र स्थानीय तहहरूमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध हुने योजना छनौट गर्नुपर्दछ । तर योजना छनौट एवं कार्यान्वयन गर्दा ग्याँस चुल्हो वितरण, साइकल वितरण जस्ता वितरणमुखी कार्यक्रमहरू तथा स-साना टुक्रे आयोजनाहरू छनौट गरी सञ्चालन गरेको छ । दिगो विकाससँग मेल नखाने यस्ता कार्यक्रम सञ्चालनमा नियन्त्रण गर्नुपर्दछ।

१८. **मध्यमकालीन खर्च संरचना -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय योजना आयोगले २०७७/७८-२०७९/८० को लागि मध्यमकालीन खर्च संरचना तयार गरेको छ। संरचनामा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक बजेटलाई तादाम्यता कायम गराउने प्रयास गरेको उल्लेख भएतापनि प्रदेश र स्थानीय तहमा यस्तो संरचना बनाई प्रभावकारी कार्यान्वयन नगरिँदा आवधिक योजना र वार्षिक बजेट बीच सामज्यस्यता कायम भएको देखिदैन। आवधिक योजनाबाट अपेक्षित परिमाण प्राप्त गर्न मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन्:

१८.१. मध्यमकालीन खर्च संरचना तयार गर्दा चालु योजनाले लिएको उद्देश्य पूरा गर्न प्रस्तावित योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी आगामी ३ वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि संयुक्त रुपमा राखी तयार गर्नुपर्ने व्यवस्था भएअनुसार मधेश प्रदेशले नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति र निजकै अध्यक्षतामा प्रदेश बजेट तर्जुमा समिति गठन गरेको छ । सो समितिले ०७७/७८ को लागि बजेट रु ३३ अर्ब ७० करोडको बजेट सीमा निर्धारण गरेको छ । आवधिक योजना अवधिमा हालको ६.५३

प्रतिशतबाट अन्तिम वर्ष ११ प्रतिशत आर्थिक वृद्धि रहने र समग्र गरिबी दर २७.७ बाट घटाई २१ प्रतिशत कायम गर्ने लगायतका लक्ष्य राखेकोमा मूल्याङ्कन प्रतिवेदन पेस भएको छैन ।

१८.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ख) अनुसार मध्यमकालीन खर्च संरचनाको बजेट आंकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारले संकलन गर्ने अधिकार क्षेत्रभित्र रहेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकमको १५ प्रतिशत, पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पानी तथा अन्य प्राकृतिक श्रोतबाट संकलन हुने रोयल्टी रकमको २५ प्रतिशत, मालपोत कार्यालयहरू मार्फत संकलन हुने राजस्वमध्ये जग्गा खरिद बिक्री वापत प्राप्त रजिष्ट्रेशन दस्तुर, प्रदेश यातायात व्यवस्था कार्यालयहरू मार्फत संकलन हुने सवारी साधन कर, स्थानीय तहहरूबाट संकलन हुने विज्ञापन कर तथा मनोरञ्जन कर आदिबाट राजस्व प्राप्त हुने अनुमान गरेको छ । त्यस्तै राजस्व संकलनको लागि प्रदेश कानुनअनुसार संकलन हुने दण्ड जरिवाना, वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकमलगायतका आधार लिएको भएतापनि सो अनुरुप आय प्राप्ति सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको छैन।

१८.३. प्रदेश सरकारले प्रदेश सभामा प्रस्तुत गरेका नीति र कार्यक्रमको प्रमुख आधार मध्यमकालीन खर्च संरचना हो। सो बमोजिम ४७० कार्यक्रम तय गरेकोमध्ये पहिलो प्राथमिकतामा ३७७(८०.२१ प्रतिशत) रहेको र दोश्रो प्राथमिकतामा ९३ कार्यक्रम रहेका छन् । ती कार्यक्रममध्ये हालसम्म लागु गरेका कार्यक्रमको प्रगतिको मूल्याङ्कन नगरेको तथा कार्यक्रमसँग बजेटको समन्वय हुने गरी तयार नगरेकोले कार्यक्रमको प्रगति अवस्था यकिन भएन।लक्षित कार्यक्रमको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ। केही कार्यालयहरूको अन्तिम लेखापरीक्षण सम्पन्न भइसक्दा समेत आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी नगरेको, चौमासिक रुपमा लेखापरीक्षण सम्पन्न नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएको आदि कारणबाट आन्तरिक लेखापरीक्षणको बेरुजु, फस्यौंट र बाँकी बेरुजुको स्थिति यकिन गर्न सकिएन । समयमै आन्तरिक लेखापरीक्षण सम्पन्न गर्न गराउन प्रदेश लेखा नियन्त्रक कार्यालय एवं मन्त्रालयले ध्यान दिनुपर्दछ ।

२०. **वार्षिक प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची -११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश स्थित कुनै पनि मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरेको देखिएन । यसले गर्दा मन्त्रालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२१. **विगतका योजनाको रकम भुक्तानी -** मधेश प्रदेशका विभिन्न जिल्लामा २०७५।७६ मा भएका विकास निर्माणका कार्यहरूको तत्काल नापजाँच गरी भुक्तानी गर्न नसकेको भनी भुक्तानी सम्बन्धमा विवाद भएकोमा प्रदेश सभाले २०७६।५।२९ मा १० सदस्यीय छानविन समिति गठन गरेको र उक्त समितिले प्रदेश सभामा २०७६/७/२९ मा पेस गरेको प्रतिवेदन अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयलगायत ५ मन्त्रालय अन्तर्गतका ८४२ योजना कार्यक्रमको लागि साविकमा रु ९४ करोड २२ लाख ९७ हजारको मूल्याङ्कन भएकोमा छानविन समितिले पुनः मूल्याङ्कन गर्दा रु ८६ करोड ४९ लाख ३५ हजारको मात्र काम भएको ठहर गरी भुक्तानीको लागि सिफारिस भएअनुसार यो वर्ष विभिन्न निकायबाट उक्त रकम भुक्तानी दिएको छ । योजनाका ढिलाईका सम्वन्धमा समितिले दिएका सुझावहरू कार्यान्वयन गरे नगरेको प्रगति विवरण पेस भएन ।

कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२२. **कोभिड-१९ रोकथाम तथा व्यवस्थापन -** मधेश प्रदेशको २०७७/७८ को बजेट बक्तव्यमा कोभिड महामारीको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक सामग्री खरिद तथा आपूर्ति र स्वास्थ्यकर्मीको आवश्यक पारिश्रमिक, उपकरण र प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरणका लागि रु.७० करोड २७ लाख बजेट विनियोजन गरेको देखिन्छ ।त्यस्तै यो वर्षको बजेट कोभिड-१९ को महामारीका कारण स्वास्थ्य क्षेत्रको रुपान्तरणमा केन्द्रित रहने हुँदा प्रादेशिक अस्पताल, जनकपुरलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा अगाडि बढाउन रु.४५ करोड ५३ लाख बजेट विनियोजन गरेको छ। सो अनुसार राहत, सहुलियत र पुनरुत्थान कार्यक्रम लक्षित गरी प्रभावित वर्गहरूका लागि प्रत्येक जिल्लाको विपद् व्यवस्थापन समिति मार्फत कार्यान्वयन हुने गरी रु.५ करोड ८० लाख विनियोजन गरेको देखिन्छ। ती श्रोतहरूवाट भएको खर्च र प्राप्त उपलब्धिको प्रगति विवरण तयार गरेको नदेखिएकोले विनियोजन खर्च र उपलब्धीको विश्लेषण गर्न सकिएन ।

२३. **कोभिड खर्च व्यवस्थापन** - स्वास्थ्य क्षेत्रमा यो वर्ष कुल रु.१ अर्ब ८० करोड २८ लाख ६४ हजार बजेट विनियोजन गरी ४ वटा क्षेत्रमा प्राथमिकता निर्धारण भएको छ । क्वारेन्टिन खर्च व्यवस्थापनका लागि संघीय सरकारको बजेटबाट आइसोलेसन सेन्टर स्थापना, स्वाव परीक्षणलगायतका कामको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत ८ वटा जिल्ला प्रशासन कार्यालयलाई रु.७ करोड निकासा दिएकोमा खर्चको स्थिति तथा प्रगतिको विवरण प्राप्त भएन।संघीय बजेटबाट प्रत्येक स्थानीय तहलाई रु.१० लाखका दरले विपद् व्यवस्थापन तथा कोरोना रोकथाम नियन्त्रका लागि रकम निकासा भएको छ। साथै प्रत्येक विद्यालयमा प्रति विद्यार्थी रु.२ सयका दरले कोरोना नियन्त्रणका लागि रकम निकासा भएको छ । उपलब्ध गराएको श्रोतको उपयोगको स्थिति र प्रगति विवरण पेस गरेको छैन । निकासाबाट भएको खर्चको अनुगमन गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

२४. **जोखिम न्यूनीकरण -** नेपालमा पहिलोपटक २०७६ माघमा कोभिड-१९ को कोरोना पुष्टि भए पश्चात मधेश प्रदेशले महामारीको क्षति आँकलन, संक्रमितको उपचार आवश्यक औषधि उपकरणको व्यवस्थापन आदि काम गर्नुपर्नेमा पर्याप्त रुपमा गर्न सकेको देखिएन। महामारी न्यूनीकरणका लागि क्वारेन्टिनहरू निर्माण गर्ने, कोभिड नियन्त्रण गर्ने कार्य योजनाबद्ध रुपमा नभएको र एकद्वार

प्रणालीबाट बजेट व्यवस्था नभई प्रत्येक कार्यालयले विनियोजित बजेटबाट ग्लोव, मास्क, सेनीटाइजर लगायतका सामान खरिद गरेको छ। स्थानीय तहले समेत कोभिड नियन्त्रणको लागि क्वारेन्टिन आइसोलेसन र स्वास्थ्य उपकरणका सामान खरिद गरेको देखिन्छ । एकीकृत ढंगबाट विपद् व्यवस्थापनका कार्य गरी जोखिम न्यूनिकरण गर्नुपर्दछ ।

२५. **कोभिड अस्पताल संचालन -** मणिपाल मेडिकल कलेजको मुझेलिया जनकपुरस्थित भवनमा कोभिड अस्पताल सञ्चालन गर्न विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट खर्च गर्ने गरी भवन मर्मत, मेडिकल उपकरण तथा अन्य सामग्रीहरू एक निजी कम्पनी मार्फत प्राप्त गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रु.२ करोड ५३ लाख ३३ हजार भुक्तानी गरेको छ। बोलपत्रदाताले सिलिङ पंखा, वाटर डिस्पेन्सर, हस्पिटल वेड, वेडसाईड लकर, वेडसिट, ब्लाङ्केट, म्याट्रेस, प्लास्टिक कुर्सी, काठको कुर्सीलगायत रु.१ करोड ५९ लाख ९३ हजारका सामानहरू उक्त अस्पतालमा बुझाएको तथा दाखिला गरेको प्रमाण पेस नहुँदै भुक्तानी गरेको छ । यस्तै खानेपानी व्यवस्थापन, विद्युत व्यवस्थापन, सेनिटेसन लगायतका कार्य गर्न प्रोभिजनल सममा राखेको रकमबाट रु.१९ लाख ४८ हजार भुक्तानी गरेकोमा सो रकमबाट सम्पन्न गरेको कामको बिल भरपाई र नापी विवरण पेस भएको छैन। उल्लिखित सामानहरू अस्पतालमा बुझाएको, दाखिला भएको र प्रोभिजनल समबाट सम्पन्न गरेको कामको सुनिश्चिता हुनुपर्दछ ।

२६. **अक्सिजन प्लान्ट खरिद -** कोभिड अस्पतालमा अक्सिजन प्लान्ट दुई थान खरिद गर्न एक निजी कम्पनीसँग २०७८।३।१५ मा ११ दिनमा सामान दिने गरी रु.१ करोड ४६ लाख ९० हजारको खरिद संम्झौता गरेकोमा २०७८।३।३० मा एक बैंकमा प्रतित पत्र खोली उक्त रकम खर्च लेखेको छ ।खरिद सम्झौतामा सामान प्राप्त भएपछि भुक्तानी गर्ने उल्लेख भएकोमा सामान प्राप्त नहुँदै पूरै भुक्तानी गरेको देखियो । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा सो प्लान्ट खुला आकाश मुनि प्रयोगविहिन अवस्थामा रहेको देखियो। उक्त अक्सिजन प्लान्टको उपयोग हुनुपर्दछ।

२७. **मेडिकल उपकरण खरिद -** कोभिड अस्पतालको लागि अक्सिजन भ्याकुम लगायत ३७ प्रकारका उपकरण खरिद तथा जडान कार्यको लागि एक निजी कम्पनीलाई रु.९५ लाख १२ हजार भुक्तानी गरेको छ। सो कार्यको लागि रु.१ करोड ८३ हजारको लागत अनुमान तयार गरी ५ दिनको अवधि दिई बोलपत्र माग गरेकोमा एकमात्र बोलपत्र पेस भएअनुसार २०७८।३।१४ मा रु.९८ लाख ८३ हजार (लागत अनुमान भन्दा १.९८ प्रतिशत घटी) मा खरिद सम्झौता गरेको देखियो। विशेष परिस्थिति उल्लेख गरी ५ दिनको सूचना निकालेकोमा २४ दिनपछि खरिद सम्झौता गरेको छ । यसबाट विशेष परिस्थितिको मर्म अनुरुप काम भएको देखिएन भने बोलपत्र पेस गर्ने अवधि कम दिएको कारण प्रतिस्पर्धात्मक रुपमा खरिद भएको देखिएन।

२८. **सामान दाखिला -** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको कोभिड अस्पतालको भवन सम्भार, मेडिकललगायत अन्य सामग्री तथा सेवाहरू उपलब्ध गराई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रु.४ करोड ९५ लाख ३४ हजार र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट ६२ प्रकारका रु.७ करोड ३ लाख ९८ हजारको उपकरण तथा रु.१८ लाख ४५ हजारका रेम्डिसिभिर, अक्सिजन फ्लो मिटर, मास्क सेनिटाईजर, तन्ना, पर्दा आदि सामग्री खरिद गरी उपलब्ध गराएको छ।

खरिद भएका उपकरण तथा सामग्रीहरू खरिद परिमाण तथा स्पेशिफिकेशन बमोजिम अस्पतालमा मौजुदा रहे नरहेको सम्बन्धमा सम्बन्धित प्राविधिकहरूबाट छानविन गरी यकिन गर्नुपर्दछ ।

२९. **क्वारेन्टिनमा बस्नेको अभिलेख -** प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरले क्वारेन्टिनमा बस्ने व्यक्तिको लागि खाद्यान्न, टिसर्ट, तौलिया लगायत सामग्री खरिद गरी रु १ करोड ८८ लाख ८० हजार खर्च लेखेको छ । क्वारेन्टिनमा बस्ने व्यक्तिको अभिलेख पेस नभएबाट खर्च रकम यकिन गर्न सकिएन। अभिलेख पेस गरी खर्च रकम ठिक भए नभएको यकिन हुनुपर्दछ ।

३०. **सामग्री उपयोग -** कोभिड-१९ को व्यवस्थापन गरी रोग फैलनबाट रोक्न प्रदेश तथा स्थानीय तहले क्वारेन्टिन होल्डिङ्ग सेन्टर तथा आईसोलेशन केन्द्र निर्माण गरेका छन् । क्वारेन्टिन स्थल बनाउनको लागि चाहिने निर्माण सामग्री, फर्निचर, सिरक, डसना लत्ताकपडा, खाद्यान्न लगायतमा अत्यधिक खर्च गरेको देखिन्छ। हाल क्वारेन्टिन तथा आइसोलेशन केन्द्र नरहेकोमा त्यहाँ प्रयोग भएको सामग्री उपकरणको अवस्था खुल्ने विवरण प्राप्त हुन सकेन। खरिद गरेको सामग्री दिगो उपयोग हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

३१. **प्रयोगशाला व्यवस्थापन -** यस प्रदेश मातहत जनकपुरमा रहेको एक मात्र जनस्वास्थ्य प्रयोगशालाले गौर, नारायणी, सिरहा, जलेश्वर, कलैया र मलंगवालगायत ८ स्थानबाट २०७७/७८ मा रु.१ लाख ६३ हजार जनाको स्वास्थ्य परीक्षण गरेको छ । प्रदेशमा २०७८ असार मसान्तमा होम आइसोलेसनमा १ हजार ४७० जना र संस्थागत आइसोलेसनमा २९ गरी १ हजार ४ सय ९९ जना कोभिड प्रभावित रहेको मध्ये ७३७ जनाको मृत्यु भएको देखिन्छ। प्रयोगशालाको संख्या र गुणस्तर वृद्धि गर्न प्रयोगशालामा आवश्यक पर्ने जनशक्ति र ल्यावको उचित व्यवस्थापन गर्नुपर्दछ ।

३२. **पिसिआर परीक्षण -** प्रदेशभित्र संचालित १४ सरकारी अस्पताललाई अक्सिजनलगायत औषधिका लागि रु.५ लाखका दरले रु.७० लाख र प्रादेशिक अस्पताल जनकपुरलाई कोरोना उपचारका लागि रु ८५ लाख उपचार कोषबाट पठाइएको देखिन्छ। सबै जिल्लामा निःशुल्क पि.सि.आर. परीक्षण गरेको, मणिपाल कलेजको भवनमा विशेष अस्पताल सञ्चालन गर्न संघीय सरकारबाट २५० वटा एच.डि.यू वितरण गरेको देखिन्छ । सोको खर्च र उपयोग स्थितिवारे विवरण लिई विश्लेषण भएको छैन ।

३३. **सामानको उपयोग -** प्रादेशिक अस्पताल, धनुषाले एम्बुलेन्स खरिद गर्न दिएको पेस्की रु २६ लाख फर्स्यौट नगरेको र औषधि सर्जिकल सामान उपकरण रु ३ करोड ३८ लाख २९ हजारमा खरिद गरेकोमा उपयोगको स्थिति खुलेको विवरण पेस भएन । त्यस्तै गौर अस्पताल रौतहटले रु १ करोड ८० लाखमा भेन्टिलेटर खरिद गरेकोमा जनशक्तिको अभावमा उपयोग हुन नसकेको तथा रु ९ लाख ३३ हजारमा पिपिई र सेनिटाइजर खरिद गरेकोमा मौज्दातमै रहेको छ । आवश्यकता पहिचान गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

३४. **खोप -** मधेश प्रदेशमा २०७८ असार मसान्तसम्म कोभिसिल्ड प्रथम मात्रा ३ लाख २१ हजारले लगाएकोमा ४६ हजार अर्थात १४.३३ प्रतिशतले दोश्रो मात्रा खोप लगाएको देखिन्छ । त्यस्तै भेरोसिल्ड ७३ हजारले पहिलो मात्रा लगाएकोमा ३७ हजारले अर्थात ५०.६८ प्रतिशतले मात्र दोश्रो खोप लगाएको देखिन्छ । यस प्रदेशमा २०७८ को जनगणना अनुसार कुल ६१ लाख २६ हजार जनसंख्या रहेकोमा ३ लाख ९४ हजार(६.४३ प्रतिशत) ले मात्र खोप लगाएको हुँदा रोग रोकथामको लागि थप जनसंख्यालाई खोप लगाउनुपर्दछ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १६४ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेशले प्रदेश सभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारबाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्न एवं प्रभावकारी बनाउन नेपालको संविधानको धारा १९५ बमोजिम २०७४/१०/२१ मा प्रदेश सभा सचिवालय स्थापना भएको छ । प्रदेश सभामा प्रत्यक्षबाट निर्वाचित हुने ६४, र समानुपातिकबाट निर्वाचित हुने ४३ गरी १०७ जना सभासद निर्वाचित हुने व्यवस्था रहेको छ । प्रदेश सभा कार्य सञ्चालन नियमावली २०७४ बमोजिम प्रदेश सभाको काम कारबाही, सञ्चालन र व्यवस्थापन हुँदै आएको छ ।

यो वर्ष विनियोजन रु.३७ करोड ७० लाख २ हजार, राजस्व रु.९ लाख १४ हजार, धरौटी रु.७५ लाख ८१ हजार र अन्य कारोवार रु.४ लाख ६ हजारसमेत रु.३८ करोड ५९ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

१. **कानुन, नीति र मापदण्ड -** नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारको अधिकार सूचीको उल्लेख गरेको छ । संविधान प्रदत्त उक्त अधिकारहरूको अभ्यासको लागि प्रदेश सरकारले आवश्यक कानुनहरू तर्जुमा गर्नुपर्ने हुन्छ । प्रदेशसभाले यो वर्षसम्म विभिन्न ४४ कानुन स्वीकृत गरेको, १३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेवल भएको र १२ कानुन तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सैद्धान्तिक समर्थन प्राप्त भई निर्माणको चरणमा रहेको छ ।

२. **प्रगति प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ बमोजिम संम्वन्धित कार्यालयले वार्षिक रुपमा तोकिएको कार्य सञ्चालन तथा पुँजीगत कार्यक्रमको लक्ष्यअनुसार प्रगति हासिल गर्न सके नसकेको सम्बन्धमा प्रगति प्रतिवेदन तयार गरी भौतिक र वित्तीय पक्षको विश्लेषण एवं मूल्याङ्कनसहितको विवरण तयार गर्नुपर्दछ । सचिवालयले यो वर्ष पुँजीगत तर्फ रु.४ करोड ३४ लाख ३० हजार खर्च गरेकोमा सोको प्रगति विवरण तयार गरेको छैन । नियमावली अनुसार सचिवालयले प्रगति प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्नुपर्दछ ।

३. **दरबन्दी तथा पदपूर्ति -** सचिवालयको लागि स्थायी दरबन्दी ३६ रहेकोमा यो वर्ष १८ देखि २२ जनासम्म कर्मचारी कार्यरत रहेको देखिन्छ ।स्थायी दरबन्दीमध्ये औसतमा १४ कर्मचारी रिक्त रहेको देखिन्छ । सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको २०७५/८/३ को निर्णयबाट ४९ अस्थायी दरबन्दी सिर्जना गरी पूर्ति गरेकोमध्ये हलुका सवारी चालक, कार्यालय सहयोगी, कम्प्युटर अपरेटर र स्वीपरको संख्या मात्र ३९ रहेको छ । अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीको तलव भत्तामा मात्र वार्षिक रु.१ करोड ३७ लाख २४ हजार खर्च देखिन्छ । कमर्चारी दरबन्दी निश्चित गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी व्यवस्थापन गरी सचिवालय सञ्चालन गर्नुपर्दछ ।

४. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा विनियोजन ऐन, २०७७ बमोजिम तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकेको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ । सचिवालयले कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकमा शुरु विनियोजन

रु.१ लाख २ हजार रहेकोमा सिप विकास तथा जनचेतना तालिम गोष्ठि कार्यक्रममा विनियोजित रु १ करोड ३२ लाख ७ हजार २०७८ आषाढमा रकमान्तरबाट थप गरी रु.१ करोड ३३ लाख २ हजार कायम गरेको छ । यसैगरी पुँजीगत तर्फ अन्य सार्वजनिक निर्माणबाट रु.२ करोड र गैर आवासीय भवन मर्मतबाट रु.६० लाख रकमान्तर गरी रु.६५ लाखको सवारी साधनखरिद गरेको र सवारी साधन मर्मतमा रु.२५ लाख खर्च गरेको छ ।

५. **स्वकीय सचिवको पारिश्रमिक -** महालेखा नियन्त्रक कार्यालयबाट २०७४/११/१५ मा जारी भएको बैङ्क खातामा सोझै भुक्तानी सम्बन्धी पुस्तिकामा सरकारी कार्यालयले भुक्तानी गर्दा सम्बन्धित संस्था वा व्यक्तिको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने उल्लेख छ । सचिवालयले सभामुखको निर्णय अनुसार सभामुख र उपसभामुखका सचिवालयमा कार्यरत कर्मचारी क्रमशः १० जनाको पारिश्रमिक रु.२४ लाख २९ हजार र ८ जनाको पारिश्रमिक रु.१६ लाख ४६ हजार सभामुख र उपसभामुखको बैंक खातामा पठाएको छ । सम्बन्धित कर्मचारीले पारिश्रमिक प्राप्त गरेको भरपाई पेस हुनुपर्दछ ।

६. **सल्लाहकार सुविधा -** सभामुख, उपसभामुखको सेवा सुविधा सम्बन्धी ऐन एवं प्रदेश सभाको स्वीकृत दरबन्दी समेतमा राजनैतिक सल्लाहकार, प्रेस सल्लाहकार रहने व्यवस्था छैन ।सचिवालय व्यवस्थापन तथा सञ्चालन समितिको २०७६।१०।१५ को निर्णयबाट राजनैतिक सल्लाहकारलाई रु.७ लाख ६९ हजार र प्रेस सल्लाहकारलाई रु.४ लाख ३२ हजार पारिश्रमिक भुक्तानी दिएको छ। कानुनमा व्यवस्था गरेर मात्र यसप्रकारको खर्च लेख्नुपर्दछ ।

७. **विशेषज्ञ चिकित्सक -** प्रदेश सभा, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको २०७६/१०/१५ को निर्णयबाट नवौं तहको विशेषज्ञ चिकित्सकको अस्थायी दरबन्दी सिर्जना गरी मासिक पारिश्रमिक रु ४४ हजार र सभाको बैठकको दिनमा मात्र उपस्थित भै सेवा दिनुपर्ने तथा सो दिनको थप भत्ता समेत दिने उल्लेख गरी एक चिकित्सक करारमा राखी स्वास्थ्य सेवा लिएको छ । यो वर्ष निजलाई सम्झौता अनुसार रु.५ लाख २८ हजार भुक्तानी दिएको छ । प्रदेश सभाको लागि विशेषज्ञ चिकित्सक आवश्यक परेमा प्रदेश सरकारको स्वास्थ्य सेवामा कार्यरत चिकित्सकबाट सेवा लिनुपर्दछ।

८. **अतिरिक्त सुविधा -** प्रदेश सभा पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ बमोजिम सभामुख र उपसभामुखलाई मासिक क्रमशः २७५ लिटर र २५० लिटर इन्धन (डिजेल वापत हुने रकम) को भुक्तानी गरेको छ । सोको अतिरिक्त सभामुख र उप-सभामुखले प्रयोग गर्ने सवारी साधनमा तोकिएको परिमाण भन्दा बढी इन्धन प्रयोग भएको देखिएको छ । कानुनमा उल्लेख भए बमोजिम मात्र यस्तो खर्च भुक्तानी गर्नुपर्दछ ।

९. **सामान खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने एवं नियमावली २०६४ को नियम ३१ बमोजिम रु २० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सचिवालयले यो वर्ष १५ आपूर्तकबाट रु.१ करोड ४३ लाख ८८ हजारका कार्यालय सामान, रु.११ लाख ५७ हजारको ट्रान्सफर्मर र रु.२४ लाख ३ हजारको निर्माण कार्य सोझै खरिद गरेको छ ।

सचिवालयको वार्षिकोत्सवमा व्यक्तिगत प्रयोजनका २४७ थान ट्रयाक सुट र ६६ जोर जुत्ता खरिद गरी रु.२१ लाख ३० हजार खर्च लेखेको छ । यस्तो खर्चको मापदण्ड तयार गरी प्रतिस्पर्धा एवं मितव्ययी तरिकाबाट खरिद गर्नुपर्दछ ।

१०. **बैठक भत्ता -** सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड, २०७७ मा अत्यावश्यक काम बाहेक अन्य नियमित कार्यमा बसेको बैठकको भत्ता खर्च गर्न नपाइने व्यवस्था छ । सचिवालयले विभिन्न कानुन निर्माणको अनुसांगिक तथा शुद्धाशुद्धी हेरी मिलाउने कार्य गर्न एक जना बाह्य प्रतिनिधिसमेत सचिवालयका सचिवको संयोजकत्वमा ३ सदस्यीय समिति बनाएको र ३ जना अन्य व्यक्तिलाई आमन्त्रित सदस्यमा राखी १४९ बैठकको रु.१८ लाख ५८ हजार बैठक भत्ता खर्च लेखेको छ । दोहोरो पर्ने गरी बैठक भत्ता भुक्तानी दिनु औचित्यपूर्ण देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** सचिवालयतर्फ रु.४ करोड ३१ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा २३२ तथा प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा प्रदेशभित्रको शासन व्यवस्थापनको निर्देशन, नियमन, सञ्चालन, नीति नियम तर्जुमा, अनुगमन, मूल्याङ्कन लगायतका विषयहरू समावेश छन् ।

यो वर्ष कार्यालय र मातहत ३ इकाइ समेतको विनियोजन रु.८९ करोड ८५ लाख १९ हजार, राजस्व रु.९ लाख ८ हजार, धरौटी रु.४ करोड ३२ लाख ५९ हजार र अन्य कारोवार रु.५० करोड ६३ लाख ३८ हजार समेत रु.१ अर्ब ४४ करोड ९० लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ककको कार्यालयमा विनियोजित निर्वाचन क्षेत्र विकास कार्यक्रमको खर्च रु.२ अर्ब ३४ करोड ३१ लाख ६९ हजार भौतिक पूर्वाधार विकास मन्त्रालयमा समावेश गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **कार्य क्षेत्र -** प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा व्यवस्था भएअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नीति निर्माण, अनुगमन, मूल्याकन आदि कार्यमा केन्द्रित हुनुपर्ने व्यवस्था छ ।मातहतका मन्त्रालय तथा कार्यालयहरूबाट कार्यान्वयन गर्ने प्रकृतिको कार्य सञ्चालन स्तरको विकास निर्माण कार्यहरू पोखरी सौन्दर्यीकरण, साइकल वितरण, शौचालयहरू निर्माण लगायतका कार्यक्रमहरू कार्यान्वयन गरी पुँजीगत तर्फ रु ४९ करोड ६६ लाख ९६ हजार र कार्यक्रम तर्फ रु.२९ करोड ९४ लाख ५४ हजार खर्च गरेको छ । कार्य संञ्चालन स्तरवाट गर्ने प्रकृतिका कार्यहरू समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने गरेको हुँदा कार्य विभाजन नियमावलीमा व्यवस्था भएबमोजिम नीति निर्माण, नियमन एवं अनुगमन कार्यमा केन्द्रित हुनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले चालुतर्फ कार्यक्रम बजेट रु ७८ करोड १५ लाख ९८ हजार र पुँजीगत तर्फ सार्वजनिक निर्माण लगायत ९२ वटा क्रियाकलापको लागि रु.८६ करोड ३४ लाख २ हजार विनियोजन भएकोमा पुँजीगत तर्फ रु.४९ करोड ६७ लाख र कार्यक्रम तर्फ रु.२९ करोड ९४ लाख ५४ हजार खर्च गरेको छ। उल्लिखित कार्य सम्पादन गर्न कार्यालयमा प्राविधिक कर्मचारीको दरबन्दी नरहेकोमा जलस्रोत तथा सिँचाइ विकास डिभिजन, जनकपुरका कार्यालय प्रमुख मार्फत डिजाईन, लागत अनुमान, डिपिआर तयार गर्ने, बोलपत्र कागजात तयार, स्पेशिफिकेशन तयार गर्ने, खरिद प्रकृयाका कार्यहरू गर्ने, प्राविधिक कामको मूल्याङ्कन गर्ने लगायतका कार्य गराएको र इन्जिनियर ३ र सव इन्जिनियर ५ लाई ज्यालादारीमा काम गराएको छ।

यस्तै कार्यालयमा राजपंत्राकित तृतिय श्रेणीको लेखा समूहका कर्मचारीको दरबन्दी रहेकोमा राजपत्र अनंकित द्वितिय श्रेणीको सहलेखापालबाट आर्थिक प्रशासन शाखा प्रमुखको काम गराएको छ। कामको प्रकृतिअनुसार आवश्यक संख्यामा प्राविधिक जनशक्तिको व्यवस्था नगरी ज्यालादारी तथा अन्य कार्यालयका कर्मचारीबाट काम गराएकोले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको कारण खरिद

प्रकृया मितव्ययी र चुस्तदुरुस्त हुन नसकेको तथा निर्माण कार्यको गुणस्तरमा समेत असर परेको छ। यस तर्फ सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(१) मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधि संञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा गुरु योजना र नियम ८ मा वार्षिक रु.१० लाख भन्दा बढीको खरिदमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पोखरी सौन्दर्यीकरण लगायतका बहुवर्षिय अवधारणाका योजना कार्यान्वयन गर्न खरिद संम्झौता गरेको, यो वर्ष पुँजीगततर्फ मात्र रु.८६ करोड ३४ लाखको वार्षिक बजेट प्राप्त गरेको अवस्थामा खरिद गुरुयोजना एवं वार्षिक खरिद योजना तयार गरेको देखिएन। खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **ठेक्का फाईल पेस नभएको -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३४ मा अन्तिम लेखापरीक्षणको लागि लेखा तथा विवरण पेस गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ। कार्यालयले मुख्यमन्त्री वेटी पढाउ वेटी बचाउ अभियान अन्तर्गत विद्यालयस्तरका छात्राहरूलाई साईकल खरिद गरी वितरण गर्ने कार्यक्रमको लागि रु.१५ करोड १ लाखको साईकल खरिद गरी खर्च लेखेको छ। उक्त खर्चको सक्कल स्रेस्ताहरू अनुसन्धानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको उल्लेख गरी लेखापरीक्षणमा पेस भएन। साईकल खरिद सम्बन्धी सक्कल स्रेस्ता कागजात पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

५. **कोभिड अस्पताल स्थापना खर्च -** मणिपाल मेडिकल कलेजको जनकपुरस्थित मुझेलियामा रहेको भवनमा कोभिड अस्पताल स्थापना गर्न विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट खर्च गर्ने गरी भवन मर्मत, मेडिकल उपकरण तथा अन्य सामग्रीहरू आपूर्ति गर्न एक निजी कम्पनीको रु.२ करोड ५७ लाख ३७ हजारको बोलपत्र स्वीकृत गरी रु.२ करोड ५३ लाख ३३ हजार भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेस्की खरिद सम्झौता उल्लेख भए बमोजिम रनिङ विलवाट कट्टा गर्नुपर्ने व्यवस्था छ । मोविलाईजेशन पेस्की रु.२८ लाख ३९ हजार कट्टा गरी बाँकी रकम भुक्तानी हुनुपर्नेमा पेस्की कट्टा नगरी भुक्तानी भएको र पेस्कीको बैंक जमानतको म्याद समेत समाप्त भैसकेको छ । पेस्की कट्टा नगरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

५.२. खानेपानी व्यवस्थापन, विद्युत व्यवस्थापन, सेनिटेसन लगायतका कार्य गर्न बिल अफ क्वान्टिटीको प्रोभिजनल सममा रहेको रु. २० लाखबाट रु.१९ लाख ४८ हजार भुक्तानी गरेकोमा सम्पन्न गरेको कामको विवरण नखुलेको, कार्यालयबाट पूर्व स्वीकृति नलिएको, खर्चको बिल भरपाई र नापी विवरण पेस नभएकोले उक्त रकमबाट कुनै काम भएको देखिएन । सो रकम असुल हुनुपर्दछ ।

५.३. सम्झौता अनुसार सिलिङ पंखा, वाटर डिस्पेन्सर, हस्पिटल वेड, वेडसाईड लकर, वेडसिट, ब्लाङ्केट, म्याट्रेस, प्लास्टिक कुर्सी, काठको कुर्सी लगायत रु.१ करोड ५९ लाख ९३ हजारका सामानहरू उक्त अस्पतालमा वुझाएको तथा दाखिला गरेको प्रमाण पेस नहुँदै भुक्तानी गरेको छ । ती

सामानहरू अस्पतालमा बुझाएको, दाखिला भएको र स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भएको सुनिश्चित हुनुपर्दछ ।

६. **अक्सिजन प्लान्ट खरिद र प्रयोग -** कोभिड अस्पतालमा अक्सिजन प्लान्ट दुई थान खरिद गर्न एक निजी कम्पनीसँग २०७८।३।१५ मा ११ दिनमा सामान दिने गरी रु.१ करोड ४६ लाख ९० हजारको खरिद संम्झौता गरी २०७८।३।३० मा जनकपुरस्थित एक बैंकमा प्रतितपत्र खोली पूरै रकम भुक्तानी दिएको छ ।खरिद सम्झौतामा सामान प्राप्त भएपछि भुक्तानी गर्ने उल्लेख भएकोमा प्रतितपत्र मार्फत पेस्कीसमेत कायम नगरी भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा सो प्लान्ट खुला आकाश मुनी प्रयोगविहीन अवस्थामा रहेको देखियो। उक्त अक्सिजन प्लान्टको उपयोग हुनुपर्दछ।

७. **मेडिकल उपकरण खरिद -** कोभिड अस्पतालको लागि अक्सिजन भ्याकुमलगायत ३७ प्रकारका उपकरण खरिद तथा जडान कार्यको लागि एक निजी कम्पनीलाई रु ९५ लाख १२ हजार भुक्तानी गरेको छ। सो कार्यको लागि रु.१ करोड ८३ हजारको लागत अनुमान तयार गरी विशेष परिस्थितिमा खरिद गर्नुपरेको कारण जनाई २०७८।२।१७ मा ५ दिनको सूचना प्रकाशित गरेकोमा एकमात्र बोलपत्र पेस भए अनुसार २०७८।३।१४ मा रु.९८ लाख ८३ हजार (लागत अनुमान भन्दा १.९८ प्रतिशत घटी) मा खरिद सम्झौता गरेको छ । विशेष परिस्थिति उल्लेख गरी ५ दिनको सूचना प्रकाशित गरेकोमा बोलपत्र मूल्याङ्कन गरी सम्झौता गर्न २४ दिन लगाएको छ । यसबाट विशेष परिस्थितिको मर्म अनुरुप काम भएको देखिएन भने बोलपत्र पेस गर्ने अवधि कम दिएको कारण प्रतिस्पर्धात्मक रुपमा खरिद भएको देखिएन।

८. **विपद् व्यवस्थापन खर्च -** नेपाल सरकार अर्थ मन्त्रालयको २०७८।१।२९ को पत्र अनुसार विपद् व्यवस्थापन कार्यक्रमबाट फोहोर व्यवस्थापन गर्न रु.८ करोड विशेष अनुदान उपलब्ध गराएको छ । उक्त विशेष अनुदानबाट खानेपानी शुद्ध गर्ने फिल्टर ४८१ वटा र डस्टविन १ हजार १३७ वटा खरिद गर्न रु.५ करोड ६५ लाख २९ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा एक नीजी कम्पनीको रु.३ करोड २६ लाख ६० हजारको बोलपत्र स्वीकृत गरेको छ ।ती सामानहरू प्रयोग गर्ने स्थान र कार्यालय खुलाएको छैन। आपूर्तकले १०० वटा फिल्टर सप्लाई गरी रु.२६ लाख ८७ हजार भुक्तानी प्राप्त गरेको छ। खरिद भएका फिल्टरहरू मधेश प्रदेश अन्तर्गत विभिन्न जिल्लाका सरकारी कार्यालयहरूमा वितरण गरेको उल्लेख भएकोमा सम्बन्धित कार्यालयको जिन्सीमा आम्दानी गरेको प्रमाण पेस भएन ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस प्रकारको कार्य गरेको स्वाभाविक र औचित्यपूर्ण देखिएन ।

९. **सामान दाखिला** - मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको कोभिड अस्पतालको लागि भवन मर्मत संम्भार, मेडिकल उपकरणहरू, अन्य सामग्री तथा सेवाहरू उपलब्ध गराई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रु.४ करोड ९५ लाख ३४ हजार र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट ६२ प्रकारका रु.७ करोड ३ लाख ९८ हजारको उपकरण तथा रु.१८ लाख ४५ हजारका रेम्डिसिभिर, अक्सिजन फ्लो मिटर, मास्क सेनिटाईजर, वेडसिट, पर्दा लगायतका सामग्री खरिद गरी हस्तान्तरण गरेको छ। दुवै निकायबाट उपलब्ध गराएका सामग्रीहरू प्रतिष्ठानको जिन्खी

खातामा आम्दानी गरेको देखिएन । खरिद भएका सामानहरू स्पेशिफिकेशन बमोजिम अस्पतालमा मौजुदा रहे नरहेको सम्बन्धमा यकिन गरी सम्पत्ति उपयोगको सुनिश्चितता हुनुपर्दछ ।

१०. **क्षेत्राधिकार बाहिरको खर्च -** नेपालको संविधान, २०७२ को अनुसूची ६ मा प्रदेशको अधिकार सूचीको उल्लेख छ। प्रदेश सरकारले सो सूचीमा उल्लिखित विषयहरूको कार्यान्वयन गर्न खर्च गर्नुपर्दछ । त्यस कार्यालयले संघीय सरकारका निम्न कार्यालयको लागि रु ३ करोड १९ लाख २८ हजार खर्च गरेको देखियो।

क्र.सं.	खर्चको विषय	रकम (रु. हजारमा)
१	जनकपुर उच्च अदातलतमा शौचालय तथा कम्पाउण्ड वाल लगायत निर्माण कार्य	२११२
२	जिल्ला प्रशासन कार्यालय सिरहामा विभिन्न निर्माण कार्य	२३९५
३	शसस्त्र प्रहरी बल जनकपुरमा विभिन्न निर्माण कार्य	१८५७
४	नेपाली सेनाको २८ नं बाहिनी अड्डामा पार्क निर्माण	१६३६५
५	नेपाली सेनाको महोत्तरी वर्दिवास स्थित व्यारेक पार्क निर्माण	८००
६	जिल्ला प्रहरी कार्यालय पर्सामा भवन निर्माण	९८९
	जम्मा	**३१९२८**

यसरी प्रदेशको क्षेत्राधिकार बाहिरका संघीय कार्यालयको लागि खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ।

११. **पोखरी सौन्दर्यीकरण तथा जग्गा संरक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४९ बमोजिम प्रत्येक कार्यालयले आफ्नो जिम्मा रहेको सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था छ । मधेश प्रदेश सरकारले प्रदेशभित्रका सार्वजनिक पोखरीहरूको सौन्दर्यीकरण गर्न खर्च गरेकोमा पोखरीको नापनक्सा बमोजिमको क्षेत्रफल यकिन गरेको देखिएन । पर्सा जिल्लाका नगवा, मुरली, लक्ष्मणवा, निचुटा समेत ४ पोखरीको सौन्दर्यीकरण कार्यको लागि रु.२३ करोड ९० लाख ११ हजारको खरिद सम्झौता गरी निर्माण व्यवसायीलाई रु.१६ करोड ८ लाख ३० हजार भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको लेखापरीक्षणको क्रममा अवलोकन गरिएकोमा पोखरीहरूको पुरानो स्वरुपको अधिकांश भाग बाहिरबाट माटो ल्याई पुरेको, कंक्रिट संरचना निर्माण गरेकोमा ठाउँठाउँमा भत्केको, गुणस्तरयुक्त काम नभएको, तत्काल माटो फिलिङ गरेको स्थानमा कंक्रिट संरचना निर्माण गरेको, डिपिआरलाई वेवास्ता गरी काम गराएको, पोखरीको डिलमा पिलर समेत नराखी भवन निर्माण गरेको, सोलार लाईट जडानको भुक्तानी भएकोमा सबै स्थानमा लाईट जडान नगरेको, २ वटा पोखरीको काम अधुरो अवस्थामा रोकिएको स्थिति देखिएको छ। सौन्दर्यीकरण कार्य गरेका सबै पोखरीको जग्गाको क्षेत्रफल यकिन हुनुपर्दछ । साथै प्राविधिकबाट पोखरी निर्माण कार्यको गुणस्तर यकिन गरी गराई देखिएका त्रुटि सम्बन्धमा आवश्यक कारवाही गरी पोखरीको उचित संरक्षण गर्नुपर्दछ ।

१२. **बोलपत्र स्वीकृत र रद्द -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) मा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको कबोल अंक लागत अनुमानभन्दा सारभूत रुपमा बढी भएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने र दफा २७(१) मा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने व्यवस्था छ। वर्दिबास स्थित नेपाली सेनाको कम्पाउण्ड भित्र रामजानकी उद्यान निर्माण गर्न विद्युतीय माध्यमबाट बोलपत्र माग गरेकोमा एकमात्र बोलपत्र दर्ता भए अनुसार रु ४ करोड ७५ लाख ८४

हजारको बोलपत्र स्वीकृत गरी निर्माण व्यवसायीलाई मोविलाईजेशन पेस्की रु.८० लाख उपलब्ध गराएको छ । उक्त निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणालीमा अपलोड गरेको लागत अनुमान अंक रु.३ करोड ९३ लाख ३८ हजार रहेकोमा २०.९६ प्रतिशतले बढीको बोलपत्र स्वीकृत गरेको छ। उक्त सम्झौता सो ऐनको दफा ५९(४) बमोजिम सुविस्ताको आधारमा रद्द गरी २०७८/९/२८ मा निर्माण व्यवसायीलाई जानकारी गराएकोले पेस्की रु ८० लाख असुल हुनुपर्दछ ।

१३. **सफ्टवेयरको उपयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ । कार्यालयले आयोजना व्यवस्थापन, अफिस अटोमेसन लगायतका ६ प्रकारका सफ्टवेयर खरिद गरी रु.६६ लाख १८ हजार खर्च लेखेको छ । ती सफ्टवेयरहरू उपयोगमा रहेको देखिएन। सफ्टवेयर निर्मातालेे कार्यालयमा सफ्टवेयरहरू जिम्मा लगाएको एक वर्षसम्म सुधार तथा मर्मत सेवा उपलब्ध गराउने उल्लेख भएकोमा सफ्टवेयरहरू प्रयोगमा नल्याएकोले मर्मत सुधार अवधिसमेत समाप्त हुने देखियो। सफ्टवेयर खरिद गरेपछि लागु हुनसक्ने, नसक्नेतर्फ खरिद गर्नु पूर्व विश्लेषण गर्नुपर्ने, उपलब्ध जनशक्तिको क्षमता, सफ्टवेयरको आवश्यकता विश्लेषण नगरी खर्च गरेकोले उपयोगविहीन रहेको छ । खरिद भएका सफ्टवेयरहरू उपयोगमा ल्याउनुपर्दछ ।

१४. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ। सो अनुसार कुनै पनि वस्तु वा सेवा खरिद पश्चात उपयोग हुने नहुने अवस्थाको विश्लेषण गरी खरिद आवश्यकताको पहिचान गर्नुपर्दछ। यो वर्ष कार्यालयले पुँजीगत तर्फको सरसफाइ संरचना निर्माण शीर्षकबाट रु.६८ लाख ९६ हजार र पुँजीगत अनुसन्धान तथा परामर्श शीर्षकबाट रु.२ करोड १६ लाख ९ हजारसमेत रु.२ करोड ८५ लाख ५ हजार खर्च गरी ३२ वटा योजना तथा कामको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखियो। ती प्रतिवेदनहरू कार्यालयको जिन्सी खातामा अभिलेख राखेको छैन । ती आयोजनाहरू कार्यान्वयन गर्ने गरी कार्यक्रम स्वीकृत नभएको र बजेट सुनिश्चिता नभएकोले प्राप्त भएका प्रतिवेदनहरू कार्यान्वयन हुने स्थिति देखिएन। कार्यान्वयन हुन नसक्ने डिपिआर तयार गरी खर्च गरेको नियमित देखिएन। प्रतिवेदनहरू कार्यान्वयन हुनुपर्दछ ।

यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।साथै नियमावली, २०६४ को नियम ३(क) तथा ७(१)(ग) मा अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिने व्यवस्था छ। ती ३२ योजनाको डिपिआर तयार गर्न उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्न सकिनेमा पाँच लाख भन्दा घटीको ३१ टुक्रा बनाई सोझै खरिद गरेको छ । मधेश प्रदेशको पर्यटन प्रवर्धन गर्न प्रदेशभित्रका पर्यटकीय स्थल भ्रमण गर्ने एकीकृत कार्यक्रम अन्तर्गत नेपालको आँखी झ्याल नामको पर्यटन सम्बन्धी कार्यक्रमको सम्भाव्यता अध्ययन गर्न रु.२ करोड २५ लाख बजेट व्यवस्था भएकोमा बिस लाख रुपैया घटीका ७ वटा प्याकेज बनाई सोझै खरिद गरी रु.१ करोड ३९ लाख ४९ हजार परामर्शदाताहरूलाई भुक्तानी दिएको छ। खरिद ऐन नियमको व्यवस्थाअनुसार प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी एउटै कामलाई टुक्रा टुक्रा बनाई सोझै खरिद गरेको कानुन सम्मत देखिएन।

१५. **कार्यक्रम संशोधन वेगर खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(१)मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट र कार्यक्रमको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था रहेको र कुनै कार्यक्रमको बजेट अन्य कार्यक्रममा खर्च गर्नुपर्ने भएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ बमोजिम कार्यक्रम संशोधन गर्नुपर्ने व्यवस्था छ । वार्षिक कार्यक्रममा ३४ वटा योजनाहरूको डिपीआर तयार गर्न रु.३ करोड ४० लाख विनियोजन भएकोमा १६ योजनाको डिपीआर तयार गरी बाँकी रहेको रकमबाट कार्यक्रम संशोधन तथा स्वीकृति बेगर अन्य ८ योजनामा मठमन्दिर मर्मत, सडक ग्राभेल, कम्पाउण्ड वाल निर्माण जस्ता कार्यमा रु.३ करोड ४ लाख ५९ हजार खर्च लेखेको छ ।यस्तै धनगढीमाई पोखरी सौन्दर्यकरणको बजेटबाट जिल्ला प्रशासन कार्यालय, सिरहामा मर्मत कार्य र अन्य मन्दिरहरूको मर्मत कार्यमा रु.६२ लाख ७३ हजार, इनार निर्माण कार्यको बजेटबाट विभिन्न मठ मन्दिर मर्मत कार्यमा रु.१८ लाख ७४ हजार, छात्रा शौचालय निर्माण कार्यक्रमको बजेटबाट अन्य योजनाको मर्मतलगायत कार्यमा रु ४६ लाख ६६ हजार, डेवडिया भोइल पोखरीको बजेटबाट अन्य पोखरी मर्मत कार्यमा रु.२७ लाख ५२ हजार र शहरी शौचालय निर्माणको बजेटबाट आवास मर्मतमा रु.१८ लाख ७४ हजार खर्च लेखेको छ ।यसरी एउटा कार्यक्रममा विनियोजित बजेटबाट कार्यक्रम स्वीकृत तथा संशोधन बेगर अन्य योजना तथा कार्यमा खर्च गर्ने परीपाटिमा नियन्त्रण हुनुपर्दछ ।

१६. **गैर सरकारी संस्थालाई भुक्तानी -** एक गैरसरकारी संस्थाले सञ्चालन गरेको विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रलाई महोत्तरी जिल्लाको वर्दिवास नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा कम्पाउण्ड वाल निर्माण वापत सोही संस्थाका पदाधिकारीहरू संलग्न भई गठन भएको समितिलाई रु.७१ लाख १३ हजार भुक्तानी दिएको छ । उक्त जग्गाको स्वामित्व खुल्ने कागजात पेस भएको छैन । सार्वजनिक जग्गा भोगचलन गर्ने अधिकार प्राप्त गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय पेस भएन । जग्गाको स्वामित्व तथा भुक्तानी सम्बन्धमा थप प्रमाण खोजविन गरी यकिन गर्नुपर्दछ ।

१७. **कार्य सम्पन्न नहुँदै भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि अन्तिम बिलको भुक्तानी दिने व्यवस्था छ । बारा जिल्लाको जितपुर स्थित नेपाली सेनाको वाहिनी अड्डाको हाताभित्र एकीकृत स्मृति उद्यान (पार्क) निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ६५ लाख ६४ हजारको सम्झौता गरी उक्त सबै रकम भुक्तानी गरेको छ । उक्त कार्य त्यस कार्यालयको क्षेत्राधिकार बाहिरको रहेको देखिन्छ ।लागत अनुमान तयार गर्नेदेखि खरिद सम्झौता, नापजाँच, मूल्यांङ्कन सम्मको सम्पूर्ण काम वाहिनी अड्डाबाटै सम्पादन गरी भुक्तानीको लागि मात्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको छ ।उक्त वाहिनीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खरिद प्रकृयाको लागि अख्तियारी दिएको देखिएन ।

उक्त वाहिनीले भुक्तानी माग गरेको पत्र तथा टिप्पणी आदेशमा यो आर्थिक वर्षको अन्तसम्ममा निर्माण कार्य पूरा हुने सम्भावना नरहेतापनि कार्य सम्पन्न भएपछि निर्माण व्यवसायीलाई भुक्तानी दिने व्यहोरा उल्लेख गरी भुक्तानी माग गरेको देखिन्छ । यसरी कार्य सम्पन्न नहुँदै नापी किताब र रनिङ बिल तयार गरी भुक्तानी माग गरे अनुसार निर्माण व्यवसायीलाई भुक्तानी दिएको

छ। यस सम्बन्धमा आवश्यक प्रमाण पेस गर्नुपर्ने तथा कार्यसम्पन्न भए नभएको सुनिश्चित हुनुपर्दछ । साथै क्षेत्राधिकार बाहिरको काममा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

१८. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्णय व्यवसायीको ढिलाईका कारण सम्झौता अवधिमा कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले अधिकतम १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ। निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेको कामको पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्ने देखिएका व्यहोरा निम्न छन्:

१८.१. सप्तरी जिल्लास्थित ईदगाहा जिर्णोद्धार तथा संरक्षण गर्न एक निर्माण व्यवसायीसँग २०७६।३।३० मा १ वर्ष अवधि रहने गरी रु.६२ लाख २८ हजारको खरिद सम्झौता गरेकोमा २०७८।३।२० मा दोस्रो रनिङ बिलको रु.२३ लाख २० हजार भुक्तानी गरेको छ । निजले २०७७।३।३० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा नगरेको र म्याद थप समेत नभएकोले सम्झौता रकमको १० प्रतिशतले हुने रु.५ लाख ५१ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

१८.२. कार्यालयले इशारा पोखरी, आनन्द पोखरी र पुरनी पोखरी सौदर्यीकरण सम्बन्धी ३ वटा ठेक्काका निर्माण व्यवसायीले सम्झौता अवधिमा कार्य सम्पन्न नगरेको र म्याद समेत थप नभएको अवस्थामा रनिङ विलको भुक्तानी गरेकोले सम्झौता रकम रु.७ करोड ४२ लाखको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.७४ लाख २० हजार असुल गर्नुपर्ने देखिएको छ ।

१८.३. कार्यालयले चौरीदास पोखरी सौन्दर्यीकरणको लागि एक निर्माण व्यवसायीसँग रु.७ करोड ८४ लाख ७ हजारको सम्झौताको म्याद थप गरी २०७७/१०/९ सम्म कायम गरेकोमा उक्त म्याद भित्र कार्य सम्पन्न नगरेको र म्याद थप समेत नभएकोले २०७८/३/३१ सम्म १७२ दिनको क्षतिपूर्ति रु.६७ लाख ४३ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

१८.४. कार्यालयले यादवटोल पोखरी सौन्दर्यकरणको लागि एक निर्माण व्यवसायीसँग रु.६ करोड ७९ लाख ७७ हजारको सम्झौता गरेकोमा २०७८/२/१८ सम्म म्याद थप कायम गरेकोमा उक्त म्याद भित्र कार्य सम्पन्न नगरेको र तत्पश्चात म्याद थप समेत नभएकोले २०७८/३/३१ सम्म ४३ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.१४ लाख ६२ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

१८.५. कार्यालयले प्राथमिक तथा माध्यमिक विद्यालय छात्राहरूको लागि शौचालय निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१६ करोड ९२ लाखको सम्झौता भएकोमा ठेक्काको म्याद समाप्त भएको र पहिलो पटक छ महिना म्याद थप गरी २०७७/६/४ सम्म म्याद रहेकोमा काम सम्पन्न भएको छैन। ठेक्का अवधि समाप्त भएको र म्याद समेत थप नभएकोमा यो वर्ष नवौ रनिङ्ग बिलको रु.३ करोड ५५ लाख २२ हजार भुक्तानी गरेको छ। म्याद थप नभएको र समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीबाट नियमानुसार लाग्ने रु.१ करोड ६९ लाख २० हजार पूर्व निर्धारित क्षतिपुर्ति असुल गरी कार्यसम्पन्न गराउनुपर्दछ ।

१८.६. सुकदेवसार पोखरी सौन्दर्यीकरण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ६८ लाख ९१ हजारको ठेक्का सम्झौता भएकोमा सम्झौता अनुसार २०७७/९/१३ सम्ममा काम सम्पन्न गर्नुपर्नेमा हालसम्म काम सम्पन्न नभएको र म्यादसमेत थप नभएको अवस्थामा २०७८/१/२० मा पहिलो रनिङ्ग बिलको रु.७९ लाख ७९ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न

नगरेकोले २०७८/३/३१ सम्म १९८ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.१६ लाख ४२ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

१९. **मार्बलको भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकेकको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन जारी गर्नुपर्ने भएमा प्राविधिक पुष्टाईसहित भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ। जनकपुर स्थित रामजानकी मन्दिर सौन्दर्यीकरण अर्न्तगत मर्मत सम्भार कार्य एक वर्षमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५।८।१७ मा रु.६ करोड ७५ लाख ४६ हजारको खरिद सम्झौता गरेकोमा सम्झौताको म्याद २०७८ पौष मसान्तसम्म थप गरेको छ । यो वर्ष निर्माण व्यवसायीलाई तेस्रो बिलको रु.१ करोड ४० लाख ३५ हजार समेत हालसम्म रु.४ करोड ३१ लाख १४ हजार भुक्तानी गरेको छ। मन्दिर प्रांगणमा विभिन्न रंगका मार्बलहरू विच्छाउने गरी खरिद सम्झौता भएकोमा पूरातत्व विभागको सुझाव अनुसार रंगिन मार्बलको सट्टा सेतो मार्बल मात्र विच्छाउने गरी भेरिएसन स्वीकृत गर्न मुख्यमन्त्रीबाट २०७५।१२।२७ मा सैद्धान्तिक निर्णय भएतापनि विधिवत रुपमा भेरिएसन स्वीकृत गरेको पाईएन। खरिद सम्झौतामा प्रति वर्ग मिटर रंगिन मार्बलको रु.४ हजार र सेतो मार्बलको रु.५ हजार ३०० रहेको छ। सुरु सम्झौतामा सेतो मार्बलको परिमाण १९४५.०८ वर्ग मिटर रहेकोमा तेस्रो बिलसम्म ६ हजार ५७६ वर्ग मिटरको प्रति वर्ग मिटर रु.५ हजार ३०० ले रु.३ करोड ४८ लाख ५७ हजार भुक्तानी भएकोले रंगिन मार्बलको मूल्य घटाई गणना गर्दा सम्झौता भन्दा रु.६० लाख २१ हजार बढी भुक्तानी भएको छ। तेस्रो बिलसम्म सेतो मार्बलको मात्र भुक्तानी गरेकोमा आंशिक रुपमा रंगिन मार्बल विच्छाएको र मार्वलहरू ठाउँठाउँमा चर्किएको देखिँदा मार्बलको गुणस्तर र रंग सम्बन्धमा प्राविधिकबाट यकिन गरी सम्झौता अनुसारको कार्य सम्पन्न गर्नुपर्दछ ।

२०. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) तथा अनुसूची १ मा लागत अनुमानको ४ प्रतिशत रकम कन्टिन्जेन्सी वापत थप गर्ने र कन्टेन्जेन्सी खर्च गर्ने सम्बन्धमा कार्यविधि स्वीकृत गराउनुपर्ने उल्लेख छ। कार्यालयले सार्वजनिक निर्माण शीर्षकबाट कन्टिन्जेन्सी वापत पारिश्रमिक, सुचना प्रकाशन लगायतका प्रशासनिक कार्यमा रु.८४ लाख ४२ हजार खर्च लेखेको छ । कन्टिन्जेन्सीबाट खर्च गर्ने सम्बन्धमा कार्यालयले कार्यविधि स्वीकृत गरेको पाईएन। कार्यविधि स्वीकृत गरी खर्च गर्नुपर्दछ ।

२१. **खर्चको उपादेयता** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले कामको आधारमा आवश्यक पर्ने सेवा, मालसामान, निर्माण कार्यको विवरण तयार गर्नुपर्ने उल्लेख भएकोले सार्वजनिक निकायले आफ्नो आवश्यकता, प्रयोग वा उपयोग गर्न सक्ने क्षमता आदिको विश्लेषण गरी आवश्यकता निर्धारण गर्नुपर्दछ । कार्यालयले बैठक भत्ता र खाजामा रु.५२ लाख ६५ हजार खर्च गरी विधेयक १, नियमावली २, कार्यविधि १, नीति १, रणनीति २, कोभिड १९ ले प्रदेशमा रोजगारीमा परेको असर सम्बन्धमा अध्ययन प्रतिवेदन र प्रदेश सरकारको संगठन तथा व्यवस्थापनसमेत गरी प्रतिवेदनहरू तयार गरेको छ । तयार भएको प्रतिवेदनहरूलाई कानुनी रुप दिई कार्यान्वयन गरेको देखिएन । प्रतिवेदनहरू तयार गर्नुको औचित्य स्थापित गरी कार्यान्वयन गर्नुपर्दछ।

२२. **बैठक भत्ता -** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को बुँदा नं १४ (३) मा प्रचलित कानुन तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकको लागि मात्र बैठक भत्ता दिने व्यवस्था रहेको र बुँदा नं १४ (२) मा एउटै निकाय वा अन्तर्गतका पदाधिकारी वा कर्मचारी मात्र बस्ने बैठकमा बैठक भत्ता प्रदान नगरिने उल्लेख छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा जारी कानुन मस्यौदा तथा परिमार्जन समितिको मापदण्ड, २०७६ मा ऐन, नियम, नीति कार्यविधि, निर्देशिका आदिको मस्यौदा तयार गर्न बसेको १ बैठकले कम्तिमा २ पृष्ठको मस्यौदा तयार गर्नुपर्ने र मस्यौदा जतिसुकै बढी पृष्ठको भएपनि १० भन्दा बढी बैठक राख्न नपाइने उल्लेख छ । मुख्यमन्त्रीको २०७७।९।३ को निर्णयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिका आदिको मस्यौदा तयार गर्न प्रमुख सचिवको संयोजत्वमा ७ सदस्यीय कार्यदल गठन भएको र कार्यदलको बैठकमा विषय विज्ञलाई आमन्त्रित गर्न सकिने उल्लेख छ ।

उक्त कार्यदलको बैठकमा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रित गर्नुपर्नेमा सोही कार्यालय र अन्य कार्यालयका अधिकृत तथा सहायक कर्मचारीलाई आमन्त्रित गरेको छ । कार्यदलको २०३ वटा बैठक वसि बैठक भत्ता रु.४१ लाख ८८ हजार खर्च लेखेको मध्ये आमन्त्रितको लागि मात्र रु.१९ लाख २० हजार भुक्तानी गरेको छ । ऐन, कानुन, कार्यविधि समेत ७ वटा मस्यौदा तयार गर्न कार्यदलको १० देखि ५१ वटा सम्म बैठक बसेको देखियो । मापदण्ड भन्दा बढी बसेको बैठक भत्ता तथा सम्बन्धित विषयका विज्ञ बाहेकका व्यक्तिलाई भुक्तानी दिएको भत्ता असुल गर्नुपर्दछ ।

२३. **अनावश्यक कर्मचारी** - मुख्यमन्त्री स्वच्छता अभियान कार्यान्वयन गर्न कार्यक्रम बजेटबाट ११ जनालाई करारमा राखी रु.३८ लाख २४ हजार, वेटी पढाउ बेटी बचाउ कार्यक्रमको लागि ६ जनालाई करारमा राखी रु.२१ लाख ६७ हजार र पुँजीगत तर्फको कन्टिन्जेन्सीबाट ३२ जना सुपरभाइजर राखी रु.३९ लाख ३६ हजारसमेत रु.९८ लाख ९४ हजार पारिश्रमिक भुक्तानी भएको छ । निजहरूको कार्य विभाजन र कार्यसम्पादन गरेको पुष्टि हुने आधार प्रमाण देखिदैन। कार्यक्रम र योजनाको बजेटबाट कर्मचारी करार तथा ज्यालादारीमा राखी खर्च गरेको उपयुक्त देखिएन। ती कर्मचारीलाई दिएको कामको जिम्मेवारी, कार्यालयमा उपस्थिति, सम्पादन गरेको कामको विवरण र उपलब्धी सहितको प्रमाण पेस गरी खर्चको औचित्य पुष्टि हुनुपर्दछ।

२४. **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा बोलपत्र स्वीकृत भई सम्झौता गर्नु पूर्व कबोल रकमको ५ प्रतिशत कार्यसम्पादन जमानत राख्नुपर्ने, लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा घटी कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुने रकम र कबोल अंकको ५ प्रतिशत रकम समेत कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा खरिद सम्झौतामा रु ७७ लाख ८८ हजार घटी कार्य सम्पादन जमानत लिई खरिद सम्झौता गरेकोले थप कार्यसम्पादन जमानत लिनुपर्दछ।

२५. **अनावश्यक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा उचित प्रतिफल प्राप्त गर्ने गरी मितव्ययी तरीकाले खर्च गर्ने व्यवस्था छ । पोखरी सौन्दर्यीकरण सम्बन्धी ४ वटा पोखरी शिलन्यास तथा साइकल वितरण कार्यक्रमको सुरुवात गर्न आयोजित

कार्यक्रममा १ हजार देखि १ हजार ५०० सम्म व्यक्तिलाई खाना खाजा खुवाएको रु २० लाख ६४ हजार खर्च गरेको छ । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२६. **वोलपत्र कागजातको मूल्याङ्कन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)(क) मा बोलपत्रदाताले आचरण विपरीत काम गरेकोमा कालोसूचीमा राख्ने व्यवस्था रहेको र दफा ६२(१)(ख) मा तथ्य बङ्गयाई झुक्याई बोलपत्र पेस गर्न नहुने व्यवस्था छ ।लक्ष्मीसागर पोखरी सौन्दर्यीकरण कार्यको लागि रु.१२ करोड ७१ लाख ९५ हजारको लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा एक निर्माण व्यवसायीले निर्माण कार्यको कार्य अनुभव सम्बन्धी नक्कली कागजात पेस गरेको कारण जनाई निजको बोलपत्र अयोग्य घोषित गरी अर्को निर्माण व्यवसायीको रु.८ करोड ८४ लाख ५५ हजारको बोलपत्र स्वीकृत गरेको छ । कार्यालयले नक्कली कार्यअनुभव पेस गर्ने बोलपत्रदाताको विडवण्ड जफत गरी कालो सूचीमा राख्ने लगायतका कुनै पनि कारबाही गरेको देखिएन । कार्यालयले उक्त निर्माण व्यवसायीलाई कानुन बमोजिम कारबाही गर्नुपर्दछ ।

२७. **राहतकोष -** प्रदेशभित्रको संघ संस्था, असहाय, विपन्न वर्ग, अशक्त तथा गम्भीर रोग लागेको व्यक्तिलाई सामाजिक सुरक्षाको अनुभूत गराउनको लागि आर्थिक सहायता वितरण गर्न स्थापना भएको मुख्यमन्त्री राहत कोषबाट आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७६ अनुसार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष उक्त कोषबाट मन्त्रिपरिषद्को निर्णय अनुसार ५ पदाधिकारी, १०९ सर्वसाधारण व्यक्ति र १० संघसंस्थालाई रु.१५ हजार देखि रु.१७ लाखसम्म भुक्तानी दिई आर्थिक सहायतामा रु.१ करोड ९० लाख ३० हजार खर्च गरेको छ। कोषबाट निर्देशिकामा उल्लेख भएको भन्दा वढी तथा निर्देशिकामा उल्लेख नभएको कार्यमा समेत आर्थिक सहायता दिएको छ । निर्देशिकामा उल्लेख नभएको, निर्देशिकाले तोकेको भन्दा वढी तथा गम्भीर रोग लागेको पुष्टि नभएको अवस्थामा समेत आर्थिक सहायता दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२८. **लोकसेवा तयारी कक्षा** - आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ८ वटै जिल्लामा लोकसेवा तयारी कक्षा सञ्चालनको लागि सिलबन्दी प्रस्ताव माग गरी विभिन्न संस्था छनौट गरेको र ती संस्थासँग २०७८।१।५ मा सम्झौता गरेको छ । ती संस्थाले पेस गरेको आर्थिक प्रस्तावमा भौतिक रुपमा कक्षा सँचालन गर्न हलभाडा, जेनरेटर भाडा, खाजा खर्च तथा अन्य किसिमका खर्चहरू समावेश गरेकोमा कोभिडको दोस्रो लहरको कारण २०७८ बैशाख १६ गतेदेखि देशव्यापी लकडाउन भएकोले अनलाईन कक्षा सञ्चालन गरेको देखियो । अनलाइन कक्षा सञ्चालन गर्दा प्रशिक्षक भत्ता र सफ्टवेयरको खर्च मात्र भुक्तानी हुनुपर्नेमा सम्झौतामा उल्लेख भए बमोजिम नै हल भाडा, जेनेरेटर भाडा, खाजा खर्चलगायतका खर्च भुक्तानी गरेकोले बढी भुक्तानी रु.९ लाख ५४ हजार सम्बन्धित फर्मबाट असुल गर्नुपर्दछ ।

२९. **सीमा भन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश

समेतको रकम समावेश हुने व्यवस्था छ। कानुनमा भएको व्यवस्था विपरीत रु १ करोड भन्दा बढीको लागत अनुमान भएको ६ योजनाको लागत अनुमान रु.६ करोड ८७ लाख ६२ हजार रहेकोमा उपभोक्ता समितिबाट काम गराई रु.३ करोड ८३ लाख ८० हजार भुक्तानी गरेको छ ।ती योजनाको काम समेत अधुरो रहेको छ । नियमको सिमा भित्र रही उपभोक्ता समितिलाई काम दिनुपर्दछ । उक्त अधुरो कार्य सम्पन्न गराउनुपर्दछ ।

३०. **लमसम कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार आइटम अनुसारको जाँच गरी विस्तृत लागत अनुमान तयार गर्नुपर्ने र सोही लागत अनुमानका आधारमा ठेक्का लगाउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सुकदेव सार पोखरीको सौन्दर्यीकरण कार्यको लागि लागत अनुमानमा प्राविधिकबाट नापजाँच हुन सक्ने काम पार्क निर्माण, प्लेटफर्म निर्माण, वृक्षारोपण जस्ता रु.२६ लाखको कामलाई लमसममा एकमुष्ट राखी मूल्य अभिवृद्धि कर समेत रु.२४ लाख ८६ हजार भुक्तानी गरेको छ। कामको पुनः नापजाँच गरी मूल्याङ्कन हुनुपर्दछ ।

३१. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स र जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरे अनुसार निर्माण सामग्रीको दररेट प्रयोग गरी लागत अनुमान तयार गर्ने व्यवस्था रहेको छ । कार्यालयले ८ जिल्लाको ३५ स्थानमा सामुदायिक शौचालय निर्माण कार्यको लागि रु.५ करोड ४४ लाख ६३ हजारको लागत अनुमान तयार गरी एक मात्र बोलपत्रदातासँग रु.४ करोड २३ लाख २० हजारमा सम्झौता गरेको छ। लागत अनुमान तयार गर्दा नर्म्स तथा जिल्ला दररेट भन्दा फरक दर प्रयोग गरेकोले रु.६३ लाख ६८ हजार बढीको लागत अनुमान स्वीकृत भएको छ। नियमावलीको व्यवस्था वमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।

लेखापरीक्षणको क्रममा वीरगंजस्थित २ वटा शौचालयको स्थलगत अवलोकन गर्दा १ हजार लिटरको पानी टयांकी राख्ने उल्लेख भएकोमा ५०० लिटरको राखेको, चापाकल २०० फिटमा गाड्ने भनेकोमा नाप जाँचमा गहिराई नखुलाएको र चापाकलमा ढलान नगरेको, नापी कितावमा शौचालयको बाहिर १८ मिटर लामो ४ स्टेपको भरयाङ्ग बनाउनुपर्नेमा ३ फिट लम्वाई भएको स्टेप मात्र निर्माण गरेको, वाटर पम्प जडान नगरेको, पानी टयांकीकोलागि घेरा नहालेको लगायतका काम नगरी ती आइटमको भुक्तानी भएको छ । यसरी नापी कितावअनुसारको काम नभएकोले ३५ वटै शौचालयको कामको यथार्थ नापजाँच गरी बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्दछ।

३२. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भए अनुसार वास्तविक कार्यसम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी गर्ने व्यवस्था छ । त्यस कार्यालयले विभिन्न पोखरीहरूको सौन्दर्यीकरण, भवन मर्मत, शौचालय निर्माण लगायतका कार्यमा नापी कितावतथा रनिङ बिलमा जोड जम्मा फरक पारेको, जिल्ला दररेट तथा नर्म्स भन्दा बढी हुने गरी दररेट निर्धारण गरेको, वास्तविक काम गरेको भन्दा बढीकार्यको नापजाँच गरेको, स्वीकृत दररेट भन्दा बढी दरले भुक्तानी गरेको, अग्रिम कर कट्टी नगरेको, अनावश्यक ढुवानी खर्च दिएको लगायत कारण १८ उपभोक्ता समितिलाई रु.६१ लाख ५२

हजार र ११ निर्माण व्यवसायीलाई रु.१ करोड ५ लाख २ हजारसमेत रु.१ करोड ६६ लाख ५४ हजार बढी भुक्तानी भएको छ । सो रकम सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

३३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले एउटै प्रकृतिको कामलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) बमोजिम उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा स-सानो टुक्रामा लागत अनुमान बनाई सोझै खरिद गरी रु.५ करोड ९६ लाख ५५ हजार खर्च लेखेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलिको व्यवस्था बमोजिम प्रतिस्पर्धा हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - कार्यालय र मातहतका ३ निकायको रु.५१ करोड १४ लाख ६८ हजार बेरुजु देखिएको छ । सो रकममा लेखापरीक्षणको लागि ठेक्का फाइल पेश नभएको रु. १५ करोड १ लाख समेत समावेश छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.३० लाख ३२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

अर्थ मन्त्रालय

प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेश स्तरको आर्थिक श्रोतको बाँडफाँट लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति तथा मापदण्ड बनाउने लगायतका कार्य रहेका छन । प्रदेश सरकार कार्य विभाजन नियमावली २०७८ बमोजिम मन्त्रालयको नाम २०७८ जेठ देखि अर्थ मन्त्रालय नामकरण गरेको छ ।

यो वर्ष मन्त्रालय र मातहत ९ इकाइको विनियोजनतर्फ रु.३ अर्ब ८ करोड ८६ लाख ६८ हजार, राजस्वतर्फ ९ इकाइको रु.१० अर्ब ८ करोड ११ लाख १ हजार, धरौटी तर्फ ९ इकाइको रु.६६ लाख ५५ हजार र अन्य कारोबारतर्फ ५ इकाइको रु.२ करोड ८७ लाख ४ हजार समेत रु.१३ अर्ब २० करोड ५१ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा एवं कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७४ अनुसार मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने काममध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा एवं कार्यान्वयन, प्रदेश स्तरको आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेश राजस्व सम्बन्धी नीति र कानुनको तर्जुमा एवं कार्यान्वयन, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा लगायतको काम हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **कार्यसम्पादन प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगद, जिन्सी, आयव्यय) को अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसारको प्रतिवेदन तयार नगरेकोले यथार्थ खर्चको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्नुपर्दछ ।

३. **आय-व्यय** - प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्य अनुसार रु. ३४ अर्ब ७० करोड ४३ लाख आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेश भएको विवरण अनुसार संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचतसमेत रु. ३६ अर्ब ६६ करोड ११ लाख आय भएकोमा रु. २२ अर्ब ५४ करोड ५८ लाख खर्च भई रु. १४ अर्ब ११ करोड ५३ लाख बचत भएको छ । बचत मध्ये संघीय सरकारलाई रु. २ अर्ब ७७ करोड १४ लाख अनुदान फिर्ता भएको देखिन्छ ।

४. **बजेट विनियोजन र खर्च** - बजेट बक्तव्य मार्फत २०७७/७८ को लागि रु.३४ अर्ब २६ करोड ९४ लाख बजेट विनियोजन गरेकोमा कुल खर्च रु.२२ अर्ब ५४ करोड ५८ लाख रहेको छ । कुल खर्च मध्ये चालु तर्फ संचित कोषमा व्ययभार पर्ने रकम समेत रु.८ अर्ब ६४ करोड ७ लाख तथा पुँजीगत

तर्फ रु.१३ अर्ब ९० करोड ५१ लाख खर्च रहेको छ । कुल बजेटको तुलनामा कुल खर्च ६५.७८ प्रतिशत, कुल खर्चको अनुपातमा चालु खर्च ३८.३ प्रतिशत र पुँजीगत खर्च ६१.६८ प्रतिशत रहेको छ । बजेटको तुलनामा न्यून खर्च भएको कारण बजेट तर्जुमा यथार्थतामा आधारित देखिएन । खर्च दक्षता बढाउन बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

५. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्यलगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण भएको तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने भनी गतवर्ष औल्याइएकोमा यो वर्ष समेत स्थिति यथावत रहेको छ । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । ऐनको व्यवस्था अनुसार बेरुजु फर्स्यौंट गर्ने गराउने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । विनियोजित बजेटको लक्षित उद्देश्य अनुरुप मन्त्रालयको चालुतर्फ ४५.४५ प्रतिशत र पुँजीगततर्फ ६६.६६ प्रतिशत मात्र खर्च भएकोमा ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनाको सुनिश्चितता गर्न अनुगमन, मूल्याङ्कन गरेको देखिएन । तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गराउनुपर्दछ।

७. **रकमान्तर** - मन्त्रालयले पुँजीगततर्फ अर्थ विविध (अवण्डा) मा राखेको रु १ अर्ब २४ करोड ८७ लाख ९९ हजारमध्ये ७ मन्त्रालयलाई रु ३६ करोड ४ लाख ३२ हजार रकमान्तर गरेको छ । सो मध्ये रु ३ करोड ७२ लाख १५ हजार असारमा मात्र रकमान्तर गरेको छ । चालुतर्फ रु २ अर्ब ५ करोड अवण्डा राखेकोमा ११ निकायलाई रु ७७ करोड ३१ लाख ९६ हजार रकमान्तर थप गरिएकोमा असारमा मात्र रु ५२ करोड ३८ लाख २७ हजार थप दिइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मात्र रु ३० करोड २४ लाख ७ हजार थप गरेको छ भने सर्लाही जिल्लाको वागमती नगरपालिकालाई ताल निर्माण गर्न रु ३० करोड थप गरेको छ । यसरी अवण्डामा बजेट राखी वर्षान्तमा रकम थप गर्नु उपयुक्त देखिएन ।

८. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आगामी ३ वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । जसमा प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण प्रति इकाइ लागत, अनुमानित समय र उक्त आयोजनाबाट हुने प्रतिफल समेत खुलाई

योजनाहरूको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरेकोमा मन्त्रालयले सो अनुमानको विवरण तयार गरेकोमा विस्तृत विश्लेषण गरी समय, लागत, प्राथमिकता एव श्रोतको सुनिश्चित आधार समेत तयार गरेको छैन । कानुनमा तोकिए अनुसारको खर्च संरचना तयार हुनुपर्दछ ।

९. **कानुन निर्माण -** राज्य तथा प्रदेशको तर्फबाट जनताले प्राप्त गर्ने सेवा प्रवाहलाई दुरुस्त एव भरपर्दो बनाउन आर्थिक क्षेत्रका कार्यक्रम र आवश्यक भूमिकालाई सवल र अनुशासित बनाउन विभिन्न निर्देशिका जारी गरी यस क्षेत्रमा पहुँचको सुनिश्चितता सरल गर्नुपर्दछ । मन्त्रालयले आर्थिक कार्यविधि नियमावली जारी नगरेको, विभिन्न कर शुल्क कट्टी/भुक्तानी सम्बन्धी निर्देशिका जारी नगरेको, राजस्व चुहावट तथा नियन्त्रण सम्बन्धी कानुन तर्जुमा नभएको हुँदा सर्वसाधारण करदातालाई लक्षित गरी सेवा प्रवाहमा सरलता ल्याउन आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारवाही -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३६(१) मा महालेखापरीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका बेरुजुका सम्बन्धमा बेरुजु प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट गरी सम्परीक्षणको लागि महालेखापरीक्षक समक्ष पेस गर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजु फर्स्यौंटको कार्य सम्बन्धित निकायले गर्ने र सो फर्स्यौंटको प्रमाण अनुसार महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण हुने गरेको छ ।

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइका बेरुजुका सम्बन्धमा बेरुजु प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने उल्लेख छ । प्रदेश सरकारले ऐनको उक्त व्यवस्था कार्यान्वयन गर्न नियमावली स्वीकृत गरी लागु गरेको छैन । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजु फर्स्यौंट तथा सम्परीक्षण गर्ने सम्बन्धी संघीय ऐन र प्रदेश ऐनको व्यवस्थामा फरक रहेको देखियो । प्रदेश सरकारको अर्थ मन्त्रालयले २०७७।७८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश बेरुजु मध्ये रु.३ करोड ९७ लाख २८ हजार सचिव स्तरबाट नियमित गरेर फर्स्यौंट गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराएको छ । मन्त्रालयका सचिवबाटै लगत कट्टा गर्ने निर्णय गरी जानकारी गराएको आधारमा बेरुजु सम्परीक्षण गर्ने कानुनी प्रावधान संघीय सरकारको आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल देखिएन ।

प्रदेश सभाले बेरुजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धमा संघीय ऐनसँग सामाञ्जस्य हुने गरी कानुनी व्यवस्था गर्नुपर्दछ ।

११. **राजस्व अभिलेख व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २१ मा विनियोजन राजस्व धरौटी तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्तमा आधारित रही लेखा राख्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अपनाएको दोहोरो लेखा प्रणालीको व्यवस्था अनुसार प्रदेश एकल खाता कोष प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली, प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको विवरणबाट प्राप्त तथ्याङ्कको आधारमा तयार गरेको छ । राजस्वको अभिलेख राजस्व लेखा प्रणाली सफ्टवेयर(रिम्स) को आधारमा जम्मा भएको रकमलाई मात्र संचित कोषमा आम्दानी देखाएको छ ।

प्रदेशले विभाज्य कोषका सबै रकमहरू प्राप्त भएको सुनिश्चित हुने अभिलेख मन्त्रालय एवं प्रदेश लेखा नियन्त्रक कार्यालयले राखेको छैन ।यस्तो अभिलेख राखी राजस्व प्रगतिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१२. **वित्तीय हस्तान्तरण** - यो वर्ष प्रदेश सरकार मार्फत १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त, विशेष र समपूरक अनुदान रु.१ अर्ब ९५ करोड ६१ निकासा उपलब्ध गराएकोमा स्थानीय तहहरूबाट उक्त रकम खर्चको विवरण लिई बाँकी रकम फिर्ता गरे नगरेको यकिन नगरेको हुँदा सो यकिन गरी बाँकी रकम प्रदेश संचित कोष फिर्ता गर्नुपर्दछ ।

१३. **बैठक भत्ता** - प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुची १ मा मन्त्रीको अध्यक्षतामा बस्ने बैठकको बैठक भत्ताको दर रु २ हजार ५०० र प्रदेश सचिवको अध्यक्षतामा भएको बैठकको बैठक भत्ता दर रु.१ हजार ५ सय हुने व्यवस्था छ । मन्त्रालयले यो वर्ष बैठक भत्तामा रु.१ करोड ३४ लाख ७३ हजार खर्च गरेको छ । बैठक भत्ता सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः

१३.१. प्रदेश खर्च मापदण्ड निर्देशिका लगायत प्रदेश कानुनमा एउटा बैठकको न्यूनतम अवधि र एक दिनमा एक व्यक्ति सहभागी हुन सक्ने अधिकतम बैठक संख्या सम्बन्धमा व्यवस्था गरेको पाईएन । मन्त्रालयमा प्रदेश सचिवको अध्यक्षतामा ७ सदस्य रहने ऐन, नियम, मस्यौदा कार्यविधि समिति रहेकोमा राज्यमन्त्रीको अध्यक्षतामा ७ सदस्य रहने गरी मस्यौदा समिति पुनर्गठन गरेको कारण बैठक खर्च प्रति बैठक प्रति व्यक्ति रु.१ हजार बृद्धि भएको छ । कार्यालय सञ्चालन भएको दिन कार्यालय समय बाहेक बिहान बेलुकी आधा घण्टा देखि १ घण्टासम्म प्रतिदिन ८ वटासम्म र सार्वजनिक बिदाको दिन १३ वटासम्म बैठक बसेको भत्ता वितरण गरेको पाइयो । बैठकको अवधि रहेको छ। एकजना पदाधिकारी तथा कर्मचारीले एक दिनको बैठक भत्ता रु.३२ हजार ५ सयसम्म प्राप्त गरेको देखिन्छ । यस प्रकारको अस्वाभाविक बैठक बसी भत्ता भुक्तानी गरेको सम्बन्धमा यकिन गरी बढी भुक्तानी रकम असुल हुनुपर्दछ।

१३.२. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयकको मस्यौदा तयार गर्न ६७ बैठक बसी रु.१७ लाख ८ हजार बैठक भत्ता भुक्तानी गरेको र संघीय सरकारले तयार गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा प्रदेश कानुन अनुकुल हुनेगरी सामान्य रुपमा सच्याई मस्यौदा तयार गरेको देखिन्छ । समितिले तयार गरेको मस्यौदामा सुधार गर्न मस्यौदा निर्देशन समितिको ५० बैठक बसी रु.१४ लाख १३ हजारसमेत उक्त ऐनको मस्यौदा तयार गर्न कुल रु.३१ लाख २१ हजार बैठक भत्ता भुक्तानी गरेको पाइयो । यस प्रकारको अस्वाभाविक बैठक बसी भत्ता भुक्तानी गरेको सम्बन्धमा यकिन गरी बढी भुक्तानी रकम असुल हुनुपर्दछ।

१३.३. प्रदेशस्तरीय आन्तरिक लेखापरीक्षण निर्देशिका तयारीका लागि प्रदेश सरकार आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ (९) ले दिएको अधिकार प्रयोग गरी निर्देशिकाको मस्यौदा तयार गरेको छ। ऐनको सो दफामा आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रस्तावना अनुसार संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न यो ऐन बनाएको उल्लेख भएकोले सो ऐन अन्तर्गतको अधिकार प्रयोग गरी महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको निर्देशिका प्रदेश तहको आन्तरिक लेखापरीक्षणमा समेत लागु हुने देखिएकोले प्रदेशले छुट्टै आन्तरिक लेखापरीक्षण

निर्देशिका बनाउनुको औचित्य देखिदैन । प्रदेश तहको लागि छुट्टै निर्देशिका आवश्यक भएमा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको निर्देशिकालाई प्रदेश कानुन अनुकुल हुनेगरी सामान्य परिमार्जन गरी लागु गर्न सकिनेमा निर्देशिका तयार गर्न मन्त्रालयले १११ बैठकको रु.२६ लाख २३ हजार र प्रदेश लेखा नियन्त्रक कार्यालयले १४३ बैठकको रु.१८ लाख ९५ हजार समेत रु.४५ लाख १७ हजार बैठक भत्ता खर्च गरेको छ ।

मन्त्रालयले खर्च गरेको बैठक भत्तामध्ये निर्देशिका मस्यौदा समितिलाई निर्देशन दिन भनि मस्यौदा निर्देशन समिति गठन गरी ६१ वटा बैठक बसी रु.१३ लाख ७३ हजार बैठक भत्ता खर्च लेखेको छ । उक्त निर्देशन समितिको आवश्यकता र औचित्य देखिएन । उक्त समिति गठन गर्ने कानुनी आधार खुलाएको छैन । आन्तरिक लेखापरीक्षण निर्देशिका तयार गर्न खर्च लेखेको बैठक भत्ताको आवश्यकता र औचित्य पुष्टि हुने प्रमाण पेस हुनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१४. **प्रदेश संचित कोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत म.ले.प.फा.नं को ढाँचामा संचित कोषको वित्तीय विवरण तयार गरी २०७८ कार्तिक मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्नेमा २०७८ चैत्रमा पेस गरेतापनि स्वीकृत ढाँचामा पेस गरेको छैन। मधेश प्रदेशको संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

(क) प्राप्ति	आर्थिक वर्ष २०७६/७७	आर्थिक वर्ष २०७७/७८
१. गत वर्षको मौज्दात जिम्मेवारी	६९१२२२९	९६३२८७४
२. राजस्व तथा अनुदान	०	०
२.१.कर राजस्व	७०४१९८९	९५९१९४९
२.२.अन्य राजस्व	१७१९०४८	११८६१४६
२.३.गत वर्षको नगद मौज्दात तथा बेरुजू	२२६०६३	१५७०४
२.४.बाडँफाँड हुने राजस्व	८२२६४०	१८०१६६०
२.५.समानीकरण अनुदान	७०८५९००	७०२०१००
२.६.समपूरक अनुदान	२३३७००	२७७००
२.७.सःशर्त अनुदान	६९५७०३३	६९७००२१
२.८.विशेष अनुदान	६५००००	४१५०००
३. अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	(३५८१०१३)	(२७७१३५८)
४. विगत आर्थिक वर्षको खुद मौज्दात बचत	(९६३२८७४)	(१०५८९८६६)

(क) प्राप्ति	आर्थिक वर्ष २०७६/७७	आर्थिक वर्ष २०७७/७८
जम्मा प्राप्ति	**१८४३४७१५**	**२३२९९९३०**
(ख) भुक्तानी		
१. चालु वर्षको भुक्तानी		
१.१.संचित कोष माथी व्यभार हुने रकममा खर्च	२५१३०६	८४६९
१.२.विनियोजन ऐनद्धारा भएको खर्च (चालु)	९५२८२४१	८६३२२७०
१.३.विनियोजन ऐनद्धारा भएको खर्च (पुँजीगत)	८२३७६४६	१३९०५०६२
१.४.वन रोयल्टी संघीय संचित कोष जम्मा	७४८४८	८१३०८
१.५.स्थानीय तह राजस्व बाँडफाँड	३०३१०४	६८८१४१
१.६.अनुदान फिर्ता	७१६७८	०
१.७.वन रोयल्टी संघीय संचित कोष फिर्ता	६०४६	०
१.८.सवारी साधन कर संघीय संचित कोषबाट फिर्ता नभएको	०	०
१.९.स्थानीय तह राजस्व बाँडफाँड हुन बाँकी	०	०
२. बैंकबाट भुक्तानी नभएको खर्च समायोजन	(३७८४४)	(१५३५४)
३. बैक हिसाब समायोजन	(३१०)	३२
जम्मा भुक्तानी	**१८४३४७१५**	**२३२९९९३०**

१५. **राजस्व प्रक्षेपण तथा असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीबाट यो वर्ष प्राप्ति रु.२७ अर्ब २ करोड ८२ लाख ८१ हजार देखाएकोमध्ये समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान रु.१४ अर्ब ४३ करोड २८ लाख घटाउदा प्रदेशको कुल राजस्व रु.१२ अर्ब ५९ करोड ५५ लाख संकलन भएको छ । सोमध्ये राजस्व बाँडफाँट मार्फत संघबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रु.८ अर्ब ७९ करोड ४५ लाख रहेको छ । जसको योगदान कुल राजस्वमा ६९.८२ प्रतिशत रहेको छ । प्रदेश सरकारले राखेको बजेट प्रक्षेपण अनुसार राजस्व संकलनको स्थिति सन्तोषजनक देखिएन ।

प्रदेश सरकारबाट संकलित कुल राजस्व आम्दानी रु.३ अर्ब ८० करोड ९ लाखमध्ये मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन बापत रु.७९ करोड ७४ लाख ७८ हजार र यातायात व्यवस्था कार्यालयबाट सवारी साधन कर रु.१ अर्ब ७२ करोड १३ लाख ५३ हजार संकलन भएको विवरण पेस भएको छ । जुन प्रदेशको कुल राजस्वको ६६.२४ प्रतिशत हुन आउछ । बाँकी सबै प्रदेश मन्त्रालय तथा कार्यालयको राजस्व योगदान ३३.७६ प्रतिशत मात्र रहेको छ । न्यून राजस्व असुली तथा प्राप्तिको कारण प्रदेशको आम्दानीले चालु खर्चसमेत धान्न नसक्ने अवस्था आउन सक्ने देखिन्छ । प्रदेश सरकारले राजस्वका नयाँ श्रोत पहिचान गरी राजस्व असुलिमा वृद्धि गर्नुपर्दछ।

१६. **समपुरक अनुदान -** समपुरक अनुदान बापत संघीय सरकारबाट प्रदेश सरकारलाई यो वर्ष रु.२ करोड ७७ लाख प्राप्त भएको छ । उक्त रकम खर्च गर्न प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारलाई प्राप्त उक्त समपुरक अनुदान मध्ये कुनै पनि रकम खर्च भएको देखिएन । खर्च नहुनाको कारण पहिचान गरी विनियोजनको उद्देश्य अनुरुप खर्च हुने वातावरण सिर्जना गर्नुपर्दछ ।

१७. **भत्ता खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रस्ताव पेस भए बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको मन्त्रिस्तरीय २०७७।६।२९ को निर्णयबाट आर्थिक अनुशासन कायम गर्नका लागि आवश्यक निर्देशिका तथा कार्यविधि लगायतको मस्यौदा तयार गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा १५ सदस्यीय मस्यौदा समिति गठन गरेको देखिन्छ । उक्त समितिले १४३ बैठक बसी आन्तरिक लेखापरीक्षण निर्देशिका, २०७८ को मस्यौदा तयार गरी रु.१८ लाख ९५ हजार र २९ वटा बैठक बसी आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शनको मस्यौदा तयार गरी रु.३ लाख ५ हजार समेत रु.२१ लाख ९९ हजार बैठक भत्ता र अतिरिक्त समय भत्ता रु.१६ लाख ४७ हजार खर्च लेखेको छ उक्त खर्च सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

१७.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रस्तावना अनुसार संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न उक्त ऐन बनाएको उल्लेख भएकोले सो ऐन अन्तरगतको अधिकार प्रयोग गरी महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको आन्तरिक लेखापरीक्षण निर्देशिका प्रदेश सरकारलाई समेत लागु हुने देखिएकोले प्रदेशको छुट्टै आन्तरिक लेखापरीक्षण निर्देशिका बनाई रु.१८ लाख ९५ हजार बैठक भत्ता खर्च लेखेको औचित्यपूर्ण देखिएन।

१७.२. आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तयार गर्न २९ बैठक बसी रु.३ लाख ५ हजार भत्ता खर्च लेखेकोमा उक्त दिग्दर्शन स्वीकृत गरी लागु भएको छैन ।

१७.३. प्रदेश लेखा नियन्त्रक कार्यालयका कर्मचारीहरूलाई वर्षभर खाना खाजा तथा अतिरिक्त समय काम गरेको भत्ता रु.१६ लाख ४७ हजार खर्च लेखेकोमा आन्तरिक लेखापरीक्षण निर्देशिका तथा आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तयारी समितिबाट समेत बैठक भत्ता भुक्तानी भएको छ। एउटै समयमा अतिरिक्त समय काम गरेको भत्ता र बैठक भत्ता भुक्तानी गर्न नमिल्ने देखिएकोले कार्यालयले यकिन गरी दोहोरो भुक्तानी रकम असुल गर्नुपर्दछ । साथै प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को बुँदा १० मा अतिरिक्त समय काम गरेको विद्युतीय हाजिरी लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले विद्युतीय हाजिर बेगर नै अतिरिक्त समय भत्ता भुक्तानी गरेको देखियो । प्रमाणित विद्युतीय हाजिरी विवरण पेस हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहतका ३ निकायको रु.४ करोड ५० लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत कार्यालयको विनियोजन रु.४५ करोड २१ लाख ५८ हजार, राजस्व रु.८ लाख ९२ हजार, धरौटी रु.२ करोड ७५ हजार र अन्य कारोवार रु.१५ करोड ४ लाख ६३ हजार समेत रु.६२ करोड ३५ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । त्यसैगरी अन्य संस्था र समितितर्फ ३ निकायको रु.७ करोड ८२ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संघीय कार्यालय १ लाई रु.१३ करोड ९ लाख ६० हजार निकासा दिएको रकम विनियोजनतर्फ समावेश छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **मन्त्रालयको प्रगति मूल्याङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ र ३६ मा उल्लेख भए अनुसार सम्बन्धित कार्यालयले स्वीकृत गरी कार्यान्वयन गरेको कार्याक्रमको चौमासिक एवम् वार्षिक प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र प्रगति हुन नसकेकोमा सोको कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि कदम चाल्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष पुँजिगततर्फ रु.७२ करोड ८६ लाख १७ हजार विनियोजन गरेकोमा रु.२० करोड १७ लाख ४५ हजार (२७.२९ प्रतिशत) र चालु अन्तर्गत कार्यक्रम बजेटका लागि रु.१२ करोड ६९ लाख विनियोजन गरेकोमा रु.२ करोड ३४ लाख ९९ हजार (१८.५१ प्रतिशत) खर्च गरको देखियो । मन्त्रालय स्वयंले सञ्चालन गरेका कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति विवरण तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार मन्त्रालयको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयबाट कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र आन्तरिक नियन्त्रण समन्वय ढाँचा र कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेबमोजिम हुने व्यवस्था छ । मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । यो वर्ष मन्त्रालयबाट कार्यान्यवन गरेका आयोजनाको अनुगमन गरी सुधारका लागि कुनै सुझाव दिएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

३. **क्षेत्राधिकार बाहिरको कार्य -** नेपालको संविधान, २०७२ को अनुसुची ६ मा प्रदेशको अधिकार सूची उल्लेख छ । प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गतका काम गर्ने गरी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेमा यो वर्ष मन्त्रालयले पुँजिगत कार्यमा खर्च गरेको रु.१९ करोड ४०

लाख २५ हजारमध्ये मन्त्रालयको अधिकार क्षेत्र बाहिरका संघीय सरकारसँग सम्बन्धित निकायको लागि निम्नानुसार रु.१४ करोड ३७ लाख ६१ हजार खर्च गरेको देखिएको छ ।

(रु. हजारमा)

क्र.सं.	खर्च शीर्षक	कुल बजेट	कुल खर्च	खर्चमध्येको अन्य निकायको लागि भएको खर्च	सम्बन्धित निकाय	क्रियाकलाप
१.	भवन निर्माण	५३४५००	५३२०५	२३८७५	संघीय सरकार मातहतका जिल्ला प्रशासन कार्यालयहरू, कारागार कार्यालय र नेपाल प्रहरी मातहतका कार्यालय, सशस्त्र प्रहरी मातहतका कार्यालय र नेपाली सेना मातहतका कार्यालय	कार्यालय भवन, ब्यारेक भवन बन्दिगृह भवन लगायतका भवनहरू निर्माण तथा मर्मत सँभार
२.	सवारी साधन खरिद	१११७१७	१०२२७५	९३८०१	संघीय सरकार मातहतको नेपाल प्रहरीका कार्यालय, नेपाली सेना मातहतका कार्यालयहरू र स्थानीय निकायहरू	ट्रक ५, पिकअप ६, मोटरसाइकल १२, मिनिबस १ र दमकल ९ वटा खरिद गरी हस्तान्तरण गरेको
३.	मेशिनरी औजार तथा उपकरण	५८९००	३८५४२	२६०८५	संघीय सरकार मातहतका प्रदेश प्रहरी कार्यालय	ड्रोन क्यामरा र सि.सि. क्यामरा खरिद गरी हस्तान्तरण गरेको
	जम्मा	**७०५११७**	**१९४०२५**	**१४३७६१**		

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य प्राप्ती गर्न प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहको लागि खर्च गर्नुपर्दछ ।

४. **खरिद प्रकृया -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ मा निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने आइटमहरू समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ३१ मा बिस लाख भन्दा वढी लागतको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । मन्त्रालयले इलाका प्रहरी कार्यालय गौशाला महोत्तरीमा कम्पाउण्ड वाल लगाउने कार्यको लागि रु.१९ लाख ३० हजारको लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट काम गराई रु.२१ लाख ७८ हजार भुक्तानी दिएको छ ।उक्त पर्खाल लगाउदा निर्माण हुने कंक्रिट पिलरको फर्माको काम लागत अनुमानमा छुट भएको भनी भेरिएसनबाट रु.२ लाख १ हजारको लागत अनुमान थप गरी भुक्तानी गरेको छ । लागत अनुमानमा अनिवार्य आइटम छुटाई बोलपत्रको सट्टा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको पाइयो । लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. **दरभाउपत्र मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (९क) मा न्यूनतम ३ वटा दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सवैभन्दा कम कबोल अंक रहेको दरभाउपत्र स्वीकृतिका लागि छनौट गर्नुपर्ने व्यवस्था छ । वर्दिवास महोत्तरीमा नेपाली सेनाको २ गेट निर्माण गर्न रु.१९ लाख ९९ हजारको लागत अनुमान स्वीकृत गरी सिलबन्दी दरभाउ पत्र आह्वान गरेकोमा रु.२४ लाख २ हजार देखि रु.३५ लाख ४५ हजारसम्मका ४ दरभाउपत्र पेस भएको देखिन्छ । बोलपत्र मूल्याङ्कन समितिले आधार बेगर ती दरभाउपत्रहरूको मूल्य रु.१७ लाख ६ हजारदेखि रु.२५ लाख १७ हजार कायम गरी निर्माण व्यवसायीसँग रु.१७ लाख ६ हजारको खरिद सम्झौता गरेको छ । सार्वजनिक खरिद ऐन, नियममा निर्माण व्यवसायीले पेस गरेको दरभाउपत्रको मूल्यलाई बोलपत्र मूल्याङ्कन समितिले परिवर्तन गर्ने व्यवस्था छैन ।उल्लिखित दरभाउपत्रहरू रद्द गरी

पुनः माग गर्नुपर्नेमा मूल्य घटाइ स्वीकृत गरेको कानुन सम्मत देखिएन । साथै कार्यालयले आफ्नो क्षेत्राधिकार बाहिरको कार्य गराएको औचित्यपूर्ण देखिएन ।

६. **कार्य सम्पन्न नहुँदै भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिने व्यवस्था छ । जिल्ला प्रशासन कार्यालय, महोतरीको प्रमुख जिल्ला अधिकारी आवास भवनको छतमा स्टिल ट्रसको छाना राख्ने कामको लागि एक निर्माण व्यवसायीसँग रु.११ लाख २३ हजारको सम्झौता गरी अन्तिम बिलको रु.१० लाख ७० हजार भुक्तानी दिएको छ । उक्त कार्यको नापि किताव तथा बिलमा समावेश भएको काम मध्ये फलामको पोलहरूमा प्राइमर नलगाएको, रंगिन जस्ता पाता (२६ एल ०.३५ एम एम वाक्लो) लगाउनुपर्नेमा सादा जस्ता पाता लगाएको, फलामको सपोर्टको लागि निर्माण भएका २६ वटा कक्रिट पोष्टहरूमा २ कोट पेन्टिङ्ग गर्नुपर्नेमा नगरेको, छानामा गडर समेत राख्नुपर्नेमा नराखेको अवस्थामा समेत सबै कामको भुक्तानी दिएको छ । यसरी कार्य सम्पन्न नगरी भुक्तानी गरेको सम्बन्धमा पुन-नापजाँच गरी नगरेको कामको रकम यकिन गरी असुल हुनुपर्दछ ।

७. **कारागार भवन निर्माण -** जलेश्वर कारागारमा कम्पाउन्ड वाल र महिला वन्दी गृह निर्माण गर्न रु.४५ लाखको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.३३ लाख ३४ हजारको सम्झौता २०७८/१/९ मा भएकोमा दोस्रो रनिङ्ग बिलसम्मको रु.१२ लाख ७९ हजार भुक्तानी दिएको छ ।लेखापरीक्षणको क्रममा प्राविधिकसहित उक्त भवनको अवलोकन गर्दा उक्त भवन कारागारको मुख्य कम्पाउण्ड भन्दा बाहिर निर्माण भएको, सो कार्यको लागि ड्रइङ डिजाइन उपयुक्त नदेखिएको, डिजाइन अनुसार फलाम प्रयोग नगरेको, कम्पाउन्ड वालमा पिलरहरू धेरै टाँढा रहेकोले मजवुत नभएको तथा समग्रमा कामको गुणस्तर कमजोर देखिएकोले सम्झौता अनुसारको कार्य गर्नुपर्दछ । साथै कार्यालयले आफ्नो क्षेत्राधिकार बाहिरको कार्य गराएको औचित्यपूर्ण देखिएन ।

८. **सूचना प्रकाशन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ। निर्माण कार्यको बोलपत्र तथा दरभाउपत्र आह्वान र आशयको सूचनाहरू प्रकाशन गरी चालु तर्फको पत्रपत्रिका तथा सूचना प्रकाशन शीर्षकबाट रु.१३ लाख ४९ हजार, सेवा परामर्श शीर्षकबाट रु.६ लाख ३६ हजार र पुँजीगतको कन्टिन्जेन्सीबाट रु.२६ लाख ९७ हजार समेत रु.४६ लाख ८१ हजार खर्च लेखेको छ । बोलपत्र तथा दरभाउपत्रको उपयुक्त प्याकेज बनाई एउटै सूचनाबाट एक भन्दा बढी बोलपत्र तथा दरभाउपत्र आह्वान र आशयको सूचना सीमित संख्यामा प्रकाशन गरी मितव्यिता कायम गर्नुपर्नेमा सो अनुसार भएको देखिएन। एउटै पत्रिकामा एकै दिन एकै प्रकृतिको ३ वटासम्म सूचना प्रकाशित गरी रु.११ लाख ६५ हजार भुक्तानी दिएको छ । जुन खर्च स्वाभाविक देखिदैन । खर्चको वास्तविकता यकिन गरी मितव्ययी तवरले सूचना प्रकाशन गर्नुपर्दछ ।

९. **बजेट सुनिश्चितता -** सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ६ मा आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही गर्न नहुने व्यवस्था रहेको छ । मन्त्रालयले चालु वर्षमा बजेट व्यवस्था भएतापनि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट सुनिश्चितता तथा वहुवर्षीय ठेक्काको स्वीकृति प्राप्त नगरी २०७८ जेष्ठ र असारमा ६ वटा भवन निर्माण कार्यको लागि बोलपत्र आह्वान गरेकोमा २०७८/७९ मा उक्त कार्यको लागि बजेट व्यवस्था नभएको उल्लेख गरी ती बोलपत्रहरू रद्द गरेको देखियो ।यसरी अगामी वर्षको लागि बजेट सुनिश्चितता नभई तथा वहुवर्षिय ठेक्का सहमति प्राप्त नगरी चालु आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसक्ने स्पष्ट हुदाँहुदै आर्थिक वर्षको अन्तमा बोलपत्र

आह्वान गरेकोले बोलपत्र सूचना प्रकाशनमा मात्र रु.५ लाख ४४ हजार खर्च भएको छ । स्रोत सुनिश्चित बेगर बोलपत्र आह्वान गरी अपव्यय गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **उपकरणहरूको प्रयोग -** मधेश भवन परिसरमा सुरक्षा सम्बन्धी डिटेक्टर, स्क्यानर, कम्प्यूटर लगायतका उपकरणहरू खरिद गर्न रु.९९ लाख ९७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट रु.९८ लाख ४४ हजारको सामान खरिद गरेको छ । ती उपकरणहरू जडान गर्ने स्थान, भवन लगायतका पूर्वाधारहरू निर्माण नभएकोले ती उपकरणहरू लेखापरीक्षण अवधि २०७९ बैशाखसम्म उपयोगमा नल्याई भण्डारमा राखेको छ । उक्त सामानको प्राविधिक परीक्षण समेत नगरी जडान र परीक्षण खर्च रु.९५ हजारसमेत भुक्तानी भइसकेको छ । खरिद भइसकेका सामानको ग्यारेन्टी/वारेन्टी अवधि १ वर्ष रहेकोमा सो अवधि समाप्त हुदाँ समेत समान जडान गरी परीक्षण नहुने अवस्था देखिएको छ । यसरी सामान जडान गर्ने स्थान, भवन लगायतका पूर्वाधार तयार नगरी सामान खरिद गरी मौज्दात राखेको सम्बन्धमा विश्लेषण गरी सामान जडान तथा उपयोग गरेको प्रमाण पेस हुनुपर्दछ ।

११. **खाजा, खाना खर्च -** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को अनुसूची-२ को सिं नं. ५(क) अनुसार सार्वजनिक निकाय तथा तालिम केन्द्रले आयोजना गरेको विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम, समारोहको उदघाटन तथा समापन समारोहमा प्रति व्यक्ति प्रति दिन सहभागी खाजा खाना मन्त्रीस्तर वा विशिष्ट श्रेणी भएमा रु.१ हजार ८ सय उपलब्ध गराउने व्यवस्था छ । यो वर्ष ५ वटा तालिम, गोष्ठी कार्यक्रममा खर्च भएको रु.५२ लाख २३ हजार मध्ये खाना खाजामा रु.२० लाख २१ हजार खर्च भएको छ । गोष्ठी, सेमिनार, तालिम जस्ता कार्यक्रमको उदघाटन तथा समापन जस्ता सामान्य समारोहमा प्रति व्यक्ति रु.१ हजार ८ सय खर्च गर्ने गरी तोकेको मापदण्ड औचित्यपूर्ण देखिँदैन । सहभागी संख्या सीमित गरी यस्तो खर्चमा नियन्त्रण गर्न मापदण्डमा पुनरावलोकन हुनुपर्दछ।

१२. **शान्ति सुरक्षा खर्च -** प्रदेश मन्त्रिपरिषद्को २०७५।२।१० को निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षाको काममा खर्च हुने गरी मन्त्रीलाई प्रति पटक रु.३० हजार र सचिवलाई रु. १० हजारका दरले प्रति महिना मन्त्रीले रु.१ लाख ५० हजार र सचिवले रु.५० हजारमा नबढ्ने गरी खर्च गर्न पाउने र यस्तो रकम खर्च गर्ने अधिकारी आफू स्वयमले रकम भुक्तानी लिई खर्च गर्ने तथा यस्तो रकमको बिल भरपाई पेस गरी रहनु नपर्ने उल्लेख छ । यो वर्ष मन्त्रीलाई रु.१८ लाख र सचिवलाई रु.५ लाख ७० हजार गरी कुल रु.२३ लाख ७० हजार खर्च लेखेको छ। यस्तो खर्च कटौती गरी अनावश्यक व्ययभार घटाउनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

  - मन्त्रालयतर्फ रु.३ करोड १५ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।
  - अन्य संस्था, समितितर्फ ३ निकायमा रु.१७ लाख ७७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ ।यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भू-स्खलन नियन्त्रण लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत २२ कार्यालय समेतको विनियोजन रु.२ अर्ब २२ करोड ९५ लाख ७० हजार, राजस्व रु.२३ करोड ७३ लाख ५७ हजार, धरौटी रु.१३ करोड ६८ लाख ८ हजार र अन्य कारोवार रु.१० करोड ७७ लाख ९५ हजार समेत रु.२ अर्ब ७१ करोड १५ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **एकीकृत आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २५(२) मा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकारीले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले केन्द्रीय आर्थिक वित्तीय विवरण तयार नगरेकोले मन्त्रालय र मातहत कार्यालयको आय व्ययको यथार्थ अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

२. **वार्षिक प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ७६(क) मा प्रत्येक कार्यालयले आर्थिक वर्षभित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिबेदन अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन जसबाट मन्त्रालयको आर्थिक कारोवार, फर्स्यौट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले उक्त योजना तयार गरेतापनि मध्यमकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाइ लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको संरचना तयार गरेतापनि कार्यक्रमको प्राथमिकीकरण, लागत र समय खुलाई तयार गरेको पाइएन ।

४. **प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई बजेट तथा कार्यक्रम कार्यान्वयन व्यवस्थाको मूल्याङ्कन गरी सोको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार वार्षिक प्रगति विवरण तयार गरेको देखिएन । वार्षिक प्रगति विवरण तयार गरी समीक्षा हुनुपर्दछ ।

५. **जिन्सी व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ बमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लागत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी

भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । साथै सार्बजनिक निकायमा प्रयोग हुने सम्पत्तिको व्यवस्थापन कार्यको लागि महालेखा नियन्त्रक कार्यालयले २०७७।७८ देखि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली प्रयोग गरी सम्पत्ति व्यवस्थापन सोही अनुरुप हुने गरी सम्पत्तिको लेखा राख्न निर्देशन गरेको छ । मन्त्रालयले सो अनुरुप जिन्सीको लेखा राखेको पाइएन । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सफ्टवेयरको प्रयोग गरी जिन्सी लेखा तयार गर्नुपर्दछ ।

६. **मौज्दात फिर्ता** - मन्त्रालयले निश्चित प्रयोजन तथा कार्यको लागि प्राप्त गरेको रकम सम्बन्धित काममा खर्च गर्नुपर्ने र खर्च नभएमा सो रकम फिर्ता गर्नुपर्दछ । मन्त्रालयले भ्रमण वर्ष, २०२० अन्तर्गत कार्यक्रम सञ्चालनको लागि नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयबाट २०७६।०७७ मा प्राप्त गरेको रकममध्ये रु.१० लाख ७२ हजार खर्च नभई मौज्दात रहेको पाइयो । उक्त कार्यक्रम हाल सञ्चालनमा नरहेकोले सो रकम संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

७. **वृक्षारोपण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय परिसरमा वृक्षारोपण गर्न एक कर्मचारीलाई पेस्की दिई ज्यामी ज्याला, विरुवा खरिद र रंगरोगन समेत गरी रु.९ लाख ३१ हजार खर्च लेखेको छ । वृक्षारोपण कार्यको स्थलगत अनुगमन गर्दा वृक्षारोपण स्थलमा विरुवाहरू रहेको देखिएन । मन्त्रालय परिसरमानै वृक्षारोपण गरेको भएतापनि उचित संरक्षण नहुँदा खर्चको उपादेयता देखिएन । विरुवाको उचित संरक्षण एवं व्यवस्थापन गर्नुपर्दछ ।

८. **बैठक भत्ता** - प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को परिच्छेद ३ (१४) मा बैठक भत्ता भुक्तानी सम्बन्धी व्यवस्था गरेको छ । उक्त निर्देशिकाको बुँदा नं ३ मा प्रचलित कानुन तथा कुनै निर्णय एब आदेशबाट गठित समिति बा कार्यदलको बैठकको लागि मात्र बैठक भत्ता प्रदान गरिने व्यवस्था रहेको छ । मन्त्रालयले विभिन्न समितिको बैठक भत्ता वापत रु.१४ लाख ३ हजार भुक्तानी गरेकोमा ती समिति वा कार्यदलको गठन सम्बन्धी निर्णय पेस नभएको र समितिहरू गठनको कारण तथा आधार खुलाएको छैन । अनावश्यक रुपमा समिति गठन गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

उपभोक्ता हित संरक्षण निर्देशनालय

९. **सफ्टवेयर खरिद तथा उपयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ । निर्देशनालयले ३ सफ्टवेयर खरिद गरी रु.१३ लाख ९६ हजार खर्च लेखेको छ । कुनैपनि वस्तु वा सेवा खरिद गरेपछि उपयोगमा ल्याउन सक्ने नसक्ने विश्लेषण गरी तथा आवश्यकता पहिचान गरी खरिद गर्नुपर्नेमा ती सफ्टवेयरहरू लेखापरीक्षण अवधि २०७९ वैशाखसम्म पनि उपयोगमा ल्याएको देखिएन । आवश्यकताको विश्लेषण नगरी खर्च गर्नेलाई जिम्मेवार बनाई उपयोगमा ल्याउनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१०. **बिल भरपाई** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० र अनुसूची १ मा निर्माण कार्यको लागत अनुमानमा कामको प्रयोजन नखुलाई एकमुष्ट रकम समावेश गर्ने व्यवस्था छैन । सप्तरी डिभिजनले लागत अनुमानको प्रोभिजनल सममा एकमुष्ट रकम राखेको र कामको प्रयोजन नखुलाई बिल भरपाईसमेत संलग्न नगरी १२ उपभोक्ता समितिलाई रु १० लाख ९ हजार भुक्तानी

गरेको छ। कामको विस्तृत नापजाँच, मूल्याङ्कन र बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

११. **वनक्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा १७ मा नेपाल सरकारको अधिकार प्राप्त व्यक्तिबाट पट्टा पुर्जी पाएको बाहेक वनक्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने व्यवस्था छ । सम्बन्धित वन कार्यालयले वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई वनक्षेत्र संरक्षण योजना, २०७० अनुसार वनक्षेत्र अतिक्रमण रोक्ने तथा अतिक्रमित वनक्षेत्रबाट अतिक्रमण हटाउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।सिरहा डिभिजनबाट प्राप्त विवरण अनुसार जिल्लामा २०६६/६७ सम्म कुल १ हजार ९५ हेक्टर वनक्षेत्र अतिक्रमण भएकोमा ९३ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त गरी वृक्षारोपण गरेको जनाएको छ । बाँकी १ हजार २ हेक्टर वनक्षेत्र अतिक्रमित भईरहेको अवस्था छ । यस्तै पर्सा डिभिजनले ३८१ हेक्टर वनक्षेत्र गत विगत वर्षमा अतिक्रमण भएकोमा यो वर्ष २७ हेक्टरमा वृक्षारोपण र ६० हेक्टर अतिक्रमण हटाएको छ । उक्त जग्गा अतिक्रमण मुक्त गरी उपयोगमा ल्याउनुपर्दछ ।

१२. **पार्क निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा आयोजनाको प्रतिफल समेत विचार गरी योजना छनौट गर्ने र सो अनुसार सम्पन्न हुने गरी बजेट व्यवस्था गर्नुपर्दछ । सिरहा डिभिजनले सुखानगरकट्टी-५ सिरहामा राम जानकी पार्क निर्माण कार्यको लागत अनुमान रु.४४ लाख ४० हजार रहेकोमा उपभोक्ता समिति मार्फत काम गराई रु.३८ लाख १८ हजार भुक्तानी गरेको छ ।पार्कको स्थलगत निरीक्षण गर्दा समितिले सम्झौता अनुसार काम गरेतापनि पूरै क्षेत्रफलमा कम्पाउण्ड वाल लगाई पार्क संरक्षण नगरेसम्म हाल गरेको लगानीको औचित्य रहने देखिएन । बाँकी काम पूरा नगरेमा हाल गरेको लगानी प्रतिफलविहीन हुने देखिन्छ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहत १४ निकायको रु.७ करोड ८८ लाख ५७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.४६ लाख २७ हजार फर्स्यौट भई रु.७ करोड ४२ लाख ३० हजार बाँकी रहेको छ । सो मध्ये रु.९७ लाख ४६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशभित्रको कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २७ कार्यालयको विनियोजन तर्फ रु.१ अर्ब ७१ करोड ६६ लाख ४२ हजार, राजस्वतर्फ रु.१ करोड २२ लाख ५८ हजार, धरौटी तर्फ रु.४ करोड ६७ लाख ३२ हजार र अन्य कारोबार तर्फ रु.१ करोड २३ लाख ६४ हजारसमेत रु.१ अर्ब ७८ करोड ७९ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारी मध्ये कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कृषि जन्य र पशुपन्छीजन्य औषधि विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमि सुधार भू-उपयोग तथा चक्लावन्दी सम्बन्धी नीति, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन लगायतका नीतिहरू तर्जुमा गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याईएकोमा सुधार भएको छैन । उल्लिखित नीतिहरू तर्जुमा गरी लागु गर्नुपर्दछ।

२. **बजेट समर्पण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने दायित्व विभागीय मन्त्रीको हुने र दफा २१ (३) मा विनियोजन ऐनमा समावेश भएको रकम दोस्रो चौमासिक सम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा चैत्र १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रीस्तरीय २०७८/२/३० को निर्णयबाट मन्त्रालयमा विनियोजित बजेट रु ८४ करोड ९७ लाख ७७ हजारमध्ये रु ६७ करोड ५७ लाख ७७ हजार बजेट समर्पण गर्ने निर्णय भएतापनि समर्पण भएको देखिएन ।यसरी मन्त्रालयले खर्च गर्न नसकेको बजेट समर्पण नगरेकोले उक्त बजेट निष्क्रिय रहेको देखियो । समयमै बजेट समर्पण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने र तत्पश्चात् पनि वित्तीय विवरण पेस नगरेमा विभागीय कारबाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि गरेको छैन । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेस गर्नुपर्दछ ।

४. **केन्द्रीय प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण कृषि तथा पशु विकासका क्षेत्रमा गरेको समग्र लगानीको उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन । नियम ३६ (४) मा प्रगति विवरण तोकिएको समयमा नपठाउने कार्यालय प्रमुखलाई लेखाउत्तरदायी अधिकृतले ऐन बमोजिम कारवाही गर्ने व्यवस्था भएकोमा प्रगति विवरण नपठाउने कार्यालयलाई सचेत गराई समयमै प्रगति विवरण लिने र त्यसको एकीकृत प्रगति समीक्षा गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण** –प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन ।आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

६. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ बमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, सहकारी लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन । आफ्नो र मातहत कार्यालयको एकीकृत सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार विभागीय मन्त्रीले योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कर्यान्वयन गराउने, लेखा उत्तरदायी अधिकृतले बेरुजु फर्स्यौंट गर्ने गराउने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने र कार्यालय प्रमुखले विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

८. **दुग्ध मिसन कार्यक्रम** - हुलाकी राजमार्ग लक्षित दुग्ध मिसन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०७७ को बुँदा १० (२) मा सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ बमोजिम कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राहीलाई अनुदान रकम भुक्तानी गर्नुपर्ने व्यवस्था

छ। प्रदेश अन्तर्गतका ८ जिल्लामा दुग्ध उत्पादन/कृषि सहकारी संस्था/दुध उत्पादनमा संलग्न संगठित कृषक समूह समितिहरू मध्येबाट प्रत्येक जिल्लाका ३ वटाको दरले २४ वटा छनौट गरेकोमा १८ वटा संस्थालाई रु.२ करोड १९ लाख ५१ हजार अनुदान दिएको छ ।मन्त्रालयले सहकारी संस्था मार्फत गरेको खर्चबाट राजस्व, रोजगारी, उत्पादन, सेवा जस्ता क्षेत्रमा भएको उपलब्धि मूल्याकंन गरेको छैन । अनुदानग्राही संस्थाहरूले खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएको खरिद विधि छनौटदेखि लागत अनुमान तयार गर्ने तथा लागत अनुमानको आधारमा प्रतिस्पर्धात्मक विधि छनौट गरी खरिद गर्ने र प्राप्त मालसमान स्पेसिफिकेशन बमोजिम समयमै प्राप्त भए नभएको यकिन गर्ने जस्ता कुनै पनि प्रक्रियाहरू अबलम्बन नगरी सिमित आपूर्तकसँग रु ५ लाख भन्दा बढीको एकै प्रकृतिको मोटरसहितको चापकटर र मिल्क क्यान जस्ता सामानहरू खरिद गरी मन्त्रालयमा बिल भरपाई पेस गरेको आधारमा रकम निकासा भएको छ ।

त्यस्तै सञ्चालन कार्यविधि, २०७७ को बुँदा ९ (२) मा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन नेपाल सरकारको सम्बन्धित प्राविधिकबाट प्रमाणित गराउनुपर्ने र कार्य सम्पन्न प्रतिवेदन तथा सुपरिवेक्षकको सिफारिसको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था भएतापनि गोठ मर्मत सुधार कार्यको कार्य सम्पन्न प्रतिवेदन बेगर १४ संस्थालाई रु १ करोड ४६ लाख २९ हजार अनुदान दिएको छ । कार्यक्रम सञ्चालन सम्बन्धी विधि र मापदण्ड कार्यान्वयन नभएको अवस्थामा अनुदान भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

९. **सर्भे उपकरण खरिद तथा प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गरी मात्र खरिद कारबाही गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष नापी सर्भे प्रयोजनको लागि ड्रोन क्यामेरा लगायतका सर्भे उपकरण रु ९७ लाख २० हजारमा खरिद गरेकोमा लेखापरीक्षण अवधि (२०७९ बैशाख) सम्म पनि प्रयोग नगरी मौज्दात राखेको पाइयो । खरिद भएका उपकरणहरू उद्देश्य अनुरुप उपयोगमा ल्याउनुपर्दछ ।

१०. **सवारी साधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा-७ अनुसार नेपाल सरकारको स्रोतबाट सवारी साधन खरिद नगर्ने तर अत्यावश्यक अवस्था परी सवारी साधन खरिद गर्नुपर्ने भएमा अर्थ मन्त्रालको सहमति लिएर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कृषि उपज ढुवानी कार्यको लागि सवारी साधन खरिद अनुदान सहयोग कार्यक्रम अन्तर्गत रु ८६ लाख विनियोजन भएकोमा मन्त्रालयले डबल क्याब पिक अप गाडी ३ थान रु. ८४ लाख ९० हजारमा खरिद गरेको देखिन्छ । कृषि उपज ढुवानी कार्यको लागि कृषक समुह सहकारी संस्थालाई अनुदान सहयोग दिने गरी कार्यक्रम स्वीकृत गरेकोमा कार्यालय प्रयोजनको लागि गाडी खरिद गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरी लगायत ३ कार्यालयलाई उपलब्ध गराएको छ। स्वीकृत कार्यक्रम विपरीत सवारी साधन खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **कम्प्युटर र प्रिन्टर वितरण -** मन्त्रालयले सहकारी संघ, विषयगत सहकारी संघ तथा महिला सहकारी संस्थाहरूको कार्यालयमा प्रयोग गर्न कम्प्युटर र प्रिन्टर वितरण गर्ने कार्यक्रमको लागि कम्प्युटर र प्रिन्टर ४०-४० थान रु.३१ लाख ८० हजारमा खरिद गरी ४० सहकारी संस्थाका अध्यक्षहरूलाई कम्प्युटर र प्रिन्टर १/१ थान हस्तान्तरण गरेको छ । सामान खरिद गरी सहकारी संस्थालाई दिने

कार्य कानुनी प्रावधान अनुरुप रहेको देखिएन । यस्तो खर्चमा नियन्त्रण गरी ती सामानहरू उद्देश्य अनुरुप प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

कृषि विकास निर्देशनालय

१२. **परामर्श खर्च -** निर्देशनालयले यो वर्ष कृषि सडक तथा अन्य निर्माण कार्यको लागत अनुमान तयार गर्ने, निर्माण कार्यको सुपरीवेक्षण गर्ने र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने कामको लागि ३ फर्मबाट परामर्श सेवा लिई रु.५७ लाख ९९ हजार खर्च लेखेको छ। उक्त खर्चमध्ये एक परामर्शदातासँग ४३ योजनाको कामको लागि प्रति योजना रु.४६ हजारका दरले रु.१९ लाख ९९ हजारको सम्झौता गरेको छ भने प्रत्येक कृषि सडक योजनाको लागि रु.३८ हजारका दरले भुक्तानी गर्ने गरी उपभोक्ता समिति र २ परामर्शदाता फर्मबीच भएको सम्झौता अनुसार रु.३८ लाख भुक्तानी गरेको छ। उपभोक्ता समितिले निर्माण गर्ने कृषि सडक योजनाको बजेट रु.२० लाखसम्म रहेको र सो बजेटबाट ग्राभेलस्तरको कृषि सडकको लागत अनुमान तयार गर्ने तथा नापजाँच मूल्याङ्कन गर्ने कामको लागि सिभिल इन्जिनियर ४ कार्य दिन, सब इन्जिनियर ७ कार्य दिन र क्याड अपरेटर २ कार्य दिनको पारिश्रमिक र अन्य खर्चसमेत प्रति योजना परामर्श सेवाको लागत अनुमान रु.४६ हजार ४ सय ९५ र रु.३८ हजार स्वीकृत गरेको छ। परामर्श सेवाको लागत अनुमानमा प्राविधिकको लागि राखेको कार्य दिनको आधार खुलाएको देखिएन।

निर्देशनालयले तयार गरेको परामर्श सेवाको लागत अनुमान अनुसार परामर्शदाताले १२३ कृषि सडक र अन्य १४३ योजनाको सम्पूर्ण काम गर्न एक महिना अवधिमा १९ जना इन्जिनियर, ३४ जना सव इन्जिनियर र १० जना क्याड अपरेटरलाई खटाउनु पर्ने र निर्देशनालयले ती जनशक्तिलाई योजना बाँडफाँट गरी काम गराएको हुनुपर्दछ। ती योजनाहरूको कागजात परीक्षण गर्दा सबै योजनाको लागत अनुमान, नापजाँच, मूल्याङ्कनमा एकै जना प्राविधिकले हस्ताक्षर गरेको देखिन्छ। परामर्शदाताले उल्लिखित संख्यामा जनशक्ति खटाएको र निर्देशनालयले योजना तथा साइट तोकी काम लगाएको प्रमाण पेस भएन। उल्लिखित जनशक्तिले काम गरेको प्रमाण पेस गरी परामर्श सेवाको खर्च यकिन गर्नुपर्दछ ।

१३. **नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा तोकेको नर्म्स प्रयोग गरी जिल्ला दररेट अनुसारको दरले लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले यो वर्ष १२३ वटा कृषि सडक निर्माण गरी रु.२८ करोड २० लाख ३९ हजार खर्च लेखेको छ। सडक विभागले प्रयोग गर्ने गरेको सडक निर्माण सम्बन्धी नर्म्स अनुसार सडकको इम्वेकमेण्ट निर्माण गर्न माटो राखेपछि पानी छर्की रोलरले कम्प्याक्सन गर्ने र ग्राभेल राखेपछि समेत रोलरद्धारा कम्प्याक्सन गर्ने कामको लागि १ घनमिटर कम्प्याक्सन गर्न १.२० घन मिटर माटो लाग्ने र २०० घन मिटर ग्राभेल गर्न २५६ घन मिटर ग्राभेल लाग्ने उल्लेख छ । निर्देशनालयले निर्माण गर्ने सडकमा रोलरबाट कम्पयाक्सन नगर्ने हुनाले उक्त नर्म्स प्रयोग गरेको उपयुक्त देखिएन । यसरी फरक प्रकृतिको कामको लागि तयार गरेको नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको कारण लेखापरीक्षण क्रममा छनौटमा परेको ५२ वटा योजनामा मात्र रु.१ करोड ५४

लाख २७ हजार थप व्ययभार परेको छ।कामको प्रकृति अनुसारको नर्म्स प्रयोग गरी दर विश्लेषण हुनुपर्ने र सडक निर्माणको खर्च यकिन गर्नुपर्दछ ।

१४. **सडक निर्माणको मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले कृषि सडक निर्माण गर्न परामर्शदाताले तयार गरेको १२३ योजनाको लागत अनुमान र कार्यसम्पन्न भएपछि कामको मूल्याङ्कन गरी तयार गरेको नापी किताव र रनिङ बिलमा सबै योजनाको कामको सबै आइटमको परीमाण समान देखाएको छ। सबै कृषि सडकको चौडाई ४ मिटर हुने गरी लागत अनुमान तयार गरेकोमा ४/४ मिटर चौडाईमा नै माटो र ग्राभेल हालेको नापी किताबमा उल्लेख छ । माटो ४ मिटर चौडाइमा राखेपछि ग्राभेल ४ मिटर भन्दा कम चौडाइमा राख्नुपर्ने देखिन्छ । केही योजनाको अवलोकन गर्दा माटो फिलिङको चौडाई भन्दा ग्राभेल फिलिङको चौडाइ घटी नै देखिएको छ । यसरी सबै योजनाको लागत अनुमान र सम्पन्न कामको परिमाणमा कुनै फरक नहुने स्थिति विश्वसनीय देखिएन । लेखापरीक्षणको क्रममा केही सडकको अवलोकन गरिएकोमा नापी किताव र साइटको अवस्थामा भिन्नता देखिएको छ ।यस सम्बन्धमा साइटमा सम्पन्न कामको यथार्थ नापजाँच गरी वास्तविक मूल्याङ्कन भन्दा बढी भुक्तानी देखिएमा सो समेत असुल गर्नुपर्दछ ।

१५. **कस्टम हायरिङ सेन्टर स्थापना -** कृषि सम्बन्धी बाली बस्तु उत्पादनदेखि भण्डारका गतिविधिमा प्रयोगमा आउने कृषि औजार, उपकरण, यन्त्र तथा मेशिनरीहरू खरिद गरी प्रयोग गर्न नसक्ने कृषकहरूले उपकरणहरू सहुलियत दरमा भाडामा उपलब्ध गराउने उद्देश्यले स्थानीय तह, सहकारी संस्था तथा कृषिजन्य उद्योगहरूलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा त्यस्ता उपकरणहरू उपलब्ध गराउन कस्टम हायरिङ सेन्टर स्थापना तथा सञ्चालन विधि, २०७७ लागु गरेको छ।यो वर्ष कस्टम हायरिङ सेन्टर स्थापना गर्न रु.१० करोड विनियोजन भएकोमा ७ वटा सहकारी संस्थालाई रु.३ करोड ६६ लाख ७२ हजार र २ निजी चिनी मिललाई रु.२ करोड ३ लाख ४६ हजार समेत ९ वटा सेन्टर स्थापना गरी रु.५ करोड ७० लाख १७ हजार अनुदान उपलब्ध गराएको सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

१५.१. कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को बुँदा १६ मा कस्टम हायरिङ सेन्टर स्थापना लगायतका सेवाहरूमा सेवाग्राही कृषकहरूलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था अनुदान ग्राहीसँगको सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। कस्टम हायरिङ सेन्टर स्थापनार्थ मेशिन उपकरणहरू अनुदान प्राप्त गर्ने संस्था र निर्देशनालय बीच भएको सम्झौतामा कृषकहरूलाई चलन चल्ती भन्दा सहुलियत दरमा भाडामा प्रयोग गर्न दिनुपर्ने उल्लेख भएतापनि भाडामा दिने छुट रकम वा प्रतिशत स्पष्ट खुलाएको छैन भने कृषकले सहुलियत दरमा उपकरण, मेसिनहरू भाडामा प्राप्त गरे नगरेको अनुगमन गर्ने संयन्त्र नरहेको र अनुगमन समेत भएको देखिएन। कृषकलाई सहुलियत दिने उद्देश्यले कस्टम हायरिङ सेन्टर स्थापना गरेतापनि कृषकले सहुलियत पाएको सुनिश्चित हुने अवस्था

देखिएन। अनुदान प्राप्त गर्ने संस्थासँग सम्झौता गर्दा कृषकले प्राप्त गर्ने सहुलियत दर स्पष्ट खुलाई अनुगमन गर्नुपर्दछ।

१५.२. कस्टम हायारिङ सेन्टर स्थापना गर्न २ निजी चिनी मिललाई मेशिन उपकरण खरिद गर्न रु.२ करोड ३ लाख ४६ हजार अनुदान दिएकोमा सो रकमबाट कृषकले सहुलियत पाउने देखिएन । यसरी अनुदान दिँदा राजस्व, उत्पादन तथा रोजगारीमा वृद्धि हुने सुनिश्चित हुनुपर्दछ । साथै निजी कम्पनीलाई अनुदान दिने नीति सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

१५.३. कार्यविधिको बुँदा ४(१) मा कस्टम हायरिङ सेन्टर स्थापना गर्न ईच्छुक सहकारी संस्थाले सेन्टर स्थापनाका लागि आवश्यक घर, टहरा सम्बन्धित प्रस्तावकले उपलब्ध गराउनुपर्ने उल्लेख छ। यस्तै कृषि क्षेत्रमा अनुदान परीचालन कार्यविधि २०७६ मा कृषि उपज संकलन कार्यमा सेड लगायतका पूर्वाधारमा अनुदान दिने व्यवस्था भएतापनि कस्टम हायरिङ सेन्टर स्थापना गरिने संस्थामा सेडको लागि अनुदान दिने व्यवस्था छैन । बारा जिल्लाको करैयामाई ५ तेतरिया स्थित एक सहकारी संस्थालाई रु.८० लाख ७६ हजार अनुदान दिएकोमध्ये टहरा निर्माण गर्न टहराको लागत रु.२७ लाख २७ हजारको ५० प्रतिशतले हुने रु.१३ लाख ६३ हजारसमेत अनुदान दिएको देखियो। कार्यविधि अनुसार टहरा निर्माणको लागि अनुदान दिन मिल्ने नदेखिएकोले उक्त रकम सो संस्थाबाट असुल हुनुपर्दछ।

१६. **कृषि उपज संकलन र भण्डारण केन्द्र अनुदान -** कृषि अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ अनुसार कृषि उपज संकलन केन्द्र निर्माण गर्न लागत रकमको ८५ प्रतिशत वा अधिकतम रु.२५ लाखसम्म अनुदान दिने व्यवस्था अनुरुप यो वर्ष रु.२ करोड ४० लाख बजेट व्यवस्था भएकोमा १२ सहकारी संस्थालाई रु.२ करोड ३२ लाख १४ हजार र कृषि उपज भण्डारण केन्द्र निर्माणको लागि ५० प्रतिशत अनुदान दिने व्यवस्था अनुसार यो वर्ष रु.२ करोड बजेट व्यवस्था भएकोमा ४ वटा कृषि सहकारी संस्थालाई रु.९४ लाख ८५ हजार अनुदान उपलब्ध गराएको छ।

उक्त कार्यविधिको बुँदा नं.८ मा कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमको अनुदानग्राहीले विमा गर्नुपर्ने उल्लेख भएकोमा कुनै पनि संस्थाले विमा गरेको देखिएन। अनुदानबाट निर्माण भएका संरचनाहरू उद्देश्य अनुरुप सञ्चालन भए नभएको, ति संरचनाका कारण कृषि उपज संकलन, भण्डारण तथा विक्री कार्यमा परेको प्रभाव सम्बन्धमा अनुदान प्रदान गर्ने निकायले अनुगमन गरी उद्देश्य अनुरुप सञ्चालन भएको सुनिश्चित हुनुपर्दछ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

१७. **ओभरहेड भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउँदा ओभरहेड मूल्य, अभिबृद्धि कर र जनसहभागितको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहको छ । निर्देशनालयले लाभग्राहीसँग अनुदान सम्झौता गरी लाभग्राही स्वयंले गरेका मत्स्य तथा पशुपालन कार्यको लागि माछा पोखरी निर्माण, गोठ निर्माण लगायतका विभिन्न निर्माण कार्यको लागत अनुमानमा ओभरहेड र सोको मूल्य अभिवृद्धि करसमेत समाबेश भएको र सोही आधारमा कामको मूल्याङ्कन गरी भुक्तानी दिएको छ । यसरी ४२

लाभग्राहीलाई भुक्तानी दिन नमिल्ने ओभरहेड र मूल्य अभिवृद्धि कर रु ५६ लाख ३३ हजार भुक्तानी दिएकोले उक्त रकम सम्बन्धित अनुदानग्राहीबाट असुल गर्नुपर्दछ ।

१८. **मूल्य अभिवृद्धि कर** - निर्देशनालयले उपभोक्ता समिति मार्फत सम्पन्न निर्माण कार्यको पूरै लागतमा मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेको छ। उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामग्रीको लागतमा मात्र मूल्य अभिवृद्धि कर दिन मिल्नेमा योजनाको पूरै लागतमा थप गरी मूल्य अभिवृद्धि कर रु ७४ लाख ५१ हजार भुक्तानी गरेको सम्बन्धमा छानविन गरी मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामग्रीको बिल रकम यकिन गरी बढी भुक्तानी भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

१९. **बढी भुक्तानी** - कार्यालयले मिल्क एनालाइजर सेट ३ थानको रु.१२ लाख ५४ हजारमा खरिद गरेको विजक पेस भएकोमा ५० प्रतिशत अनुदानमा अग्रिम कर, धरौटी तथा मूल्य अभिवृद्धि कर कट्टा गरी रु.५ लाख १२ हजार भुक्तानी हुनुपर्नेमा रु.११ लाख २९ हजार भुक्तानी भएकोले बढी भुक्तानी रु.६ लाख २७ हजार असुल गर्नुपर्दछ।

कृषि ज्ञान केन्द्रहरू

२०. **कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम बिल भुक्तानी दिनुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, सप्तरीले यो वर्ष कृषकको लागत साझेदारी १५ प्रतिशत र कार्यालयले ८५ प्रतिशत भुक्तानी दिने गरी बोलपत्रको माध्यमबाट स्यालो ट्यूववेल मोटर पम्पसेट ५८ र समर्सिबल स्यालो ट्यूववेल ३० सेट सहित ८८ सेट खरिद गरी एक आपूर्तकलाइ रु७५. लाख १३ हजार भुक्तानी गरेको छ । खरिद भएका ट्युववेल प्रति कृषक रु१५. हजारका दरले धरौटी लिई ८८ कृषकलाई वितरण गरेको छ । सबै कृषकहरूले स्यालो ट्यूववेल जडान कार्य सम्पन्न गरेको प्रतिवेदन पेस गरेको छैन । पम्पसेटहरू जडान भएको कार्य सम्पन्न प्रतिवेदन पेस हुनुपर्दछ ।

२१. **अनुगमन** - कृषि ज्ञान केन्द्र, सप्तरीले यो वर्ष कृषकको लागत साझेदारी समेतमा पावर टिलर,थ्रेसर, रोटाभेटर, राइस प्लान्ट, कम्वाइन हार्भेष्टर, मिनिटिलर र मिनिरिपर लगायतका सामान बोलपत्रको माध्यमबाट रु.१ करोड ५० लाख ५५ हजारमा खरिद गरी कृषकलाई वितरण गरेको छ । वितरण भएका ती सामानहरू उद्देश्य अनुरुप सदुपयोग भए नभएको अनुगमन गरेको पाइएन । वितरण भएका सामानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतका २३ निकायको रु.१० करोड ८४ लाख १७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.१८ लाख ७२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी र जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका ३२ कार्यालय समेतको विनियोजनतर्फ रु.६ अर्ब ५० करोड ९४ लाख ५१ हजार, राजस्व रु.२ अर्ब २४ करोड १० लाख ६२ हजार, धरौटी रु.६० करोड १४ लाख ४३ हजार र अन्य कारोवार रु.१ करोड ३८ लाख ९० हजार समेत रु.९ अर्ब ३६ करोड ५८ लाख ४६ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा विनियोजन भई यस मन्त्रालय मातहतका कार्यालयहरूले खर्च गरेको निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु.२ अर्ब ३४ करोड ३१ लाख ६९ हजार समेत कुल रु.११ अर्ब ७० करोड ९० लाख १५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा एवं कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति, राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन विकास, प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, योजना तर्जुमा र सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा लगायतका कार्य हुन बाँकी देखिन्छ । उक्त नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा वजेट तथा कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयन हुने चरणमा पुगेका योजनाको लागि वजेट व्यवस्था गर्ने उल्लेख छ । मन्त्रालयको लागि रु.३ अर्ब ७ करोड ५८ लाख शुरु बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.७९ करोड ५० लाख कायम गरी शुरु विनियोजन भन्दा ७४.१५ प्रतिशत घटी खुद बजेट कायम गरेको छ । सोमध्ये संघीय सर्शत अनुदानतर्फ शुरु बजेट विनियोजन रु.२ अर्ब ४२ करोड ९३ लाख रहेकोमा रु.२ अर्ब २४ करोड ६८ लाख घटाई रु.१८ करोड २५ लाख खुद बजेट कायम गरेको छ । बजेट घट्नुको कारण मन्त्रालयले स्पष्ट गरेको छैन । मन्त्रालयले रु.३९ करोड ७२ लाख खर्च गरी शुरु बजेटको तुलनामा १२.९१ प्रतिशत र खुद बजेटको तुलनामा ४९.९६ प्रतिशत खर्च गरेको छ । मन्त्रालय स्वयंमले विनियोजित बजेट खर्च गर्न सकेको देखिएन ।खर्च गर्ने क्षमता वृद्धि गरी निर्धारित लक्ष्य प्राप्त गर्नुपर्दछ ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध

गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । म्याद थप भएको अवधिमा पनि वित्तीय विवरण पेस नगरेमा विभागीय कारबाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ। यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेस गर्नुपर्दछ ।

४. **एकीकृत प्रगति विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहत निकायले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन । मन्त्रालयले नियमावलीको पालनामा ध्यान दिनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र मातहतका सबै कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । विभिन्न निर्माण कार्य सञ्चालन गर्दा राख्नु पर्ने कार्यक्रम खर्च अभिलेख खाता, ठेक्का अभिलेख खाता, धरौटीको व्यक्तिगत अभिलेख, ठेक्कागत कन्टिन्जेन्सी खर्च खाता, मन्त्रालय र मातहतको सम्पत्तिको अभिलेख लगायतका खाता नराखेबाट आन्तरिक नियन्त्रण व्यवस्था सबल देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार विभागीय मन्त्रीले योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कर्यान्वयन गराउने लेखा उत्तरदायी अधिकृतले बेरुजु फर्स्यौंट गर्ने गराउने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने र कार्यालय प्रमुखले विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

७. **कार्यक्रम कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ बमोजिम विनियोजित बजेट खर्च गर्न नसकेमा त्यस्को जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । मन्त्रालय स्वयंले कार्यान्वयन गर्ने गरी स्वीकृत भएका कार्यक्रम मध्ये रु.१४ करोड ७० लाखको २० वटा योजना, कार्यक्रमको प्रगति शुन्य देखिएको छ। विनियोजित रकम खर्च गरी लक्ष्य प्राप्त गर्नुपर्दछ । मन्त्रालयले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ ।

८. **बस खरिद -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा प्रस्तावित योजनाको लागत अनुमान र प्राप्त हुन सक्ने प्रतिफल खुलाई योजनाको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले

जनकपुरबाट राजविराज र वीरगंजसम्म प्रदेश परिवहन सेवा सञ्चालन गर्न ५ वटा बस खरिद गर्ने र बसको लागत अनुमान रु.३ करोड ५० लाख हुने गरी मन्त्रिस्तरबाट २०७६।११।१ मा निर्णय गरेको छ। सो निर्णय अनुरुप ५० सिट क्षमता भएको ५ वटा बस रु.३ करोड ३९ लाख ९० हजारमा खरिद गरेको छ। बस खरिद गर्नुपूर्व लागत-लाभ विश्लेषण नगरेको र बस सञ्चालन गर्ने व्यवसायिक योजना समेत तयार गरेको छैन ।खरिद गरेका बसहरू २०७७।९।९ मा प्राप्त भएकोमा हालसम्म पनि सञ्चालन गरेको छैन । बस खरिद सम्झौतामा बस बुझी लिएको अवधिबाट एक वर्षको वारेण्टी रहने उल्लेख भएकोमा बस प्राप्त भएको मितिबाट एक वर्षसम्म बस प्रयोग नै नभएकोले वारेण्टी अवधि गुज्रेको देखियो। बसहरू प्रदेशले सञ्चालन गर्दा प्रदेश सरकारलाई राजस्वमा नोक्सानी पर्न जाने भनी मन्त्रिपरिषद्को २०७८।११।२४ को निर्णय अनुसार प्रदेश सरकार मातहतका ४ कार्यालयलाई ५ वटा बस हस्तान्तरण गरेको छ। तर ती कार्यालयहरूले समेत बस सञ्चालन गरेको देखिएन। यसरी अध्ययन, विश्लेषण र आवश्यकता बेगर बस खरिद गरी प्रयोगविहिन अवस्थामा राख्नेलाई कानुन बमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

९. **रोड डिभाईडर र वेरियर टेप खरिद -** मन्त्रालयले कार्यान्वयन गर्ने गरी यातायात व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन गर्न रु.५० लाख बजेट विनियोजन गरेकोमा सो रकमबाट प्लाष्टिकबाट बनेको सडक डिभाईडर सानो साईजको २०४ वटा र ठुलो २३५ वटा तथा वेरियर टेप ३९ थान खरिद गरी रु.४९ लाख २१ हजार भुक्तानी गरेको छ । खरिद भएका डिभाईडर तथा टेप प्रहरी प्रधान कार्यालय मातहतको प्रदेश प्रहरी कार्यालय, जनकपुरलाई २०७८।५।२९ मा हस्तान्तरण गरेकोमा सामग्रीको उपयोगको अवस्था स्पष्ट भएन। मन्त्रालय मातहत ट्राफिक व्यवस्थापन गर्ने इकाइ नरहेको अवस्थामा सामान खरिद गरी संघीय सरकारको कार्यालयलाई हस्तान्तरण गरेको औचित्यपूर्ण देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

१०. **पुल निर्माणको प्रगति -** निम्न निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा तोकिएको अवधिमा निश्चित प्रतिशत भौतिक प्रगति नभएमा निर्धारित पूर्व क्षतिपूर्ति लिने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन्:

१०.१. बारास्थित दुधौरा नदीको रमौलीघाटमा डिजाईन एण्ड विल्ट सम्झौता अन्तर्गत पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।६।२८ मा ३० महिनामा निर्माण सम्पन्न गर्ने गरी रु.१२ करोड ७० लाख ७२ हजारको खरिद सम्झौता भएकोमा २०७८ आषाढसम्म रु.५ करोड ५ लाख ५३ हजार भुक्तानी गरेको छ। उक्त सम्झौताको विशेष शर्तमा १८ महिनामा ५० प्रतिशत भौतिक प्रगति हुनुपर्ने उल्लेख छ। सम्झौतामा फाउण्डेशनको कामलाई ३५ प्रतिशत, सव स्ट्रक्चरलाई १५ प्रतिशत र सुपर स्ट्रक्चरलाई ५० प्रतिशत भार दिएकोले २०७७ चैत्र मसान्तमा ५० प्रतिशत अर्थात सब स्ट्रक्चरसम्मको काम सम्पन्न हुनुपर्ने देखिन्छ। निजले २०७८ आषाढ मसान्तसम्म फाउण्डेशनको पूरै काम र सव स्ट्रक्चर ४ मध्ये ३ वटा गरी जम्मा ४६.२५ प्रतिशत भौतिक प्रगति गरेको छ। उक्त प्रगति नपुगेमा सम्झौता रकमको ६० प्रतिशतले हुने रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिने उल्लेख छ । मन्त्रालयका सचिवस्तरबाट २०७९।१।१३ मा सो ठेक्काको काम २०७८।१२।२८ सम्म ६० प्रतिशत भौतिक प्रगति हुनुपर्ने र २०७९।१२।२७ मा सम्पन्न गर्ने गरी म्याद थप गरेको छ । पुल निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

१०.२. बारास्थित दुधौरा नदीको बदहरवाघाट पुल डिजाईन एण्ड विल्ट सम्झौता अन्तर्गत निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।६।२९ मा ३० महिनामा सम्पन्न गर्ने गरी रु.१० करोड १५ लाख ४५ हजारको खरिद सम्झौता भएको छ। खरिद सम्झौताको विशेष शर्तमा १८ महिनामा ६० प्रतिशत भौतिक प्रगति हुनुपर्ने र उक्त प्रगति नपुगेमा सम्झौता रकमको ६० प्रतिशतले हुने रकमको प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ। खरिद सम्झौतामा फाउण्डेशनसम्मको कामको ३५ प्रतिशत, सव स्ट्रक्चरको १५ प्रतिशत र सुपरस्ट्रक्चरको ५० प्रतिशत भार हुने गरी भौतिक प्रगति निर्धारण गरेकोले २०७७ चैत्रसम्म फाउण्डेशन र सबस्ट्रक्चरको पूरै काम र सुपरस्ट्रक्चरको समेत २० प्रतिशत काम सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीले २०७८ आषाढ मसान्तसम्म ५० प्रतिशत मात्र भौतिक प्रगति हासिल गरेकोमा मन्त्रालयका सचिवस्तरबाट २०७९।१।१३ मा सो ठेक्काको काम २०७८।१२।२८ सम्म ६० प्रतिशत भौतिक प्रगति हुनुपर्ने र २०७९।१२।२७ मा सम्पन्न गर्ने गरी म्याद थप गरेको छ । पुल निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

११. **डिपिआर खर्च -** कुनैपनि योजना स्वीकृत भै स्रोत सुनिश्चितता भएपछि मात्र विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालयले ६ वटा पुलको डिपिआर तयार गरी रु.१४ लाख ८५ हजार खर्च गरेको छ। उक्त ६ वटा पुल मध्ये एउटा पुलको ठेक्का व्यवस्थापन भएको छ भने बाँकी ५ वटा पुल निर्माण कार्यको लागि कार्यक्रम स्वीकृत नभएकोले कार्यान्वयन हुने स्थिति देखिएन। उक्त प्रतिवेदनहरू कार्यान्वयन हुनुपर्दछ ।

१२. **कार्यसम्पादन जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा बोलपत्र स्वीकृत भएपछि निर्माण व्यवसायीले त्रुटि सच्चाउने अवधि भन्दा कम्तिमा एक महिना बढीको अवधि भएको कार्यसम्पादन जमानत पेस गरेपछि मात्र संम्झौता गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले ठेक्का व्यवस्थापन गरेको २ वटा पुलको त्रुटि सच्चाउने अवधि ५ वर्ष रहेकोमा उक्त ठेक्काको लागि पेस गरेको रु ४ करोड ९७ लाखको कार्यसम्पादन जमानतको म्याद २०८३।४।२४ सम्मको हुनुपर्नेमा २०८०।३।२१ सम्म रहेको छ। यसरी नियमको व्यवस्था भन्दा घटी अवधिको जमानत पेस गरेको अवस्थामा खरिद सम्झौता गर्न नमिल्नेमा सम्झौता गरेको पाईयो। नियममा भएको व्यवस्था अनुसारको अवधि भएको कार्यसम्पादन जमानत पेस हुनुपर्दछ ।

१३. **इन्धन खर्च** - मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ अनुसूची १ मा मन्त्रीलाई २५० लि. प्रति महिनाका दरले इन्धन उपलब्ध गराउने व्यवस्था छ । साथै मधेश प्रदेश सरकारले जारी गरेको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को अनुसूची ४ मा प्रदेश सचिवलाई १०० लि. मासिक, अन्यलाई ७० लि. मासिक तथा दुई पाङ्ग्रेलाई १० लि. प्रति महिनाका दरले इन्धन सुविधा दिने व्यवस्था छ । मन्त्रालयले यो वर्ष पदाधिकारी इन्धन बजेटबाट रु. १२ लाख ३७ हजार र कार्यालय प्रयोजनको बजेटबाट रु. १३ लाख १ हजार समेत रु. २५ लाख ३८ हजार इन्धन खर्च गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । मन्त्रालयमा रहेका चारपाङ्ग्रे ४ तथा दुइपाङ्ग्रे १६ सवारी साधनको लागि मापदण्ड अनुसार इन्धनको औसत दर रु. १०० लाई आधार लिँदा करिब रु. ७ लाख ८० हजार खर्च गर्नुपर्नेमा रु. २५ लाख ३८ हजार खर्च गरी रु. १७ लाख ५८ हजार बढी खर्च गरेको

छ । प्रत्येक सवारी साधनमा प्रयोग भएको इन्धनको अभिलेख राखी मापदण्ड बमोजिम खर्च गर्नुपर्दछ।

यातायात पूर्वाधार निर्देशनालय

१४. **जोखिममा पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधिभित्र सम्पादन नगरेको कारण पेस्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फस्यौंट गर्नु पर्ने व्यवस्था छ। निर्देशनालयले विभिन्न योजनाका ३ निर्माण व्यवसायीलाई रु.८५ लाख ६२ हजार मोविलाईजेशन पेस्की दिएकोमा निर्माण व्यवसायीले सम्झौता अवधि २०७८ आषाढ समान्तसम्म पनि निर्माण कार्य सुरु गरेको देखिएन । पेस्की रकमको जमानतको म्याद समेत समाप्त भएकोले जोखिममा परेको छ। उक्त रकम नियमावलीको प्रवाधान बमोजिम ब्याजसहित असुल हुनुपर्दछ ।

जलश्रोत तथा सिंचाइ विकास डिभिजनहरू

१५. **जियो व्याग खरिद तथा मौज्दात -** जलश्रोत तथा सिँचाई विकास डिभिजन, धनुषाले जिन्सी खाता अनुसार कार्यालयमा गत वर्षसम्मको बाँकी जियो व्याग रु.१ करोड १८ लाख १७ हजार मूल्यका २६ हजार ४३७ थान रहेको र यो वर्ष खरिद रु.५८ लाख ५६ हजारको १३ हजार १०० थान समेत रु.१ करोड ७६ लाख ७३ हजार मूल्यको ३९ हजार ५३७ थानमध्ये यो वर्ष रु.८९ लाख ७७ हजारको २० हजार ८२ थान खर्च भई आर्थिक वर्षको अन्तमा कार्यालयमा रु.८६ लाख ९६ हजार मूल्यको १९ हजार ४५५ थान मौज्दात रहेको छ। कार्यालयले यो वर्ष रु.८९ लाख ७७ हजार मूल्यको २० हजार ८२ थान जियो व्याग उपभोक्ता समितिहरूलाई बुझाई खर्च देखाएकोमा कुनै पनि योजनाको लागत अनुमान तथा नापी कितावमा ती व्यागहरू प्रयोग भएको देखाएको छैन। यसरी योजनाको लागत अनुमानमा जियो व्यागको लागत समावेश नगर्दा योजनाको वास्तविक लागत नदेखिने र ती जियो व्याग खर्च भएको यकिन गर्न सकिएन । गतवर्षको मौज्दात समेत खर्च नभएकोमा यो वर्ष पुनः रु.५८ लाख ५६ हजारको १३ हजार १०० थान खरिद गरी मौज्दात राखेको उपयुक्त देखिएन ।अनावश्यक रुपमा सामान खरिद गरी मौज्दात राख्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ । साथै खर्च भएका व्यागहरू योजनाको नापी कितावमा समावेश हुनुपर्दछ ।

१६. **समस्याग्रस्त ठेक्का -** जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, धनुषाबाट प्राप्त ठेक्का सम्बन्धी विवरण अनुसार २०६७।६८ को २ वटा, २०६८।६९ को २ वटा, २०७१।७२ को २ वटा, २०७२।७३ को १ वटा, २०७३।७४ को ३ वटा, २०७४।७५ को ४ वटा, २०७५।७६ को ४ वटा र २०७६।७७ को ४ वटा समेत २२ वटा ठेक्काको काम सम्पन्न नभई चालु रहेको देखिन्छ। उक्त २२ ठेक्कामध्ये २०७८ आषाढ मसान्तमा १९ ठेक्काको सुरु अवधि समाप्त भै सकेको छ। ती १९ मध्ये ४ को थप भएको म्याद समेत समाप्त भै सकेतापनि कार्य सम्पन्न नभएको र ती ठेक्काको म्याद थप गर्दै आएको देखिन्छ। २०६७।६८ देखि २०७४।७५ सम्मका १३ वटा

ठेक्काको सम्झौता रु.७७ करोड ८५ लाख ८२ हजार मध्ये रु.६० करोड ६१ लाख ९० हजार भुक्तानी भएको छ। ती ठेक्कामा शून्य देखि ९१ प्रतिशतसम्म भुक्तानी भएको देखिन्छ।

ती मध्ये १० वटा ठेक्काका निर्माण व्यवसायीले यो वर्ष काम सुचारु गरेको देखिएन। दुई वटा निर्माण व्यवसायीलाई गएको पेस्की रु.१ करोड १२ लाख ८० हजार जमानतको म्याद समाप्त भैसकेको र ०६७।६८ का एक निर्माण व्यवसायीलाई सम्झौता रकमको ८८ प्रतिशत भुक्तानी भैसक्दा समेत रु.९७ लाख ६ हजार पेस्की बाँकी नै रहेको देखिन्छ। उक्त पेस्कीको वार्षिक १० प्रतिशतले ब्याज सहित असुल हुनुपर्दछ। यसरी १० वर्षदेखि अधुरो रहेका योजनाहरूको काम सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम कारबाही गरी सम्पन्न गराउनुपर्दछ।

१७. **उपभोक्ताले निर्माण व्यवसायीबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउन नहुने, निर्माण व्यवसायी संलग्न गराएको पाइएमा सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने र त्यस्तो कार्यमा संलग्न निर्माण व्यवसायीलाई समेत कारबाही हुनसक्ने व्यवस्था छ। सिरहा डिभिजनले वतहा नदी नियन्त्रणका लागि रु.२१ लाखको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उक्त काम निर्माण व्यवसायीबाट गराई रु.१९ लाख १७ हजार भुक्तानी दिएको छ ।आफुले लिएको काम निर्माण व्यवसायीबाट गराउने उपभोक्ता समितिलाई नियम अनुसार कारबाही गरी यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

१८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा हुने गरी खरिद गर्न नहुने र नियमावली २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सो भन्दा बढी भए नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ ।सिरहा डिभिजनले सहजा सिंचाइ योजना मुल नहरको सर्भिस रोडमा ५ लाख भित्रका ७ वटा लागत अनुमान तयार गरी निर्माण व्यवसायीबाट ग्राभेलको काम गराई रु.३३ लाख ५९ हजार भुक्तानी दिएको छ । यस्तै महोत्तरी डिभिजनले यो वर्ष रु.२३ लाख ८९ हजारका खाली सिमेन्ट वोरा १ लाख ८६ हजार र जियो टेक्सटाइल वोरा १ हजार ९० थान खरिद कार्य टुक्रा टुक्रा गरी सोझै खरिद गरेको छ । खरिद भएका सामग्री मौज्दात रहेको पाइयो । ऐनको प्रावधान कार्यान्वयन गरी टुक्रा खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१९. **अधुरा योजना -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम तोकिएको अवधिमा पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीको कावु बाहिरको परिस्थितिको कारणले म्याद थप गर्नु परेमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी र निर्माण व्यवसायीको लापरवाहीको कारणले म्याद थप गर्नु परेमा पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्ने व्यवस्था छ । सप्तरी डिभिजनबाट प्राप्त विवरण अनुसार २०७२।७३ र २०७३।७४ मा ठेक्का सम्झौता भइ साविक जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लहानबाट जिम्मेवारी सरी आएका सम्झौता रकम रु १८ करोड ६८ लाख ८० हजार भएका ११ ठेक्कामा हालसम्म रु.११ करोड ५३ लाख ८९ हजार भुक्तानी गरेकोमा योजनाहरू अधुरो अवस्थामा रहेका छन् । ती ठेक्काको लागि थप भएको अवधि समेत समाप्त भइ सकेको छ । म्याद थपको लागि तालुक निकायमा फाइल पठाएको जनाएतापनि निर्णय भएको छैन । समयमा कार्य सम्पन्न हुन नसक्नाको कारण पहिचान गरी

सम्बन्धित निर्माण व्यवसायीलाई प्रचलित ऐन कानुन तथा सम्झौता बमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला दररेट निर्धारण समितिले यस जिल्लाको लागि यो वर्ष अदक्ष श्रमिकको ज्याला प्रति दिन रु.६०० निर्धारण गरेकोमा सप्तरी डिभिजनले ४६ योजनामा प्रतिदिन ज्याला रु.६५० राखी लागत अनुमान तथा मूल्याङ्कन गरेकोले उपभोक्ता समितिलाई रु.१४ लाख ३२ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२१. **पुरानो पेस्की -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौतामा तोकिएको अवधिमा कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था छ । महोत्तरी डिभिजनबाट प्राप्त पेस्कीको फाँटवारीमा २ निर्माण व्यवसायीको नाममा रु ८३ लाख ५३ हजार पेस्की बाँकी देखिन्छ । पेस्की गएका ठेक्काहरूको काम २०६६।६७ र २०६८।६९ मा सम्पन्न हुनुपर्नेमा सम्पन्न नभै पेस्की जिम्मेवारी सार्दै ल्याएको भएतापनि ठेक्का फाइल, भुक्तानी विवरण, म्याद थप लगायत कागजात कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएन । ती ठेक्काको काम र पेस्की बाँकी सम्बन्धमा छानविन गरी पेस्की रकम ब्याजसहित असुल गर्नुपर्दछ ।तोकिएको समयमा योजना सम्पन्न गर्नुपर्दछ ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय

२२. **विस्तृत नापजाँच -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्राविधिक नापजाँचको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय लहानले विस्तृत प्राविधिक नापजाँच बेगर मिथिला अबध धर्मशाला निर्माण उपभोक्ता समिति जनकपुरलाई सेनटरी र इलेक्ट्रिक वर्कको रु.१३ लाख २५ हजार भुक्तानी गरेको छ । उक्त कार्यको विस्तृत नापजाँच गरी वास्ताविक कार्यको मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

२३. **उपभोक्ता समितिलाई प्राविधिक काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा रोजगारी सिर्जना गर्ने परियोजनाको काम उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, लहानले उपभोक्ताको श्रम आवश्यक नहुने शत प्रतिशत मेशिनबाट पोखरी खन्ने कामको लागि २ उपभोक्ता समितिलाई रु.३५ लाख ४३ हजार र कार्यालयको प्राविधिक जनशक्ति तथा बाह्य परामर्शदाताबाट गराउनुपर्ने विस्तृत सभ्याव्यता अध्ययन कार्य २ उपभोक्ता समितिबाट गराइ रु ८ लाख ५० हजार भुक्तानी गरेको छ । यस्तो कार्यबाट स्थानीय स्तरमा रोजगारी सिर्जना नहुने र नितान्त प्राविधिक प्रकृतिका जटिल काम भएकोले सो सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजनहरू

२४. **स्थान छनौट -** भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, सिरहाले ८ वटा पावर ड्रिल क्लस्टर जडानको लागि रु.७५ लाखको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा

२ स्थानमा पावर ड्रिल क्लस्टर जडान गरी रु १७ लाख भुक्तानी गरेको छ । उक्त ड्रिलबाट कम्तिमा ५ लिटर प्रति सेकेण्ड पानी आउनुपर्नेमा २ लिटर प्रति सेकेण्ड पानी आएकाले संभाव्यता अध्ययन नगरी योजना स्थल छनौट गरेको देखियो । लगानीको उचित प्रतिफल प्राप्त गर्ने गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

२५. **उपभोक्ता समिति मार्फत पाइप खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा स्थानीय स्तरमा रोजगारी सिर्जना हुने परियोजनाको काम उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । डिभिजन महोत्तरीले रु.२ करोड ७९ लाख २७ हजारका युपिभिसि पाइप तथा फिटिङ्गस लगायतका सामग्रीहरू २८ वटा उपभोक्ता समिति मार्फत खरिद गरेको छ । उपभोक्ता समिति मार्फत सोझै खरिद गरेकोमा सोही ऐनको दफा ८(२) को प्रावधान विपरीत खरिद देखिन्छ । खरिद कानुनको पालना हुनुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२६. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन, सप्तरीले सिमलकोटी खानेपानी योजनामा एक निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानी गर्दा पाँचौ बिलसम्मको जोडजम्मा फरक पारी रु.९ लाख ४९ हजार र गोविन्दपुर पक्कोटाल खानेपानी योजनाको अन्तिम बिल भुक्तानी गर्दा पाँचौ बिलसम्मको जोडजम्मा फरकपारी अर्को एक निर्माण व्यवसायीलाई रु.९ लाख ८८ हजार बढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रु.१९ लाख २७ हजार असुल हुनुपर्दछ ।

२७. **फिटिङ्गस मौज्दात -** डिभिजन कार्यालय, सप्तरीको गत विगतदेखि मौज्दात रहेका फिटिङ्गसमध्ये गत वर्षसम्मको बाँकी, यो वर्षको खरिद, खर्च, बर्षान्तमा मौज्दात सम्बन्धी विवरण माग गरेकोमा फिटिङ्गसको कुल परिमाण तथा कुल मूल्य खुलेको विवरण पेस भएन। गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.४ करोड ४५ लाख ५८ हजार मूल्यका फिटिङ्गसहरू मौज्दात रहेको उल्लेख छ। यो वर्ष सिराहा खानेपानी योजना र इनर्वा खानेपानी योजनाको लागि क्रमशः रु.९ लाख ३१ हजारको र रु.७ लाख ५१ हजारको फिटिङ्गस खरिद गरेकोमा ती फिटिङ्गसहरू सम्बन्धित योजनामा जडान भएको नापी किताव पेस भएको छैन । आवश्यकताको आधारमा खरिद गरी उक्त सामग्री प्रयोग भएको प्रमाण पेस हुनुपर्दछ । खर्च नहुने गरी सामान खरिद गरी मौज्दात राख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

२८. **पाइप खरिद तथा मौज्दात -** डिभिजन कार्यालय, सप्तरीले यो वर्ष ८ योजनाको लागि विभिन्न साइजका १९ हजार १२० मिटर पाइप खरिद गरी रु.१ करोड ६८ लाख २८ हजार भुक्तानी गरेको छ । खरिद भएका पाइपमध्ये विष्णुपुर कट्टी ५, ६, ७ र तरेगना गोविन्दपुर खानेपानी योजनाको लागि २ हजार ९५५ मिटर हस्तान्तरण गरी १६ हजार १६५ मिटर पाइप कार्यालयमै मौज्दात रहेको छ । गत विगत वर्ष र यो वर्षकोसमेत रु.८ करोड १२ लाख ५१ हजारका विभिन्न साइजका १ लाख २५ हजार २३४ मिटर पाइप कार्यालय परिसरमा मौज्दात रहेको छ । ती पाइपहरू सम्बन्धित योजनामा

जडान नहुनाले पाइपहरूको गुणस्तरमा समेत ह्रास आउने हुँदा चालु वर्ष कार्यान्वयन हुनसक्ने योजनाको लागि मात्र पाइप खरिद गर्नुपर्दछ ।

यो वर्ष कार्यालयले विभिन्न योजनाको लागि उपभोक्ता समितिलाई हस्तान्तरण गरेका रु.१ करोड ७६ लाख ४८ हजार मूल्यको १८ हजार ८११ मिटर पाइप ती योजनामा जडान भएको नापी किताव पेस भएको छैन । कार्यालयले हस्तान्तरण गर्ने तर योजनामा जडान नहुँदा हस्तान्तरण भएका पाइप दुरुपयोग हुन सक्ने देखिन्छ । आवश्यकताको आधारमा खरिद गरी उक्त सामग्री प्रयोग भएको प्रमाण पेस हुनुपर्दछ ।

२९. **अधुरा योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम तोकिएको अवधिमा पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिति परेमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी र निर्माण व्यवसायीको लापरवाहीको कारण म्याद थप गर्नु परेमा पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्ने व्यवस्था छ । डिभिजन कार्यालय, सप्तरीबाट प्राप्त विवरण अनुसार २०६९।७० देखिका ४२ योजना निर्माण व्यावसायीले समयमा निर्माण कार्य सम्पन्न नगरी अधुरो रहेका छन । समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई प्रचलित ऐन नियम तथा सम्झौता बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

३०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखभन्दा वढी मूल्यको सामान बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । महोत्तरी डिभिजनले रु.७७ लाख ८ हजारका समर्सिबल पम्प लगायतका फिटिङ्गस् सामान र सर्लाही डिभिजनले यो वर्ष विभिन्न निर्माण कार्य र सामान खरिद वापत रु.१ करोड ८ लाख ४७ हजार खर्च लेखेकोमा पटक पटक गरी सोझै खरिद गरेको छ । खरिद कानुनको पालना गर्नुपर्दछ ।

३१. **पाईप जडान** - महोत्तरी डिभिजनले यो वर्ष ५ योजनाको नाममा उपभोक्ता समिति मार्फत खरिद भएका पाईपमध्ये विभिन्न साईजका रु. ४६ लाख मूल्यका १२ हजार ४४५ मिटर पाइप जडान गरेको नापी किताब पेस नभएको हुँदा जडान भएको नापी किताब पेस गरी पाइप प्रयोग भएको सुनिश्चित हुनुपर्दछ।

३२. **पाइप तथा फिटिङ्स मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । महोत्तरी डिभिजनले पेस गरेको विवरण अनुसार गत वर्षको रु.१ करोड ६२ लाख २ हजार मूल्यका विभिन्न साइजका ५२ हजार ११५ मिटर पाईप र गत वर्षको मौज्दात रु.१ करोड १९ लाख १० हजार र यस वर्ष खरिद रु.७२ लाख १५ हजार समेत रु.१ करोड ९१ लाख २५ हजार मूल्यका फिटिङ्गस सामग्री मौज्दात रहेको छ । कार्यालयले खरिद योजना तयार नगरी आर्थिक वर्षको अन्तमा मौज्दात रहने गरि पाईप तथा फिटिङ्गस् सामग्री खरिद गरेको छ। आवश्यकताको पहिचान गरी खरिद योजना बमोजिम समयमा सामान खरिद गर्नुपर्दछ ।

३३. **जोखिममा पेस्की -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई पेस्की उपलब्ध गराउने व्यवस्था छ। सर्लाही डिभिजनले गत वर्ष खरिद सम्झौता भएका १३ ठेक्काका निर्माण व्यवसायीलाई दिएको पेस्की मध्ये रु.१ करोड १३ लाख २७ हजारको बैंक जमानतको म्याद समाप्त भैसकेको छ । पेस्की जमानतको म्याद थप हुनुपर्ने अन्यथा उक्त रकम व्याज सहित असुल गर्नुपर्दछ ।

३४. **पाइप तथा फिटिङ्स जडान -** योजनाको लागि पाईप तथा फिटिङ्स खरिद गर्दा गत विगतको मौज्दातमा रहेका सामग्री उपयोग गर्ने र मौज्दातले नभ्याउने भएमा मात्र खरिद गर्नु पर्दछ । साथै खरिद गरिएका पाइप तथा फिटिङ्स सम्बन्धित योजनामा प्रयोग भएको नापी किताबबाट यकिन हुर्नुपर्दछ । सर्लाही डिभिजनले यो वर्ष रु .२ करोड ६९ लाख २१ हजार को पाइप रु.२ करोड ७३ लाख ७३ हजारका फिटिङ्स खरिद गरी मौज्दातमा राखेको छ । जुन आयोजनाको लागि खरिद गरेको हो सो आयोजनामा जडान भएको नापी किताब पेस हुनुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

३५. **नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुरुप निर्माण सम्बन्धि काम गर्ने कार्यालयहरूले सडक तथा भवनको निर्माण गर्दा सडकमा सडक विभागले स्वीकृत गरेको नर्म्स र भवनमा भवन विभागले स्वीकृत गरेको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गनुपर्दछ । पूर्वाधार विकास कार्यालय, धनुषाले निर्माण कार्यको दर विश्लेषण गर्दा ढलान कार्यमा मेशिन मिक्स र म्यानुयल मिक्स छुट्टा छुट्टै दर विश्लेषण तयार गरी दररेट निर्धारण गर्नुपर्नेमा म्यानुअल मिक्सको मात्र नर्म्स प्रयोग गरी दररेट तयार गरेको कारण कार्यालयले सडक ढलान कार्य तथा भवनको छत ढलान कार्यहरूमा पनि म्यानुअल मिक्सकै दर विश्लेषण अनुसार मूल्याङ्कन गरी भुक्तानी गरेको कारण उपभोक्ता समिति मार्फत काम भएको ३३ वटा योजनामा रु.१ करोड ४३ लाख ८९ हजार बढी व्ययभार परेको छ। निर्माण साइटमा म्यानुअल काम नहुने हुँदा मेशिन प्रयोगको दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्दछ।

३६. **ईटाको परिमाण -** नेपाल सरकारद्वारा स्वीकृत सडक तथा भवनको नर्म्समा ईटाको कामको दर विश्लेषण गर्दा प्राविधिकले ईटाको साइज अनुसार अनुमान गरी राख्न सक्ने व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय, धनुषाले इट्टाको काममा भवनको पर्खाल लगाउने काममा इट्टाको संख्या प्रति घन मिटर ४७६ इट्टा लाग्ने देखाई धनुषा जिल्लाको लागि प्रति घन मिटर रु.१३ हजारको दररेट तयार गरेको र सडकमा इट्टाको पर्खाल लगाउने कामको लागि प्रति घन मिटर इट्टा संख्या ५३० राखी प्रति घन मिटर रु.१६ हजार दररेट कायम गरेको छ। यसरी एउटै प्रकृतिको काममा इट्टा संख्या फरक पारी दररेट तयार गरेको छ । त्यस्तै १० वर्ग मिटरको ईट्टा सोलिङ्ग गर्न ३५० ईटा लाग्नेमा ४२० ईटाको संख्या राखी दररेट तयार गरेको छ। यसरी नर्म्समा ईटाको साइज अनुसार संख्या घट बढ गर्न सक्ने व्यवस्था रहेकोमा प्राविधिकले वास्तविक रुपमा खपत हुने संख्या भन्दा बढी ईटाको संख्या राखी दररेट तयार गरेको कारण उपभोक्ता समितिले काम गरेको ४१

योजनामा रु.४९ लाख १९ हजार बढी व्ययभार पारेको छ। वास्तविक रुपमा खपत हुने परीमाण राखी लागत अनुमान तयार गर्नुपर्दछ।

३७. **सीमा भन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने र एक करोड रुपैंयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, धनुषाले महोत्तरी गौशालामा एक बहुउद्देशिय भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी वापतको रकम समावेश नगरी रु.९९ लाख ७६ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिबाट काम गराई रु.९९ लाख २६ हजार भुक्तानी गरेको छ। उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा रु.१ करोड २९ लाख ६४ हजार हुने भएकाले सो कार्य उपभोक्ता समितिबाट गराउन मिल्ने देखिएन ।

यस्तै रौतहट कार्यालयले माधव नारायण सडक स्तरोन्नति र सर्लाहीमा डिप वोरिङ निर्माण गर्न २ उपभोक्ता समितिबाट सडक तथा डिप बोरिङ्ग निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा लागत अनुमान रु २ करोड ४७ लाख हुने कार्य समेत उपभोक्ता समितिबाट गराई रु.१ करोड ८० लाख भुक्तानी गरेको नियमित देखिएन। नियम विपरीत काम गराउनेलाई जिम्मेवार बनाउनुपर्दछ।

३८. **लमसम ठेक्का -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा निर्माण कार्यको लागि अनुसूची ४ मा उल्लेख भएका मध्ये कुनै एक सम्झौता गर्न सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले महोत्तरी जिल्लाको विजलपूरा स्थित रातु खोलामा झोलुङ्गेपुल निर्माण गर्न एकाई दर विधि अनुसार रु.४ करोड ३ लाख ६२ हजारको लागत अनुमान तयार गरी बोलपत्रको लागि विद्युतीय प्रणालीमा अपलोड गरेको बिल अफ क्वान्टिटीमा एक काम उल्लेख गरी लमसम सम्झौता गरेको छ । उक्त ठेक्काको लागि एक मात्र बोलपत्र पेस भए अनुसार निर्माण व्यवसायीसँग रु.३ करोड ७१ लाख ७७ हजारको खरिद सम्झौता गरेको छ । लमसम सम्झौता गर्दा निर्माण सम्बन्धी सबै प्रकारका जोखिम र दायित्व निर्माण व्यवसायीमा रहने गरी गर्नुपर्नेमा सम्झौतामा त्यस्तो सर्त उल्लेख गरेको पाईएन।

खरिद सम्झौता २०७६।९।२५ मा भएको र सम्झौता अवधि एक वर्ष रहेकोमा निर्माण व्यवसायीले उक्त अवधिमा काम प्रारम्भ नगरेकोमा प्रदेश सचिवबाट ०७७।११।२८ मा २०७८।३।१६ सम्मको म्याद थप भएको छ । निजलाई म्याद थप नहुँदै २०७७।११।२० मा प्रथम पेस्की रु.३२ लाख र २०७८।२।२७ मा दोस्रो पेस्की रु.१८ लाख दिएकोमा २०७८ आषाढ मसान्तसम्म पनि रनिङ विल पेस गरेको छैन। निर्माण व्यवसायीले शुरु सम्झौता अवधिमा काम शुरु नगरेको, म्याद थप नहुँदै पेस्की दिएको, प्रथम पेस्की लगेपछि पनि काम सुरु नगरेकोमा पुन- दोस्रो पेस्की दिएको देखिएको छ। कोभिड-१९ को कारण देखाई म्याद थप गरेकोमा २०७६।१२।१२ देखि मात्र देशव्यापी लकडाउन भएकोमा २०७६।९।२५ देखि २०७६।१२।१२ सम्म कुनै अवरोध नरहेकोमा काम सुरु नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप

गर्नुपर्नेमा नियम १२० बमोजिम म्याद थप गरेको उपयुक्त देखिएन। समयमा काम नगर्ने निर्माण व्यवसायीलाई पटक-पटक पेस्की दिने तथा म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३९. **उपभोक्ता समिति गठन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(ट) मा निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिले कुनै निर्माण कार्य गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समितिलाई उपभोक्ता समिति मान्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले महोत्तरी जिल्लाको रतनवाडा पोखरीदेखि मडै-गोनरपूरा कल्भर्टसम्मको सडकमा पि.सि.सि. ढलान गर्न एक प्रदेश सभा सदस्यले सिफारिस गरे बमोजिमको उपभोक्ता समितिसँग सम्झौता गरी काम गराएको र निज सदस्यको नामको लेटरप्याडमा मिति र दस्तखत नभएको पत्रमा कार्यसम्पन्न भएकोले भुक्तानी दिन सिफारिस गरेको आधारमा उपभोक्ता समितिलाई रु.४६ लाख ९७ हजार भुक्तानी गरेको छ। उक्त सडक ढलान गर्न नियम बमोजिम उपभोक्ताहरूबाट उपभोक्ता समिति गठन भएको, उपभोक्ता समितिले आर्थिक कारोबार गर्न अधिकार दिएको, कार्यसम्पन्न भएको उपभोक्ता समितिबाट खर्चसहित अनुमोदन भएको, सम्बन्धित पालिका वा वडा कार्यालयबाट कार्यसम्पन्न भई भुक्तानीको लागि सिफारिस गरेको लगायतका प्रमाण कागजातहरू लेखापरीक्षणमा पेस भएन। उक्त कार्य सम्पन्न भए नभएको यकिन गरी ती प्रमाणहरू पेस हुनुपर्दछ ।

४०. **विस्तृत आयोजना प्रतिवेदन -** धनुषा कार्यालयले १० वटा योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु ५१ लाख ८३ हजार खर्च लेखेको छ। उक्त मध्ये वार्षिक कार्यक्रममा समावेश नभएको ६ योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु.२९ लाख ७५ हजार खर्च लेखेको छ। ती प्रतिवेदनहरू कार्यान्वयन हुने सुनिश्चितता देखिएन ।

४१. **आन्तरिक नियन्त्रण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१(१) मा सबै सरकारी कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन। पूर्वाधार विकास कार्यालय, धनुषाले सडक, पुल, भवन आदि निर्माण कार्यको ७८४ वटा योजनाको लागि रु.१ अर्ब १० करोड १९ लाख बजेट विनियोजन भएकोमा रु.८६ करोड ६६ लाख ६३ हजार खर्च गरेको देखिन्छ। लागत अनुमान, ठेक्कापट्टा व्यवस्थापन, नापजाँच, अनुगमन गर्न कार्यालयमा ईन्जिनियर २ र सब ईन्जिनियर ६ गरी ८ जना स्थायी पदपूर्ति भएकोमा दैनिक ज्यालादारीमा समेत १ इन्जिनियर र ३ जना सव ईन्जिनियर राखेको छ । ज्यालादारीमा नियुक्त सव ईन्जिनियरलाई समेत साइट इन्चार्जको जिम्मेवारी दिई निजहरूले सिधै कार्यालय प्रमुख समक्ष फाइल पेस गरेको देखियो । स्थायी इन्जिनियर र ज्यालादारी सव इन्जिनियरलाई साइट इन्चार्ज भै काम गर्ने गरी समान जिम्मेवारी दिएकोले आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखियो । प्राविधिक जनशक्तिको उचित कार्य बाँडफाँट गरी निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्नुपर्दछ ।

४२. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। धनुषाको गणेशमान चारनाथ नगरपालिका स्थित बालुवा खोलामा पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको साधारण शर्तको दफा नं. ५४.१ मा मूल्य समायोजन गर्न सकिने उल्लेख भएकोले मूल्य समायोजन दिनको लागि खरिद सम्झौताको विशेष शर्तमा मूल्य

समायोजन दिने भनी उल्लेख हुनुपर्ने र मूल्य समायोजन गणना गर्ने सुत्र तथा प्रयोग गर्ने इन्डेक्स सम्बन्धमा समेत उल्लेख हुनुपर्दछ। उक्त खरिद सम्झौताको विशेष शर्तमा दफा नं.५४.१ नै हटाएकोले मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिएन । पूर्वाधार विकास कार्यालय, धनुषाले निजलाई भुक्तानी दिएको मूल्य समायोजन रु.६३ लाख २५ हजार र सोको मूल्य अभिवृद्धि कर समेत रु.७१ लाख ४८ हजार असुल हुनुपर्दछ।

४३. **सीमा भन्दा बढी खर्च -** प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ४(३) मा कार्यक्रम छनौट गर्दा कम्तीमा नब्बे प्रतिशत रकम पूर्वाधार निर्माणमा र १० प्रतिशत प्रशासनिक लगायत अन्य कार्यमा खर्च गर्ने गरी छनौट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले प्रदेश सभा सदस्य ६ जनाले उल्लिखित व्यवस्थाको पालना नगरी पूर्वाधार निर्माण कार्यमा नब्बे प्रतिशत भन्दा घटी खर्च गर्ने गरी योजना छनौट गरेको र अन्य कार्यमा १० प्रतिशत भन्दा बढी रु.२१ लाख ५८ हजार खर्च गरेको छ । यसरी कानुनी व्यवस्था विपरीत बढी खर्च गरेको रकम नियमसम्मत देखिएन।

४४. **जनसहभागिता -** प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ३(५)(ग) मा भौतिक पूर्वाधार सम्बन्धी योजना/कार्यक्रममा कम्तीमा १० प्रतिशत र अन्य कार्यक्रममा कम्तीमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, धनुषाले सो नियममावली अनुसार तालिम कार्यक्रममा २० प्रतिशत लागत सहभागिताबाट व्यहोर्नुपर्नेमा १८ वटा तालिम कार्यक्रम उपभोक्ता समिति तथा गैर सरकारी संस्थालाई दिएकोमा लागत सहभागिताबेगर भुक्तानी दिएको छ। जनसहभागिताबाट व्यहोर्नुपर्ने रु.१५ लाख ८४ हजार सम्बन्धितबाट असुल हुनुपर्दछ ।

४५. **तालिमको नर्म्स -** मधेश प्रदेश सरकारद्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ ले तालिम तथा कार्यक्रमका लागि नर्म्स निर्धारण गरेको छ । पूर्वाधार विकास कार्यालय, धनुषाले १६ वटा तालिम कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थाहरूलाई जिम्मा दिएकोमा नर्म्स भन्दा बढी रु.११ लाख ७९ हजार भुक्तानी गरेको छ । नर्म्स भन्दा बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

४६. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ्ग बिलको भुक्तानी गर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा नापजाँच फरक पारेको, एउटै आइटमको दोहोरो नापजाँच गरेको, रनिङ्ग बिल भन्दा बढी भुक्तानी गरेको, निर्माण व्यवसायीले व्यहोर्नुपर्ने लागतको लागि छुटै फर्मबाट खरिद गरेको, सामान प्राप्त नगरी भुक्तानी गरेको प्रोभिजनल समबाट बिल भन्दा बढी भुक्तानी गरेको लगायतका कारणबाट बढी भुक्तानी भएको २ उपभोक्ता समितिवाट रु.६ लाख ११ हजार, ६ निर्माण व्यवसायीवाट रु.४९ लाख १४ हजार र प्रदेश सभा सदस्यबाट नियुक्त व्यक्तिलाई दोहोरो पारिश्रमिक भुक्तानी गरेको रु.२ लाख ३८ हजार समेत रु.५७ लाख ६३ हजार असुल गर्नुपर्दछ।

४७. **हातेपम्प जडान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पदनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।

पूर्वाधार विकास कार्यालय, पर्सा कार्यालयले हेण्ड पाइप जडान गर्न प्रति हेण्डपाइप रु.२२ हजार ९५ का दरले ३ हजार ६८१ वटा सेटको रु. ८ करोड १३ लाख ३३ हजार २८ वटा उपभोक्ता समिति मार्फत काम गराएको छ। सोमध्ये ३ वटा उपभोक्ता सामिति मार्फत ५५८ थान पम्प जडानको कार्य गराएको उल्लेख गरेकोमा ५१२ थान मात्र जडान भएकोले जडान तथा खरिद नभएको ४६ सेट हाते पम्पको रु.८ लाख १४ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

४८. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, पर्साले सडक निर्माण कार्यमा प्रयोग हुने बालुवा, गिट्टी, बोल्डर लगायतका निर्माण सामग्रीको ६ मेट्रिकटनसम्मको ट्रकको भाडा प्रति घण्टा रु.१ हजार १५० को दरले दर विश्लेषण गर्नुपर्नेमा १० मेट्रिक टन सम्म क्षमता भएको ट्रकको प्रति घण्टा रु.१ हजार ५०० को दर राखी प्रति घण्टा रु. ३५० बढी दर प्रयोग गरेको कारण इट्टाको गाह्रो, एम १०, एम १५ सिमेन्ट कन्क्रिट लगायतका आइटममा ४६ वटा योजनाका उपभोक्ता समितिलाई रु.१६ लाख ५९ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ।

४९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिरहाले १० वटा योजनाको उपभोक्ता समितिलाई पिसिसि, ब्रिक सोलिङ्ग, रिइन्फोर्समेन्ट फर्म वर्क र माटो पुर्ने लगायत कामको भुक्तानी गर्दा स्वीकृत दररेट बमोजिम भुक्तानी हुनुपर्नेमा रु.१४ लाख १२ हजारले बढी भुक्तानी भएको छ। बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

५०. **उपभोक्ताले निर्माण व्यवसायीबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउन नहुने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रौतहटले डावरी बजारघाट टोल अगौली सडक निर्माणका लागि रु.३० लाख ६६ हजारको लागत अनुमान स्वीकृत गरी सडक निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले उक्त काम आफूले नगरी एक निर्माण व्यवसायीबाट गराई रु.२९ लाख १० हजार भुक्तानी दिएको छ। आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउने उपभोक्ता समितिलाई नियम अनुसार कारबाही गरी यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

यातायात व्यवस्था कार्यालय

५१. **राजस्व -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ दफा २३(४) मा राजस्वको लेखा राख्ने र हिसाब भिडान गर्ने दायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, पर्साले राजस्व व्यवस्थापन प्रणालीमा आम्दानी बाँधेको राजस्व रकम र यातयात कार्यालयले प्रयोगमा ल्याएको सवारी दर्ता प्रणाली (भेहिकल रजिष्ट्रेशन प्रणाली) सफ्टवेयरमा आम्दानी बाँधेको राजस्व रकम भन्दा रु.२ लाख ३२ हजारले बढी देखाएको छ । फरक परेको रकम सम्बन्धमा कारणसहित अभिलेख अद्यावधिक गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालयहरू

५२. **कार्यविधि विपरीत पेस्की -** मधेस प्रदेश सरकारले बनाएको "जनता आवास कार्यक्रम कार्यविधि, २०७६" मा जनता आवास निर्माण समिति वा सम्बन्धित लाभग्राहीलाई आवासको जग खन्ने कार्य सम्पन्न भएपछि ३५ प्रतिशत रकम उपलब्ध गराइने, सिल (झ्यालको तल्लो भाग)को काम सम्पन्न भएपछि थप ५० प्रतिशत र सम्पूर्ण कार्य सम्पन्न भएपछि बाँकी १५ प्रतिशत सम्बन्धितको खातामा रकम उपलब्ध गराउने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, धनुषाले कार्यविधि प्रतिकूल हुने गरी सम्बन्धित लाभग्राही/समितिलाई पेस्की जनाइ सम्झौता हुनासाथ ३५ प्रतिशत र जग खन्ने कार्य सम्पन्न भएपछि थप ५० प्रतिशत उपलब्ध गराएको छ । कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार कार्य सम्पन्न भएपछि भुक्तानी दिनुपर्नेमा कार्य सम्पन्न नहुँदै पेस्की उपलब्ध गराइ रु.१५ करोड ८ लाख ९६ हजार खर्च लेखेको कार्यविधिको व्यवस्था अनुकुल देखिएन । कार्यविधिमा भएको व्यवस्थाको कडाइका साथ पालना हुनुपर्दछ ।

५३. **जनता आवास कार्यक्रम -** प्रदेश सरकारले स्वीकृत गरेको "जनता आवास कार्यक्रम कार्यविधि, २०७६" मा जनता आवास निर्माण समिति वा सम्बन्धित लाभग्राहीले आवासको निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, जनकपुरले जनता आवास कार्यक्रमका लागि यो वर्ष रु.३६ करोड ४६ लाख ९३ हजार खर्च लेखेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार जनता आवास कार्यक्रम तर्फ गत विगत वर्षदेखि २०७७।७८ सम्म धनुषा, महोत्तरी, सर्लाहीमा गरी ४ हजार ७२५ वटा सम्झौता गरेकोमध्ये ३ हजार ११७ अर्थात ६५.२० प्रतिशत मात्र कार्य सम्पन्न भएको छ । सर्लाही र धनुषाका ९ वटा निर्माण समिति अन्तर्गतका ११८ लाभग्राहीलाई २०७५।०७६ मा रु.१ करोड ३८ लाख पेस्की उपलब्ध गराएकोमा हालसम्म निर्माण कार्य नगरेकोले सम्झौता बमोजिम कार्य नगर्ने निर्माण समिति वा लाभग्राहीलाई जिम्मेवार बनाउनुपर्दछ।

५४. **गैर सरकारी संस्थाबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(२) मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलिकरण, मुल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । गैर सरकारी संस्थाबाट निर्माण कार्य गराउन मिल्ने देखिदैन । शहरी विकास तथा भवन कार्यालय, जनकपुरले सर्लाहीको हरिपूर्वा ९ मा इमर्जेन्सी सेल्टर निर्माण गर्न एक गैर सरकारी संस्थासँग सम्झौता गरी कार्य गराई रु.४४ लाख ८५ हजार भुक्तानी गरेको छ । उक्त नियमावली विपरीत गैर सरकारी संस्थाबाट भवन निर्माण कार्य गराई भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

५५. **लेखापरीक्षण बक्यौता -** शहरी विकास तथा भवन कार्यालय, पर्साले विनियोजन तर्फ रु.५१ करोड ५७ लाख ६० हजार, राजस्वतर्फ रु.१ लाख ३१ हजार र धरौटीतर्फ रु.४७ लाख १ हजार समेत रु.५२ करोड ५ लाख ९२ हजारको लेखापरीक्षण गराएको छैन । नियमानुसार स्रेस्ता पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहत ३२ निकायको रु.८२ करोड ७१ लाख १ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । सोमध्ये रु.२८ करोड ६२ लाख ८५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय, उच्च शिक्षा, स्वास्थ्य सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकहितसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत ३० कार्यालयको विनियोजन रु.४ अर्ब ३१ करोड ३४ लाख १८ हजार, राजस्व रु.१ करोड ६७ लाख ५० हजार, धरौटी रु.५ करोड ४७ लाख १८ हजार र अन्य कारोवार रु.२० करोड ६९ लाख ९८ हजार समेत रु.४ अर्ब ५९ करोड १८ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । त्यसैगरी अन्य संस्था र समितितर्फ ७ निकायको रु.२ अर्ब ६३ करोड ७६ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संघीय ११ कार्यालयलाई रु.४२ करोड ८७ लाख ६५ हजार निकासा दिएको रकम विनियोजनतर्फ समावेश छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२(२) मा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालयहरूको विनियोजन राजस्व, धरौटी, कोषहरू सहित सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ खर्चको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था पुर्णरुपमा कार्यान्वयन गरि एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२. **एकीकृत प्रगति मूल्याङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ र ३६ मा त्रैमासिक एवम् वार्षिक प्रगतिको विवरण तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने र तालुक कार्यालयले भौतिक र वित्तीय पक्षको समीक्षा गरी प्रगति हुन नसकेकोमा सो को कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि कदम चाल्नुपर्ने व्यवस्था छ । मन्त्रालय आफैले सञ्चालन गरेका कार्यक्रमको तथा मातहत समेतको एकीकृत भौतिक प्रगति विवरण तयार गरेको छैन । मन्त्रालयले १५ वटा कार्यक्रममा रु.२ करोड ७२ लाख २० हजार विनियोजन गरेकोमा कार्यक्रम सञ्चालन नगरेकोले ती कार्यक्रमको प्रगति शून्य देखिएको छ । समग्र प्रगति विवरण तयार नगरेबाट भौतिक प्रगति सम्बन्धमा विश्लेषण गर्न सक्ने अवस्था रहेन । यसबाट कार्यक्रम सञ्चालनमा पारदर्शिता र जवाफदेहिता कायम हुन सक्ने देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार मन्त्रालयको वार्षिक प्रगति विवरण र एकीकृत प्रगति विवरण तयार गर्नुपर्दछ ।

३. **बजेट सीमा र मार्गदर्शन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ अनुसार बजेटको सीमा र मार्गदशन निर्धारणको लागि बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक विवरण समेत खुल्नेगरी खाका तयार गर्नुपर्ने व्यवस्था छ ।सो अनुसार नहुँदा बजेट विनियोजन दक्षता पूर्णरुपमा भएको छ भन्न सकिएन । मार्गदर्शन र सीमा यथार्थपरक बनाई दिगो विकास लक्ष्यसँग समन्वय समेत हुनेगरी बजेट तर्जुमा गर्नुपर्दछ ।

४. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका विभिन्न कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा त्यस मन्त्रालय अन्तर्गत आएका साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन । मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेमा पठाएको देखिएन । सम्पत्तिको एकीकृत अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्दछ ।

५. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गर्ने प्रदेश एकीकृत वित्तीय प्रतिवेदन एवं कार्यसञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरू उल्लिखित व्यवस्था अनुरुप विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरूको सार्वजनिकीकरण हुनुपर्दछ ।

६. **राहत वितरण तथा अनुगमन** - यूनिसेफ नेपालको साझेदारीमा बाल संरक्षण कार्यक्रम अन्तर्गत कोभिड १९ प्रभावित पीडित बालबालिकाहरूलाई सहयोग स्वरुप नगद वितरण गर्ने कार्यक्रम अनुसार ७५ जनालाई आर्थिक सहयोग रु.१५ लाख, ५४ जनालाई आपतकालिन सहयोग रु.१ लाख ६२ हजार र २०० जनालाई आकस्मिक सहयोग रु.३ लाख समेत रु.१९ लाख ६२ हजार सहयोग रकम उपलब्ध गराएको छ । उक्त नगद रकम उपलब्ध गराउँदा लाभग्राही छनौटको स्पष्ट आधार एवं अनुगमन प्रतिवेदन पेस भएन। सम्बन्धित लाभग्राहीले रकम प्राप्त गरेको सम्बन्धमा अनुगमन गरी श्रोतसाधन सदुपयोग सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

७. **स्वास्थ्य जनशक्ति व्यवस्थापन** - सामाजिक विकास मन्त्रालयले महामारी नियन्त्रण, रोकथाम तथा उपचारका लागि २०७८ असार मसान्तसम्म प्रादेशिक अस्पताल जनकपुरका लागि विभिन्न पदका १२८ जना, जनस्वास्थ्य प्रयोगशालाको लागि ३३ जना, सिरहा, जलेश्वर, मलंगवा, कलैया र लाहान अस्पतालमा विभिन्न पदका २३ जना दरले १३८ जना, पोखरिया र पर्सा अस्पतालमा १३ जना, भारदह अस्पताल सप्तरीमा १२ जना, नारायणी अस्पताल वीरगंजका लागि १९ जना, गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालका लागि ८ जना र मणिपाल अस्पताल (कलेज) मा स्थापना हुने कोभिड विशेष अस्पतालका लागि ८६ जनालाई काममा लगाउने उल्लेख गरेकोमा कार्य अभिलेख तथा कार्य मूल्याङ्कन पेस हुनुपर्दछ ।

८. **कोभिड-१९ खर्च विवरण** - सामाजिक विकास मन्त्रालयबाट यसवर्ष कोभिड-१९ तर्फ रु.२ करोड २ लाख ५० हजारको मात्र खर्चको विवरण पेस भएको छ । प्रदेशस्थित १४ प्रादेशिक अस्पतालहरूलाई रु.५ लाखका दरले रु ७० लाख, श्रीनाथ गण महेन्द्रनगरलाई रु.१७ लाख, प्रादेशिक अस्पताल जनकपुरधामलाई रु.८५ लाख र जिल्ला प्रशाशन कार्यालय महोत्तरीलाई

रु.३० लाख निकासा दिएको छ । निकासा भएको रकमको उपयोगको स्थिति र र प्रगति विवरण पेस भएको छैन । निकासा भएको सम्पूर्ण खर्चको अनुगमन गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

क्वारेन्टाइन खर्च व्यवस्थापनका लागि संघीय सरकारको बजेटवाट आइसोलेसन सेन्टर स्थापना, स्वाब परीक्षण लगायतका कामको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत ८ जिल्ला प्रशासन कार्यालयलाई रु.७ करोड निकासा दिएकोमा खर्चको स्थिति तथा प्रगतिको विवरण प्राप्त भएन । संघीय बजेटवाट प्रत्येक स्थानीय तहहरूलाई रु.१० लाखका दरले विपद् व्यवस्थापन तथा कोरोना रोकथाम नियन्त्रणका लागि निकासा भएको साथै प्रत्येक विद्यालयमा प्रतिविद्यार्थी रु.२०० का दरले कोरोना नियन्त्रणका लागि रकम निकासा भएको छ । उपलब्ध गराएको श्रोतको उपयोगको स्थिति र प्रगति विवरण पेस गरेको छैन ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने र नियमावली २०६४ को नियम ८ मा खरिदको सम्भावित प्याकेज, खरिद विधि लगायतका व्यहोरा खुलाई वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष प्रतिस्पर्धात्मक विधि नपनाई मास्क, सेनिटाइजर रक्तचाप जाच गर्ने मेशिन, स्वाब परीक्षण किट, रेफ्रिजेरेटर आदि सोझै खरिद गरी रु ७७ लाख २८ हजार खर्च लेखेको छ । नियमको व्यवस्था बमोजिम उस्तै प्रकृतिको समानको उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०. **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४)मा कार्यसम्पादन जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र मार्फत दुई प्याकेजमा रु.६ करोड ४४ लाख ९१ हजारको मेशिन तथा औजार खरिद गरेको छ । बोलपत्रदाताले पहिलो प्याकेजको लागत अनुमान रु.६ करोड ३२ लाख ४० हजारका सामानलाई रु.३ करोड ७५ लाख ३९ हजारमा ४०.६४ प्रतिशत घटीमा कबोल गरेको र दोस्रो प्याकेजको सामानको लागत अनुमान रु.३ करोड २० लाख ४९ हजारको सामानलाई रु.२ करोड ६९ लाख ५३ हजारमा १५.९० प्रतिशत घटीमा कबोल गरेको छ। ऐनमा भएको व्यवस्था बमोजिम उक्त दुई प्याकेजको लागि कार्यसम्पादन रु.९९ लाख ७२ हजारको जमानत थप लिनुपर्नेमा ५ प्रतिशतले हुने रु.१८ लाख ७७ हजार मात्र जमानत पेस गरी सम्झौता गरेकोले नपुग रु.८० लाख ९५ हजारको कार्यसम्पादन जमानत पेस गर्नुपर्दछ ।

११. **भेरिएशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। कार्यालयले एक आपूर्तकसँग खरिद सम्झौता गरी रु.६ करोड ४४ लाख ९१ हजारको सामान

खरिद गरेकोमा ति सामानहरू थप आवश्यक परेको भनि भेरिएसन आदेश जारी नगरी सोही आपूर्तकसँग सम्झौताकै दररेटमा पुनः रु.५ करोड ४९ लाख ९७ हजारको सामान खरिद गरेको छ। यस्तै आईरन (फोलिक एसिड) १ करोड १३ लाख चक्की रु.१.७५ का दरले रु.१ करोड ९७ लाख ८४ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट प्रति चक्की रु.०.८९ का दरले खरिद गरी १ करोड ५७ हजार भुक्तानी गरेकोमा पुनः ९३ लाख ६६ हजार चक्की खरिद गरी रु८३ लाख ३६ हजार भुक्तानी गरेको देखियो। जुन सुरु सम्झौता रकमको क्रमश ८५.२७ र ७१ प्रतिशत बढी देखिन्छ । यसरी नियमानुसार भेरिएशन स्वीकृत नगरी सम्झौता भन्दा बढीको सामान खरिद गरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

१२. **स्रोत सुनिश्चितता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१)मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ। कार्यालयले बोलपत्रको माध्यमबाट रु.३ करोड ४३ लाखको चिकित्सा सम्बन्धी मेशिनरी औजार खरिद गरी पुँजीगतबाट रु ८० लाख ६० हजार र चालु तर्फबाट रु.२ करोड ६२ लाख ४० हजार भुक्तानी गरेको छ। उक्त खरिदको लागि कार्यालयमा बजेट उपलब्ध नभएको, कार्यक्रम स्वीकृत नभएको तथा स्रोत सुनिश्चितता समेत प्राप्त नभएको अवस्थामा बोलपत्र आह्वन गरेको देखिन्छ । उक्त खर्च समर्थनको लागि २०७८।३।३१ मा मन्त्रालयलाई पत्र लेखेतापनि खर्च समर्थन भएको पाइएन ।

१३. **उपकरण खरिद-** कोभिड अस्पताल तथा प्रदेश सरकार मातहतका अन्य अस्पतालहरूको लागि आवश्यक पर्ने मेडिकल तथा अन्य उपकरणहरू खरिद गर्ने कार्यक्रम अनुसार यो वर्ष रु.५८ करोड ९८ लाख ६० हजारको उपकरणहरू खरिद गरी विभिन्न अस्पताललाई हस्तान्तरण गरेको देखियो। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरूमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारमा प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने उल्लेख छ। कार्यालयले मेडिकल तथा अन्य उपकरणहरू खरिद गर्न काठमाडौं उपत्यकास्थित ३ वटा विक्रेताबाट खुल्ला रुपमा प्राप्त दररेटको औसत दररेट निकाली लागत अनुमान तयार गरेको छ । दररेट उपलब्ध गराई दिन कार्यालयले पत्राचार नगरेको, उपकरणको स्पेशिफिकेशनसहितको दररेट नलिएको, लागत अनुमान स्वीकृत गर्ने निर्णयको कैफियतमा "सामानको दररेटको जवाफदेहिता दररेट पेस गर्ने फर्महरूमा नै निहित रहेको" जस्ता व्यहोरा उल्लेख गरेको छ। नियमावलीमा उल्लेख भएको अन्य सार्वजनिक निकायले त्यस्ता सामग्री खरिद गरे नगरेको सम्बन्धमा खोजी नगरेको, कतिपय उपकरणको मूल्य ईन्टरनेटमा खोजी गर्न सकिनेमा त्यसतर्फ ध्यान दिएको देखिएन। लागत अनुमान तयार गर्दा प्रचलित बजार भाउ सम्बन्धमा दररेट दिने फर्ममा नै जवाफदेहिता रहने उल्लेख गरेकोले कार्यालयले यथार्थ दर निर्धारण गर्न प्रयास गरेको देखिएन । खरिद भएका उपकरणहरूको लागत अनुमान रु.५९ करोड १४ लाख ८१ हजार रहेकोमा रु.५३ करोड ३२ लाख ३५ हजारको सम्झौता गरेको र सम्झौतामा उल्लिखित भएको भन्दा थप परिमाणमा सामान खरिद गरी रु.५८ करोड ९८ लाख ६० हजार

भुक्तानी भएको छ । यसबाट लागत अनुमान तथ्यपरक ढंगले तयार गरेको नदेखिएकोले सम्बन्धित कर्मचारीलाई कानुन बमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

१३.२. सार्वजनिक खरिद ऐन.२०६३ को दफा ६६ तथा नियमावली.२०६४ को नियम १४५ अनुसार कोभिड-१९ को कारण विशेष परिस्थिति परेको भनि ५ वटा ठेक्काको लागि ३ दिन र ६ वटा ठेक्काको लागि ५ दिनको अवधि दिई बोलपत्र आह्वान गरेको छ। कोभिड-१९ को लागि नभई नियमित रुपमा आवश्यक पर्ने मेशिन, उपकरणहरू समेत विशेष परिस्थितिको कानुनी आधार लिई खरिद गरेको देखिन्छ। बोलपत्र पेस गर्न ३ देखि ५ दिन अवधि दिँदा सप्लार्यसले बोलपत्रको लागि कागजात तयार गर्ने समयसमेत नपाउने स्थिति देखिएकोले अधिकांश ठेक्कामा एउटा मात्र बोलपत्र पेस भएको छ। उक्त ११ वटा ठेक्काको लागत अनुमान रु.३० करोड ७८ लाख ४ हजार रहेकोमा सम्झौता रु.२६ करोड ६६ लाख १ हजार रहेको छ । विशेष परिस्थितिमा गरिने खरिद सम्बन्धी विस्तृत विवरणको जानकारी एक तहमाथिको अधिकारीलाई दिनुपर्ने, १० लाख रुपैया भन्दा बढी रकमको खरिद गरेमा खरिदको विवरण सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनुपर्ने सार्वजनिक खरिद ऐन, नियममा व्यवस्था रहेकोमा सो अनुसार एक तह माथिको अधिकारी तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी गराएको देखिएन । ऐन, नियमको पालना हुनुपर्दछ ।

१३.३. आर्थिक ऐन, २०७७ तथा २०७८ ले मूल्य अभिवृद्धि कर छुट दिएका अक्सिजन सिलिण्डर लगायतका मेडिकल उपकरणहरू खरिद गरी २०७८ आषाढमा मूल्य अभिवृद्धि कर समेत रु.१८ लाख ५९ हजार भुक्तानी भएको छ । आर्थिक ऐन, २०७८ मिति २०७८।२।१५ बाट लागु भएपछि मूल्य अभिवृद्धि कर छुट दिएको उपकरणहरू २०७८ आषाढमा खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ। उक्त रकम असुल हुनुपर्दछ ।

१३.४. मेडिकल उपकरण तथा मेशिनहरूको ठेक्का व्यवस्थापन गर्दा एउटै ठेक्का प्याकेजमा एकभन्दा बढी मेशिन तथा उपकरण समावेश गरेको छ। धेरै मेशिन, उपकरणहरूमध्ये कुनै एउटा मेशिन/उपकरणको स्पेशिफिकेशन वा अन्य योग्यताका शर्त पूरा नभएमा पूरै प्याकेज नै अस्वीकृत हुने गरी शर्त कायम गरेको छ । अलग अलग मेशिन/उपकरण एउटै प्याकेजमा समावेश गरी बोलपत्र माग गरेतापनि अलग सामानको लागि अलग अलग मूल्याङ्कन गरी खरिद गर्न मिल्ने व्यवस्था नगरेको कारण प्रतिस्पर्धा सिमित हुन गएको देखिएको छ। एउटै ठेक्कामा एक भन्दा वढी मेशिन, उपकरण खरिद गर्ने गरी प्याकेजिङ भएकोमा एक भन्दा बढी आपूर्तकबाट अलग अलग सामान खरिद गर्न सकिने गरी बोलपत्र कागजातमा शर्त निर्धारण गर्नुपर्दछ । मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१३.५. मृगौंला रोग उपचारको लागि आवश्यक पर्ने हेमोडाइलासिस मेशिन खरिद गर्न रु.९३ लाख २२ हजार बजेट व्यवस्था भएकोमा ५ वटा मेशिन खरिद गर्न प्रति मेशिन रु.१७ लाख लागत अनुमान कायम गरी २०७८ बैशाखमा बोलपत्र आह्वान गरेकोमा प्रति मेशिन रु.१२ लाख ८३ हजारका दरले खरिद गरेको छ। पुनः ५ वटा मेसिन खरिद गर्न २०७८ आषाढमा प्रति मेशिन रु.१७ लाख २३ हजार लागत अनुमान स्वीकृत गरी ३ दिनको बोलपत्र आह्वान गरी प्रति मेशिन रु.१६ लाख ५० हजारमा खरिद गरेको छ । २०७८ बैशाखमा प्रति मेशिन रु.१२ लाख ८३ हजारमा खरिद

गरेपछि आषाढमा खरिद गर्न सोही रकमको लागत अनुमान कायम गर्नुपर्नेमा वढी रकमको लागत अनुमान कायम गरेको देखियो। यसरी आषाढमा ५ वटा मेशिन खरिद गर्दा अघिल्लो खरिदको तुलनामा रु.१८ लाख ३५ हजार बढी व्ययभार परेको छ । नियमको व्यवस्था बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।

१४. **क्वारेन्टिन खर्च -** यो वर्ष कार्यालयले चालु बजेट तर्फको औषधि खरिद शीर्षकबाट रु.९१ लाख १५ हजार र विविध कोष खातामा मौज्दात रहेको रकमबाट रु.९७ लाख ६६ हजारसमेत रु.१ करोड ८८ लाख ८० हजार क्वारेन्टिन व्यवस्थापन कार्यमा खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न छन ।

१४.१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जारी कोरोना भाइरससम्बन्धी क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ को बुँदा नं. २ मा क्वारेन्टिनमा बस्ने व्यक्तिहरूको लागि प्रतिदिन प्रतिव्यक्ति क्वारेन्टिन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर बमोजिमको खाना खाजा खर्च उपलब्ध गराउने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात पेस हुनुपर्ने व्यवस्था छ । उक्त खर्चमध्ये एक आपूर्तकबाट खाद्यान्न, टिसर्ट, तौलिया लगायतका रु.१ करोड ७२ लाख १४ हजारका सामान खरिद गरेको छ । कार्यालयले सञ्चालन गरेको प्रत्येक क्वारेन्टिन सेन्टरमा राखेका कोरोना संक्रमित व्यक्तिहरू क्वारेन्टिनमा बसेको अवधि खुल्ने विवरण र अभिलेख पेस नभएकोले खर्च यकिन गर्न सकिएन । खर्च पुष्टि हुने आधार प्रमाण पेस गरी खर्च रकम यकिन हुनुपर्दछ ।

१४.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । क्वारेन्टिन व्यवस्थापन लगायत अन्य कार्य गर्न गत वर्ष सामाजिक विकास मन्त्रालयबाट प्राप्त रकम मध्ये विविध खर्च खातामा रु.२ करोड ६३ लाख ६२ हजार मौज्दात रहेको र उक्त मौज्दात मध्ये क्वारेन्टिन व्यवस्थापन प्रयोजनमा खर्च गर्न अख्तियारी प्राप्त रु.३३ लाख ६२ हजार मात्र रहेकोमा क्वारेन्टिन व्यवस्थापन कार्यमा यो खाताबाट रु.९७ लाख ६६ हजार खर्च गरेकोले रु.६४ लाख ३ हजार बढी खर्च गरेको छ । यस्तै चालुतर्फको औषधि खरिदको बजेटबाट समेत क्वारेन्टिन व्यवस्थापनमा रु.९१ लाख १५ हजार खर्च गरेको छ । यसरी कार्यक्रम संसोधन तथा रकमान्तर स्वीकृति बेगर रु.१ करोड ५५ लाख १८ क्वारेन्टिन व्यवस्थापनमा खर्च गरेको उपयुक्त नदेखिएकोले यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

स्वास्थ्य निर्देशनालय

१५. **ट्याब्लेट एवं सफ्टवेयर खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा शाखा महाशाखाहरूबाट मालसामान माग संकलन गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले १७० वटा ट्याब्लेट खरिद गरी १९ लाख २१ हजार र स्वास्थ्य सम्बन्धी डाटा सङ्कलन गर्न एक परामर्शदाताबाट मोबाइल एप्लिकेशन फर डाटा कलेक्सन सफ्टवेयर खरिद गरी रु.१९ लाख ९४ हजार खर्च लेखेको छ। स्थानीय तहहरूको वडाबाट पारिवारिक स्वास्थ्य सम्बन्धी डाटा सङ्कलन गर्ने उद्देश्यले ट्याब्लेट

एवं सफ्टवेयर खरिद गरेकोमा तथ्याङ्क सङ्कलन कार्य शुरु गरेको देखिएन। जुन उद्देश्यको लागि सामान तथा सफ्टवेयर खरिद गरेको हो सोको उपयोग गरी तथ्यांक संकलन कार्य गर्नुपर्दछ ।

प्रादेशिक अस्पताल, जनकपुर

१६. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो अनुसार प्रादेशिक अस्पताल, जनकपुरले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन। कानुनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

१७. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३ (३) मा आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र वार्षिक वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालले विकास समितितर्फ २०७७।०७८ को आय व्यय विवरण समयमै तयार गरेको पाइएन। लेखापरीक्षण अवधिमा २०७८।९।२७ सम्म आर्थिक विवरण तयार गरी पेस नगरेको र तत्पश्चात आर्थिक विवरण तयार गरेतापनि श्रेस्ताको गोश्वारा भौचरहरू सिलसिलेवार रुपमा नरहेको, कतिपय भौचरहरूमा नम्बरिङ्ग समेत नगरेको, श्रेस्ता व्यवस्थित नरहेकोले लेखापरीक्षण गर्न नसकिने अवस्था देखिएकोमा कार्यालयले स्रेस्ता व्यवस्थित गरी पेस गर्ने लिखित प्रतिबद्धता जनाएतापनि सो अनुरुप पेस नगरेकोले समिति तर्फको आय व्ययको लेखापरीक्षण हुन सकेन । कार्यालयले पेस गरेको समितितर्फको बैंक विवरण अनुसार आर्थिक वर्षको अन्तमा बैंकमा रु.१ करोड ४१ लाख ८२ हजार मौज्दात रहेको देखिन्छ । स्रेस्ता व्यवस्थित गरी अन्तिम लेखापरीक्षणको लागि पेस गर्नुपर्दछ ।

१८. **सोझै औषधि खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) मा रु २० लाख रुपैंयासम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट २० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ। अस्पतालले यो वर्ष विभिन्न आपूर्तिकर्तासँग ९७ पटकमा रु.५ करोड ३७ लाख ३० हजारको औषधि तथा सर्जिकल सामान सोझै खरिद गरेको छ । नियममा व्यवस्था भए अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।

१९. **मेशिन खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसमान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालले यो वर्ष एम आर आइ मेशिन खरिदको लागि रु.१४ करोड ५८ लाख ८७ हजारको लागत अनुमान स्वीकृत गरी अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट एक प्रस्तावदातासँग रु.१३ करोड ७० लाख ६४

हजारमा सम्झौता गरेको छ । अस्पतालले नियममा उल्लेख भए अनुरुप लागत अनुमान तयार नगरी केही फर्मसँग दररेट माग गरी औसत दररेटको आधारमा मात्र लागत अनुमान तयार गरेको छ । अस्पतालले प्रतितपत्र मार्फत सम्झौता रकममा अन्य खर्च समेत जोडी रु.१४ करोड ७३ लाख ८५ हजार भुक्तानी गरेकोमा सम्झौता अनुसार मेशिन आपूर्ति गर्ने समय अर्थात २०७८।९।१८ सम्म मेशिन प्राप्त भएको देखिएन । अस्पतालले कोभिड १९ को कारणले मेशिन छिटो आवश्यक पर्ने भनी बोलपत्र दाखिलाको म्याद ४५ दिनबाट घटाई ३० दिन कायम गरेतापनि सम्झौता अवधिमा मेशिन प्राप्त भएको छैन । तसर्थ समयमै मेशिन सप्लाई नगर्ने आपूर्तिकर्तालाई कानुन बमोजिम जिम्मेवार बनाई निर्धारित गुणस्तर बमोजिमको एम. आर. आई मेशिन प्राप्ती, जडान तथा सञ्चालन भएको प्रमाण कागजात पेस गर्नुपर्दछ ।

गौर अस्पताल

२०. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति वापतको मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा कर रकमको ३० प्रतिशतले कट्टा गरी बाँकी ७० प्रतिशत मात्र सम्बन्धित आपुर्तक/फर्मलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अस्पतालले एक विक्रेतासँग १७ प्रकारका मेडिकल सामग्री खरिद गरी मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ८० लाख ५७ हजार मा भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर रु.२० लाख ७७ हजारको ३० प्रतिशतले हुने रु.६ लाख २३ हजार कट्टा गरेको पाइएन । मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेस हुनुपर्दछ ।

२१. **कोभिड सम्बन्धी बजेट र खर्चको स्थिति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार प्राप्त बजेट र खर्चको प्रगति तयार गर्नुपर्ने व्यवस्था छ। अस्पतालले कोभिड-१९ सँग सम्बन्धित आम्दानी र खर्चको प्रगति विवरण तयार गरेको छैन। अस्पतालले विविध खर्च खाता तर्फको आय व्ययमा गत वर्षको मौज्दात रु.२३ लाख २६ हजार र यो वर्ष प्राप्त रु. २ करोड ३० लाख गरी रु.२ करोड ५३ लाख २६ हजार मध्ये रु.२ करोड ४३ लाख ७३ हजार खर्च भई रु ९ लाख ५३ हजार मौज्दात रहेको छ । कोभिड नियन्त्रणको लागि प्राप्त बजेट र खर्चको यथार्थ अवस्था चित्रण हुने विवरण तयार गर्नुपर्दछ ।

२२. **जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र २८ बमोजिम संकलित आय सोही दिन सम्बन्धित बैंकमा दाखिला गर्नुपर्ने र ढिला दाखिला गरेमा १० प्रतिशतका दरले जरिवाना समेत लाग्ने व्यवस्था छ । अस्पतालले वार्षिक रुपमा आकस्मिक सेवा, ल्याब लगायतका २५ शीर्षकबाट रु.५२ लाख ६३ हजार प्राप्त गरेकोमा बैक दाखिला गरेको भौचर र बैक स्टेटमेन्ट लेखापरीक्षणमा पेस भएन । उक्त रकम समयमा दाखिला भएको बैक स्टेटमेन्ट पेस गर्नुपर्ने अन्यथा १० प्रतिशत जरिवाना समेत लगाई दाखिला गर्नुपर्दछ ।

शिक्षा विकास निर्देशनालय

२३. **एक निर्वाचन क्षेत्र दुई प्राविधिक शिक्षालय -** प्रदेश नीति तथा कार्यक्रम अनुसार यो वर्ष निर्देशनालयले ८ जिल्लाका ३२ निर्वाचन क्षेत्रमा दुई/दुई वटा प्राविधिक शिक्षालय स्थापना गर्न रु. १६ करोड बजेट व्यवस्था भएकोमा कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरू सामाजिक विकास मन्त्रालयबाट छनौट भई आएको र प्रति विद्यालय अधिकतम रु.२५ लाखसम्म अनुदान दिने गरी निर्देशनालयले ५१ विद्यालयलाई रु.१२ करोड ६२ लाख ८४ हजार निकासा दिएको छ । प्रदेश सरकारले प्राविधिक धार सञ्चालन गर्ने कार्यविधि, छनौट, सञ्चालन तथा खर्चको मापदण्ड तथा निर्देशिका जस्ता कानुनी आधार तयार गरेको छैन । छनौट भएका ६४ विद्यालय मध्ये १३ विद्यालयले निकासासमेत लिन नसकेको र ती मध्ये ८ विद्यालयले गत वर्ष प्राविधिक शिक्षा सञ्चालनको लागि रु.१ करोड ४७ लाख ८५ हजार निकासा प्राप्त गरेकोमा प्राविधिक शिक्षा सञ्चालन कार्य शुरु पनि नभएको र यो वर्ष ती विद्यालयलाई निकासा नदिएकोले अपेक्षित उपलब्धि हासिल हुने देखिएन । विद्यालय छनौट र कार्यान्वयनमा कमजोरी गर्नेलाई जिम्मेवार बनाई कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइनुपर्दछ ।

२४. **खरिद व्यवस्थापन -** निर्देशनालयले प्राविधिक शिक्षा सञ्चालनको लागि छनौट भएका विद्यालयहरूसँग सम्झौता गर्दा विद्यालयले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार सार्वजनिक निर्माण तथा खरिद कार्य गर्नुपर्ने उल्लेख छ । प्राविधिक शिक्षा सञ्चालन गर्न निकासा प्राप्त गरेका विद्यालयहरूले विभिन्न प्रकृतिका प्रयोगशालाजन्य सामग्री, पुस्तक तथा फर्निचर लगायतका समानहरू खरिद गरी निर्देशनालयमा बिल भर्पाई पेस गरेकोमा सार्वजनिक खरिद ऐन र नियमावलीको अनुसरण बेगर प्रतिस्पर्धाको आधारमा खरिद नगरी केही सिमित आपूर्तकबाट रु.५ लाख भन्दा बढीको एकै प्रकृतिको सामग्रीहरूसमेत सोझै खरिद गरेको छ । केही विद्यालयहरूले स्थानीय पत्रिकामा कोटेशन पेस गर्ने सूचना आह्वान गरे तापनि खरिदका प्रक्रियाहरू पूरा गरेको देखिदैन । विद्यालयले खरिद गरेका सामानहरू गुणस्तरीय र मितव्ययी छ भन्न सकिएन । साथै अधिकांश विद्यालयहरूले प्राविधिक शिक्षा सञ्चालन नहुदै विभिन्न किसिमका प्रयोगशालाजन्य सामग्री तथा उपकरणहरू खरिद गरी प्रयोगविहीन अवस्थामा राखेकोले कतिपय सामग्रीहरू वातावरणीय प्रभावले नष्ट हुने वा टुटफुट हुन सक्ने भएकोले खरिद गरिएका सबै सामग्रीहरू शिक्षालय सञ्चालन हुँदाका बखत सम्म सुरक्षित रही प्रयोगमा आउन कठीन पर्ने देखिन्छ । तसर्थ कार्यक्रम कार्यान्वयनमा उल्लिखित कमजोरीमा सुधार गरी कार्यक्रमलाई थप प्रभावकारी बनाईनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत २६ निकायको रु.१७ करोड १ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । सोमध्ये ६ निकायको रु.३ करोड ५७ लाख ६६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा छ ।

➢ अन्य संस्था, समितितर्फ ५ निकायको रु.३१ करोड ७१ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.५२ लाख २ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार यस मन्त्रालयको स्थापना २०७८/२/२६ मा स्थापना भएको हो । प्रदेश स्थित महिला, बालबालिका तथा युवाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन लगायतका कार्य गर्ने उद्देश्यले यो मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालयको लागि विनियोजन तर्फ रु.७४ लाख ८१ हजार हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ मा मन्त्रालयलाई महिला, बालबालिका तथा युवा को हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य जिम्मेवारी दिएको देखिन्छ । तोकिएका कार्य जिम्मेवारी पूरा गर्न स्वीकृत दरबन्दी अनुसारको दक्ष जनशक्ति समयमै पदपूर्ति गरी र आवश्यक कार्यान्वयन कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

३. **आवधिक योजना तथा बजेट कार्यान्वयन** - प्रदेश सरकारको चालु आवधिक योजनामा महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत केही परिमाणात्मक लक्ष्य देहाय अनुसार राखेको छ ।

क्र.सं.	परिमाणात्मक लक्ष्य र सूंचकहरू	आ.ब.०७५/०७६ को स्थिति	आ.ब.०८०/०८१ को लक्ष्य
१	महिला साक्षरता दर	३९	९७
२	इन्टरनेटमा महिला पहुँच	८.२	२५
३	राजनीनिक क्रियाकलापमा महिलाका सहभागिता	१९	३०
४	आर्थिक प्रतिष्ठानको निर्णायक तहमा महिला सहभागिता	१९	३०
५	शारिरीक तथा यौन हिंसा भोगेका महिला	६.१	३.०
६	महिलाहरूको सम्पत्ती माथिको स्वामित्व (घरजग्गा)	१०.७	२०
७	छात्रा विद्यालय भर्नादर	६०.६	९९
८	बालपोषण कुपोषण दर (५ वर्ष मुनिका ख्याउटेपन)	१४.४	७
९	युवा बेरोजगारी	३३.१	२२
१०	कभर्डहल/रंगशाला निर्माण	६	१६

प्रदेशको आवधिक योजनामा सामाजिक उत्तरदायित्व कोष अन्तर्गतको निश्चित रकम महिला सशक्तिकरणमा उपयोग गर्ने नीतिको व्यवस्था गर्ने, जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गर्ने र प्रत्येक

प्रदेशमा सुविधासम्पन्न वृद्धाश्रम स्थापना गर्ने जस्ता विषयहरूको साथै प्रदेशमा युवा केन्द्र स्थापना गर्ने, प्रादेशिक रंगशाला निर्माण गर्ने, खेलकुदसम्बन्धी अध्ययन तथा विकासका लागि छुट्टै शैक्षिक संस्थाको स्थापना गर्ने, खेल शहरको विकासको साथै प्रदेश सरकारको आवधिक योजनामा समावेश उक्त परिमाणात्मक लक्ष्य हासिल गर्ने विषयहरू वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **दिगो विकासका लक्ष्य -** दिगो विकासको परिमाणात्मक लक्ष्य २०३० को लक्ष्य नम्बर ५ मा लैगिंक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तिकरण गर्न विभिन्न ६ वटा परिमाणात्मक लक्ष्यहरू किटान गरेको छ । मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ, छोरी शिक्षा बिमा, छात्रालाई साइकल वितरण गर्ने लगायतका कार्यलाई उच्च महत्व दिई कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रमहरूले लैङ्गिक समानता हासिल गर्ने महत्वपूर्ण कोशेढुङ्गाको रुपमा अपेक्षा गरेकोमा हालसम्म उक्त कार्यक्रमले पारेको प्रभावलाई अनुगमन मूल्याकंन गरेको देखिएन ।घरेलु महिला हिंसा, यौन शोषण, दहेज जस्ता अन्य क्षेत्रहरू समेत पहिचान गरी समग्र प्रदेशमा लैङ्गिक समानता कायम गर्न सघाउ पुग्ने कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयमा रु.५५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा भएको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सँगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सँगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन योग्यता प्रणालीलाई अवलम्वन गर्ने उद्देश्यको लागि प्रदेशसभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरे अनुसार २०७६/५/२२ मा यो आयोगको स्थापना भएको हो ।

यो वर्ष आयोगको विनियोजन रु.४ करोड ५२ लाख ९२ हजार, राजस्व रु.३८ लाख १८ हजार र धरौटी रु.४ लाख ९४ हजार समेत रु.४ करोड ९६ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **सेवा प्रवाह -** प्रदेश निजामती सेवा ऐन, २०७७ अनुसार प्रतिशत निर्धारण मापदण्ड २०७७ स्वीकृत गरेको,वार्षिक कार्यतालिका स्वीकृत गरेको, विभिन्न पदहरूको हालसम्म ७८ वटा पाठ्यक्रमहरू निर्माण गरको, बढुवा समितिको सचिवालय र बढुवा समिति निर्धारण गरेको र ईन्जिनियरिड र प्रशासन सेवा लगायतका विभिन्न पदहरूको विज्ञापन गरेको लगायतका कार्य गरेको छ ।

२. **कर्मचारी दरबन्दी र पदपूर्ति -** आयोगको कार्य सञ्चालनको लागि २१ दरबन्दी स्वीकृत गरेकोमा १० दरबन्दी पदपूर्ति भएको र कम्प्युटर अपरेटर, प्रशासन पाँचौ, छैठौ र सातौ लगायत ११ दरबन्दी रिक्त रहेको छ । स्वीकृत दरबन्दी अनुसार पदपुर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ।

३. **मेशिन सञ्चालन -** आयोगले २ थान अप्टिकल मार्क रिडर मेशिन रु.४८ लाख २० हजारमा खरिद गरेको छ । मेसिन सञ्चालन गर्ने दक्ष जनशक्तिको अभावमा उक्त मेशिन सञ्चालन गरेको देखिएन । मेशिन सञ्चालन गर्न आवश्यक कर्मचारीको व्यवस्था सहित मेसिनको उचित प्रयोग गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** आयोगतर्फ रु.२ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.४ करोड ५ लाख ४३ हजार, राजस्व रु.२ लाख ३५ हजार, धरौटी रु.१९ लाख ३४ हजार समेत रु.४ करोड २७ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो सम्बन्धमा देखिएका प्रमुख व्यहोरा यसप्रकार छन्:

१. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएको व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याईएको भएतापनि हालसम्म सुधार भएको पाइएन ।

२. **मुद्दाको फर्स्यौंटको स्थिति -** आर्थिक वर्ष २०७७।०७८ मा कार्यालयको अभिलेखमा प्रदेश सरकारसँग सम्बन्धित जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म १४४ वटा मुद्दा रहेको मध्ये १५ वटा मुद्दा मात्र फर्स्यौंट भई १२९ वटा बाँकी रहेको देखिन्छ ।

३. **कालो सूची -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (ख) मा स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक देखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम १४१ मा त्यसरी कालोसूचीमा राखु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्यालय परिसरमा ट्रस निर्माण लगायतका निर्माण कार्य गर्न एक निर्माण व्यवसायीलाई बोलपत्र मूल्याकंन समितिले छनौट गरेतापनि सम्झौता गर्न नआएकोले बोलपत्र जमानत रु.५७ हजार जफत गरी दोस्रो निर्माण व्यवसायीसँग रु.१८ लाख २४ हजारको सम्झौता गरेकोमा खरिद ऐनको व्यवस्था बमोजिम कालो सूचीमा राख्ने कारबाही अगाडि बढाएको देखिएन ।कानुनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** कार्यालयमा रु.१ लाख ९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति, रणनीतिक विषयका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउने तथा प्रदेशको आवश्यक नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश नीति आयोगको गठन तथा कार्य सञ्चालन ऐन, २०७५ अनुसार प्रदेश नीति आयोगको गठन भएको हो। हाल प्रदेश सरकारबाट यस आयोगको नाम प्रदेश नीति तथा योजना आयोग कायम गरेको छ।

यो वर्ष आयोगको विनियोजन रु.८१ लाख २९ हजार, राजस्व रु.३४ हजार, धरौटी रु.७२ हजार र अन्य कारोबार रु.४ लाख ७४ हजार समेत रु.८७ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आयोगले प्रचलित कानुन बमोजिम खरिद कार्यको लागि खरिद इकाइ गठन गर्ने, कर्मचारीको कार्य विवरण बनाई लागु गर्ने लगायतका सुधारका कार्य गरी आन्तरिक नियन्त्रण प्रणाली थप व्यवस्थित गर्नुपर्दछ।

२. **आवधिक योजना र कार्यान्वयन -** आयोगले २०७६।७७ देखि २०८०।८१ सम्मको लागि प्रथम आवधिक योजना तयार गरी देहाय अनुसारको परिमाणात्मक लक्ष्य राखेको छ ।

सि.नं.	प्रमुख सूचक	इकाइ	आधार वर्ष ०७५/७६	२०७७/७८ को लक्ष्य
१	प्रादेशिक आर्थिक बृद्धिदर	प्रतिशत	६.५३	८
२	गरिबीको रेखामुनी जनसंख्या	प्रति लाख	२६.६९	२४
३	कुल ग्राहस्थ उत्पादन	रु. अर्ब	४४४.४९	५१३.६५
४	साक्षरता (५ वर्ष माथि)	प्रति लाख	४९.५	८०
५	औसत आयु	वर्ष	७०.४	७१.५

योजनाले २०७७।७८ सम्म अर्थात योजना कार्यान्वयनको शुरुका दुई वर्षमा प्राप्त उपलब्धिको अध्ययन समीक्षा तथा विश्लेषण गरेको छैन । आयोगको विद्यमान जनशक्तिको क्षमताको उपयोग गर्दा प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्यक्रम आयोजना बैंकको निर्माण र कार्यान्वयनको अवस्था, लक्ष्य र प्राप्त नतिजाको समीक्षा गरी लक्षीत कार्यक्रमबाट अपेक्षीत उपलब्धी हासिल गर्न योजना आयोग थप क्रियाशिल हुनुपर्दछ ।

३. **प्रादेशिक क्षेत्रगत लक्ष्य -** प्रथम आवधिक योजनाले आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय अनुसारको आर्थिक वृद्धिदरको लक्ष्य राखेको छ ।

सि.नं.	क्षेत्र	२०७७/७८ (प्रतिशतमा)
१	कृषि	५.४
२	उद्योग	१२
३	सेवा	९.१
	कुल	**८.०**

योजनाले लक्ष्य अनुसार २०७७/७८ मा पुँजीगत खर्च रु.२० अर्ब ९२ करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु. १४ अर्ब ३ करोड (६७.१ प्रतिशत) मात्र खर्च गरेकोले योजनाको लक्ष्य अनुसार प्रगति हुने अवस्था छैन । योजनाले निर्दिष्ट गरेका लक्ष्य र प्रगतिको सम्बन्धमा अनुगमन मुल्याकंन गरी लक्षीत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ ।

४. **योजना र बजेट बीचको अन्तर -** प्रदेशको आवधिक योजना २०७६/०७७ देखि ०८०/०८१ मा औसत आर्थिक वृद्धिदर ९ प्रतिशत हासिल गर्ने गरिबिको रेखामुनी रहेको जनसंख्यालाई २७.७ बाट २५.२ प्रतिशत मा ल्याउने जस्ता लक्ष्यहरू निर्धारण गरेको देखिन्छ। लक्ष्यहरू हासिल गर्न योजनाले अनुमान गरे बमोजिम प्रदेश सरकारले पुँजीगत खर्च गर्न सकेको देखिएन। योजनाको शुरुका दुई वर्ष प्रदेश सरकारको पुँजीगत खर्चको अनुमान र यथार्थ खर्च बीच निम्नानुसार फरक रहेको छ।

सि.नं.	आर्थिक वर्ष	अनुमानित पुँजीगत खर्च (अर्बमा)	यथार्थ खर्च (अर्बमा)
१	२०७६।७७	१७.२०	८.२३
२	२०७७।७८	२०.९२	१४.०३
	जम्मा	**३८.१२**	**२२.२६**

लक्ष्य अनुरुप पुँजीगत खर्च बढाउन ध्यान जानुपर्दछ ।

५. **दिगो विकास लक्ष्य कार्यान्वयन -** पन्ध्रौं योजनामा दिगो विकास लक्ष्य उल्लेख गर्दा गरिबी निवारण, आर्थिक वृद्धि र रोजगारी, औद्योगिकरण, शहरी विकास, लैङ्गिक समानता, समावेशीकरण, खानेपानी, ऊर्जा, स्वास्थ्य, शिक्षा, सार्वजनिक/निजी साझेदारीसँग सम्बन्धित लक्ष्य र रणनीति निर्धारण गरेको छ । उक्त लक्ष्यलाई कार्यान्वयन गर्न प्रदेश सरकारको वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ। संघ, प्रदेश र स्थानीय तहमा सरोकारवालासँग समन्वय गर्ने, प्रदेश र स्थानीय तहहरूमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध हुने योजना छनौट गर्ने मन्त्रालय र स्थानीय तहबाट प्रचारमुखी र दिगो नहुने खालका ससाना बितरणमुखी कार्यक्रमहरू संञ्चालन नगर्ने नीति लिनुपर्दछ । स्थानीय जनता तथा संघ संस्थाका माग अनुसारका रु.५ लाख भन्दा घटी लागत भएका टुक्रे आयोजनाहरू छनौट गरेकोले दिगो विकाससँग मेल नखाने यस्ता कार्यक्रम छनौट तथा सञ्चालन गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

६. **मध्यमकालीन खर्च संरचना -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ । आयोगले २०७७।७८ देखि २०७९।८० को लागि

मध्यमकालीन खर्च संरचना तयार गरेको छ । संरचनामा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक बजेटलाई तादाम्यता कायम गराउने प्रयास गरेको उल्लेख भएतापनि प्रदेश र स्थानीय तहमा यस्तो संरचना बनाई प्रभावकारी रुपमा कार्यान्वयन नगर्दा आवधिक योजना र वार्षिक बजेट बीच सामञ्जस्यता कायम भएको देखिएन । तसर्थ आवधिक योजनाबाट अपेक्षित परिणाम प्राप्त गर्न मध्यमकालीन खर्च संरचनालाई सापेक्षिक बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति -** आयोगमा रु.१० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

परिच्छेद- ४

प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ प्रदेश सभामा २०७६/७/२९ मा पेस गरेको र तत्पश्चातका वार्षिक प्रतिवेदनहरु प्रदेश सभामा हालसम्म पेस नभएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कार्यालयतर्फ १२९ इकाइको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण गरी ११२ इकाइमा सैद्धान्तिक दफा ९४७ र लगती दफा २२६५ बाट रु.१ अर्ब ८१ करोड ६२ लाख ९५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट ३ इकाइको रु.४६ लाख २७ हजार फर्स्यौंट गरी रु.१ अर्ब ८१ करोड १६ लाख ६८ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ १० इकाइको आर्थिक कारोबारको लेखापरीक्षण गर्दा सैद्धान्तिक दफा ९५ र लगती दफा ७८ बाट रु.३१ करोड ८९ लाख ५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुने प्रमाण भएको छैन। कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्ने देखिन्छ ।

३. **सम्परीक्षण -** प्रदेश सरकारी कार्यालय तर्फ तेश्रो प्रतिवेदन सम्म रु.३ अर्ब ५२ करोड ४० लाख ६८ हजार र अन्यसंस्था, समितितर्फ रु.१६ करोड ५१ लाख ४९ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा यो वर्ष प्रदेश कार्यालय तर्फ २१ निकायले रु.१३ करोड ३० लाख १ हजार (३.७७ प्रतिशत) र समिति तथा अन्य संस्थातर्फ १ निकायले रु.३२ लाख ७५ हजार (१.९८ प्रतिशत) मात्र बेरुजु फर्स्यौंट गरेका छन्। बाँकी निकायले बेरुजु फर्स्यौंटको लागि अनुरोध नगरेकोले बेरुजु सम्परीक्षण भएको छैन।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ । प्रदेश कार्यालयहरू स्थापनाको शुरुवाति चरणमा रहेको, प्रदेश सभामा लेखा समिति गठन गरी बेरुजु छलफलमा तदारुकता आउन नसकेको, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन नभएको, प्रभावकारी आन्तरिक लेखापरीक्षण हुन नसकेको, खरिदकार्यमा कानुनको पालना हुन नसकेको, अनुगमन एवं नियमनलाई प्रभावकारी बनाउन नसकेको आदि कारणबाट बेरुजु न्यूनीकरण हुन सकेको छैन । जिम्मेवारी वहनको स्थितिमा सुधार गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद - ५

सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पुरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी, प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ती, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्यप्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्यविभाजन) नियमावली बमोजिम अर्थ मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म मधेश प्रदेशमा कानुन निर्माण गर्न ५७ विधेयक प्रदेश सभामा पेस भएकोमा ४४ विधेयक पारित भई १३ कानुन निर्माण भएको र बाँकी १२ कानुन निर्माणको चरणमा रहेको देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **सेवा र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधाभन्दा बढी नहुने गरी सुविधा भुक्तानी गर्नुपर्नेमा चाडपर्व खर्च, प्रदेश सचिव थप सुविधा, यातायात खर्च सुविधा, सल्लाहकार लगायतका सुविधा ऐन अनुसार तोकिएभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी मापदण्ड बमोजिम सेवा सुविधा उपलब्ध गराउने व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

५. **दरबन्दी र पदपूर्ति** - प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दी अनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना बैङ्क -** पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालिन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकिकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

८. **आयोजना छनौट एवं कार्यान्वयन -** आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजनाको छनौट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

९. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा७ स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०. **अध्ययन प्रतिवेदन** – प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखि कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो अध्यान नहुने व्यवस्था मिलाउनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

११. **बजेट तर्जुमा -** बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालिन खर्च संरचना, बहुवर्षिय चक्रिय बजेट लगायतका अवधारणा अनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दीगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष मधेश प्रदेश सरकारले पेस गरेको बजेट वक्तव्य अनुसार रु.३४ अर्ब ७० करोड ४४ लाख बजेट विनियोजन गरेकोमा रु.२२ अर्ब ५४ करोड ५८ लाख खर्च गरी कुल विनियोजनको ६४.९६ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रम र आधार बेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१४. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१६. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरितो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१७. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमन जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनिकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१८. **नर्म्स तथा निर्माण स्थल -** निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक एवं स्वीकृत गरी खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय र स्वीकृत लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१९. **खरिद सम्झौता कार्यान्वयन -** सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२१. **निर्माण कार्य सम्पन्न -** निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट बञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२२. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद कानुनमा उल्लेखित सीमा अनुसारको कार्य मात्र उपभोक्ता समितिबाट गराउने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा रोजगारी सिर्जना, वातावरणीय पक्ष, गुणस्तरीय कार्यसम्पादन मितव्ययिता लगायतका विषयमा ध्यान दिनुपर्ने देखिएको छ । उपभोक्ता समितिहरूबाट गरिने कार्यमा जनसहभागिता सुनिश्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारी सहित आयोजना हस्तान्तरण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२३. **गुणस्तर परीक्षण -** सार्वजनिक निर्माण कार्यलाई दीगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने,

गुणस्तरीय परीक्षण गर्न कार्यालयहरूलाई प्रोत्साहन गर्ने, गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तताको सुनिश्चित गर्ने व्यवस्था मलाउनुपर्ने देखिन्छ ।

• सार्वजनिक श्रोत र सम्पत्ति संरक्षण

२४. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्तिको विवरण तथा विद्यमान सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने, प्रयोगमा रहेका सवारी साधनको अभिलेख, त्यसको मर्मत एवं हस्तातरण कार्यलाई व्यवस्थित गरी महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोगमा ल्याई सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ । प्रदेश सरकार मातहत रहेका सार्वजनिक जग्गा, घर, सवारीसाधन, फर्निचर, कम्प्युटर, मेशिन उपकरण लगायतका सम्पत्तिको कार्यालयगत र एकीकृत अभिलेख राख्नुपर्दछ ।

२५. **धार्मिक एवं साँस्कृतिक सम्पदा -** सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थल लगायत पुरातात्विक एवं धार्मिक स्थलहरूको अभिलेख, मर्मत सम्भार, संरक्षण र उपयोग गरी धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्दछ ।

• वित्तीय श्रोत परिचालन

२६. **आन्तरिक आय -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्रको समुचित परिचालन गरी राजस्व संकलनलाई वृद्धि गर्नुपर्दछ । राजस्व संकलन सम्बन्धी कर, दस्तुर र शुल्क परिमार्जन गर्दा संघीय कानुनसँग सामन्जस्य गर्ने र राजस्वका थप क्षेत्र पहिचान तथा राजस्व प्रशासनमा सुधार गरी आन्तरिक राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ।

२७. **राजस्व दायरा बिस्तार -** संविधान अनुसार प्रदेश सरकारले संकलन गर्ने राजस्वका क्षेत्र तथा दायरा विस्तार गर्ने, चुहावट नियन्त्रण गर्ने, कर्मचारीको दक्षता अभिवृद्धि गर्ने लगायतका कार्य गरी राजस्व प्रशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।

• भौतिक पूर्वाधार विकास

२८. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिंचाइ, खानेपानी, पर्यटन, दुरसंचार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको समानुपातिक विकासका लागि आवश्यक स्रोत व्यवस्थापन तथा उपयोग गरी पूर्वाधार विकास गर्नुपर्दछ ।

२९. **प्रदेश पूर्वाधार -** प्रदेश सरकार स्थापना भएपश्चात स्थायी राजधानी रहने स्थानमा भवन लगायत भौतिक पूर्वाधार बिकास गर्ने लगायतका कार्य गर्नु पर्दछ ।

३०. **जोखिम न्यूनिकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आँकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । यसका लागि आवश्यक पर्ने स्रोतसाधन जस्तै बजेट, जनशक्ति, समन्वय र सञ्चार व्यवस्था, अन्य पूर्वाधार लगायतका विषयमा पर्याप्त ध्यान दिनुपर्दछ । कोभिड-१९, सर्पदंश शितलहर,

लु जस्ता प्राकृतिक तथा मौसमजन्य समस्या लगायतका महामारी एवं भूबनोट अनुसारका संक्रामक रोग नियन्त्रणका लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी बनाउने, स्वास्थ्य पूर्वाधारको एवं जनशक्ति व्यवस्थापन गरी उपचार सेवा सुधार गर्ने, सबैलाई खोपको सुनिश्चितता हुने व्यवस्था मिलाउने र कोभिड रोग नियन्त्रणका लागि भएका कार्यहरूको समीक्षा गरी विपद् व्वस्थापन अन्तर्गत भविष्यमा गर्नुपर्ने पूर्व तयारी, पूर्वाधार विकास, जनचेतना तथा सञ्चार व्यवस्था मिलाई विपद् जोखिम न्यूनिकरणका उपायहरू अवलम्बन गर्नुपर्दछ ।

• संघीयता कार्यान्वयन

३१. **समन्वय** – नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका र आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसारका एकल तथा साझा अधिकार सूचीका कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण कार्यान्वयन गर्नुपर्ने, अन्तरप्रदेशमा संचालन हुने सडक, विद्युत, सिँचाई लगायतका पूर्वाधार सम्बन्धी परियोजनाहरू संचालन गर्दा तीनै तहबीच समन्वय कायम गरी दोहोरो नहुने व्यवस्था मिलाउनुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकण गरिनुपर्दछ ।

३२. **प्रदेश समन्वय परिषद** – प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता साझा अधिकार क्षेत्रको प्रयेग प्राकतिक स्रोतको उपयोग र बाँडडफाँट सम्बन्धमा समन्वय गर्ने विवाद निरुपण गर्ने कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्रदेश समन्वय परिषदको भूमिका प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।

३३. **स्वनिर्भरता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत संकलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

• वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

३४. **मितव्ययीता** - एउटै प्रकृतिको काम बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी दोहोरो खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने, संगठन व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संख्यामा संगठन तथा दरबन्दी कायम गरी चालु खर्चमा नियन्त्रण गर्नुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम र बजेटसँग आबद्ध गरी मितव्ययी तवरले खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ। खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका तयार, अद्यावधिक तथा कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

३५. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, राजस्व दाखिला, आय-व्यय तथा पेस्की फस्यौंटका प्रमाणहरू व्यक्तिको जिम्मा रहने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३६. **प्रतिवेदन कार्यान्वयन** - संवैधानिक निकायले पेस गरेका प्रतिवेदनहरू संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिक लगायतका

विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनहरूमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराहरूको सम्बन्धमा सयममा कारवाही टुङ्गो लगाई प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

३७. **लेखा ढाँचा -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ।

३८. **अनुगमन र मुल्यांकन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयहरूमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

अनुसूचीहरू

अनुसूची-१

(प्रतिवेदनको परिच्छेद १ को दफा १ र परिच्छेद २ को दफा ३.२ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरु विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार

२०७७।७८

(रु.हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजू
१	प्रदेश सभा सचिवालय	१	१	४३१८६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	३	५११४६८
३	अर्थ मन्त्रालय	९	३	४५०८४
४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	१	३१५९०
५	उद्योग, पर्यटन, तथा वन मन्त्रालय	२२	१९	७४२३०
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२३	१०८४१७
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३२	३२	८२७१०१
८	महिला, वालवालिका, युवा तथा खेलकुद मन्त्रालय	१	१	५५
९	सामाजिक विकास मन्त्रालय	३०	२६	१७०१७१
१०	प्रदेश लोकसेवा आयोग	१	१	२४७
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	१०९
१२	प्रदेश नीति तथा योजना आयोग	१	१	१०
	जम्मा	**१२९**	**११२**	**१८११६६८**

अनुसूची-१ (क)

(प्रतिवेदनको परिच्छेद १ को दफा १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

२०७७।७८

क सं	लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण	इकाइगत संख्या	मन्त्रालयगत संख्या
सरकारी कार्यालयहरु तर्फ			
१	**प्रदेश सभा सचिवालय**		**१**
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		३
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	
२.२	ग्रामीण विकास प्रशिक्षण केन्द्र	१	
२.३	प्रादेशिक सुशासन केन्द्र	१	
३	**अर्थ मन्त्रालय**		**९**
३.१	मन्त्रालय	१	
३.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१	
३.३	प्रदेश लेखा इकाइहरु	७	
४.	**आन्तरिक मामिला तथा कानून मन्त्रालय**		**१**
४.१	मन्त्रालय	१	
५	**उद्योग, पर्यटन, तथा वन मन्त्रालय**		**२२**
५.१	मन्त्रालय	१	
५.२	प्रदेश वन निर्देशनालय	१	
५.३	उपभोक्ता हित संरक्षण निर्देशनालय	१	
५.४	डिभिजन वन कार्यालयहरु	८	
५.५	वन अनुशन्धान तथा प्रशिक्षण केन्द्र	१	
५.६	भु तथा जलाधार व्यवस्थापन कार्यालयहरु	२	
५.७	घरेलु तथा साना उधोग कार्यालयहरु	८	
६	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**		**२७**
६.१	मन्त्रालय	१	
६.२	कृषि विकास निर्देशनालय	१	
६.३	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१	
६.४	बाली संरक्षण प्रयोगशाला	१	
६.५	कृषि ज्ञान केन्द्रहरु	८	
६.६	उष्ण प्रदेशीय बागबानी केन्द्र	१	
६.७	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र	१	
६.८	माटो तथा मल परीक्षण प्रयोगशाला	१	
६.९	बिउबिजन प्रयोगशाला	१	
६.१०	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	८	
६.११	मत्स्य विकास केन्द्रहरू	२	
६.१२	पशु सेवा तालिम केन्द्र	१	
७	**भौतिक पूर्वाधार विकास मन्त्रालय**		**३२**
७.१	मन्त्रालय	१	

७.२	यातायात पूर्वाधार निर्देशनालय	१	
७.३	सडक डिभिजन कार्यालयहरु	२	
७.४	पूर्वाधार विकास कार्यालयहरु	४	
७.५	यातायात व्यवस्था कार्यालयहरु	५	
७.६	यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र	१	
७.७	जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु	८	
७.८	भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु	४	
७.९	शहरी विकास तथा भवन कार्यालयहरु	२	
७.१०	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु	४	
८	**महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय**		१
९	**सामाजिक विकास मन्त्रालय**		**३०**
९.१	मन्त्रालय	१	
९.२	शिक्षा विकास निर्देशनालय	१	
९.३	स्वास्थ्य निर्देशनालय	१	
९.४	शिक्षा तालिम केन्द्र	१	
९.५	सामाजिक विकास इकाइ कार्यालयहरु	४	
९.६	प्रदेश स्वास्थ्य आपुर्ति केन्द व्यवस्थापन केन्द्र	१	
९.७	स्वास्थ्य कार्यालयहरु	८	
९.८	जिल्ला आयर्वेद स्वास्थ्य केन्द्रहरू	८	
९.९	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१	
९.१०	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१	
९.११	व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु	२	
९.१२	रोजगार सूचना केन्द्र	१	
१०	**प्रदेश लोकसेवा आयोग**		१
११	**मुख्य न्यायाधिवक्ताको कार्यालय**		१
१२	**प्रदेश नीति तथा योजना आयोग**		१
	जम्मा		**१२९**
	अन्य संस्था तथा समिति तर्फ		
१३	**आन्तरिक मामिला तथा कानून मन्त्रालय**		३
१३.१	चलचित्र तथा लोक संचार प्रबर्द्धन बोर्ड	१	
१३.२	आम सञ्चार प्राधिकरण	१	
१३.३	मिडिया काउन्सील	१	
१४	**सामाजिक विकास मन्त्रालय**		७
१४.१	प्रदेशिक अस्पताल	१	
१४.२	जिल्ला अस्पतालहरु	६	
	जम्मा		१०
	कुल जम्मा		**१३९**

अनुसूची-२
(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

प्रदेश कार्यालयको लेखापरीक्षण रकम
२०७७।७८

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	
१	प्रदेश सभा सचिवालय	१	३७७,००२	१	३७७,००२	१	९१४	१	९१४	१	७,५८१	१	७,५८१	१	४०६	१	४०६	३८५,९०३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	८९८,५१९	३	८९८,५१९	२	९०८	२	९०८	२	४३,२५९	२	४३,२५९	१	५०६,३३८	१	५०६,३३८	१,४४९,०२४
३	अर्थ मन्त्रालय	९	३,०८८,६६८	९	३,०८८,६६८	१०	१०,०८१,१०१	१०	१०,०८१,१०१	९	६,६५५	९	६,६५५	५	२८,७०४	५	२८,७०४	१३,२०५,१२८
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	४५२,१५८	१	४५२,१५८	१	८९२	१	८९२	१	२०,०७५	१	२०,०७५	१	१५०,४६३	१	१५०,४६३	६२३,५८८
५	उद्योग पर्यटन तथा वन मन्त्रालय	२२	२,२२९,५७०	२२	२,२२९,५७०	२१	२३७,३५७	२१	२३७,३५७	२२	१३६,८०८	२२	१३६,८०८	११	१०७,७९५	११	१०७,७९५	२,७११,५३०
६	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२७	१,७१६,६४२	२७	१,७१६,६४२	२४	१२,२५८	२४	१२,२५८	२६	४६,७३२	२६	४६,७३२	३	१२,३६४	३	१२,३६४	१,७८७,९९६
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३३	९,३६८,३८१	३२	८,८५२,६२०	३१	२,२४१,१९३	३०	२,२४१,०६२	२९	६०६,१४४	२८	६०१,४४३	७	१३,८९०	७	१३,८९०	११,७०९,०१५
८	महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	१	७,४८१	१	७,४८१	०	-	०	-	०	-	०	-	०	-	०	-	७,४८१
९	सामाजिक विकास मन्त्रालय	३०	४,३१३,४१८	३०	४,३१३,४१८	३२	१६,७५०	३२	१६,७५०	३४	५४,७१८	३४	५४,७१८	२१	२०६,९९८	२१	२०६,९९८	४,५९१,८८४
१०	प्रदेश लोकसेवा आयोग	१	४५,२९२	१	४५,२९२	१	३,८१८	१	३,८१८	१	४९४	१	४९४	०	०	०	-	४९,६०४
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	४०,५४३	१	४०,५४३	१	२३५	१	२३५	१	१,९३४	१	१,९३४	०	०	०	०	४२,७१२
१२	प्रदेश नीति तथा योजना आयोग	१	८,१२९	१	८,१२९	१	३४	१	३४	१	७२	१	७२	१	४७४	१	४७४	८,७०९
	hDlf	१३०	२२,५४५,८०३	१२९	२२,०३०,०४२	१२५	१२,५९५,४६०	१२४	१२,५९५,३२९	१२७	९२४,४७२	१२६	९१९,७७१	५१	१,०२७,४३२	५१	१,०२७,४३२	३६,५७२,५७४

अनुसूची-२(क)

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौता विवरण

२०७७।७८

(रु. हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	इकाइ	रकम	
१	शहरी विकास तथा भवन कार्यालय, पर्सा	१	५१५७६०	०	०	१	१३१	०	०	१	४७०१	०	०	०	०	०	०	५२०५९२

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७७।७८

(रु.हजारमा

क्र. सं	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	वक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३	३	०	३	७८२८८	०
२	सामाजिक विकास मन्त्रालय	८	७	०	७	२६३७६९६	१
	जम्मा	**११**	**१०**	**०**	**१०**	**२७१५९८४**	**१**

नोटः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको यो वर्षको लेखापरीक्षण गर्न बाकी रहेको छ ।

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ को दफा २ र परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

२०७७।७८

(रु.हजारमा)

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	वर्षको सुरु मौज्दात	आय				व्यय					यो वर्षको बचत	वर्षान्तको मौज्दात
							बिक्री / सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष	संचालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	आन्तरिक मामिला तथा कानून मन्त्रालय									०					०		
१	चलचित्र तथा लोक संचार प्रवर्द्धन बोर्ड, जनकपुर, धनुषा	२०७७/७८	१	४०९५१	८५९	०	०	०	३००००	३००००	०	०	०	१०९५१	१०९५१	१९०४९	१९०४९
२	आम सञ्चार प्राधिकरण,जनकपुर,धनुषा	२०७७/७८	१	१८६८१	२३७	०	१००००	०	०	१००००	०	८६८१	०	०	८६८१	१३१९	१३१९
३	मिडिया काउन्सील, जनकपुर, धनुषा	२०७७/७८	१	१८६५५	६८१	०	०	०	१००००	१००००	०	०	०	८६५६	८६५६	१३४४	१३४४
	जम्मा		**३**	**७८२८७**	**१७७७**	**०**	**१०००० **	**०**	**४०००० **	**५०००० **	**०**	**८६८१**	**०**	**१९६०७**	**२८२८८**	**२१७१२**	**२१७१२**
	सामाजिक विकास मन्त्रालय																
१	सिरहा अस्पताल, सिरहा	२०७७/७८	१	२४८८३८	०	३३०३	०	१०३४२९	२०६४३	१२४०७२	०	७१०२४	३२४०६	२१३३६	१२४७६६	-६९४	२६०९
२	मलगंवा अस्पताल, सर्लाही	२०७७/७८	१	२३९५२९	१५०९	३५३१	३३८८१	८२९३९	२७०४	११९५२४	०	३५६	८२९३९	३६७१०	१२०००५	-४८१	३०५०
३	कलैया अस्पताल, बारा	२०७७/७८	१	२१८१५६	८४५८	७०९७	१०७५७२	०	०	१०७५७२	०	११०५८४	०	०	११०५८४	-३०१२	४०८५
४	लहान अस्पताल, सिरहा	२०७७/७८	१	२००१०२	०	५५९८	०	७७१५०	२०८५२	९८००२	४३४०	५८९०९	१८२४१	२०६०९	१०२०९९	-४०९७	१५०१
५	गौर अस्पताल रौतहट	२०७७/७८	१	२२६२५७	३६४२६	४६७९	०	९४४८४	१८६४६	११३१३०	१९३४९	७०७२२	२२२८१	७७७	११३१२९	१	४६८०
६	जिल्ला अस्पताल जलेश्वर, महोत्तरी	२०७७/७८	१	२१५७०४	४२	२२१८	१२६६९	९३२०८	३०६२	१०८९३९	२९४८४	२८९७८	२९८०३	१८४९९	१०६७६४	२१७५	४३९३
७	प्रादेशिक अस्पताल, धनुषा	२०७७/७८	१	१२८९११०	२७०६९३	८४६२२	०	५०६३३२	११२८६६	६१९११८	५०६३३२	०	०	१६३५८२	६६९९१४	-५०७१६	३३९०६
	जम्मा		**७**	**२६३७६९६**	**३१७१२८**	**१११०४८**	**१५४१२२**	**९५७५४२**	**१७८७७३**	**१२९०४३७**	**५५९५०५**	**३४०५७३**	**१८५६७०**	**२६१५१३**	**१३४७२६१**	**-५६८२४**	**५४२२४**
	कुल जम्मा		**७**	**२७१५९८३**	**३१८९०५**	**१११०४८**	**१६४१२२**	**९५७५४२**	**२१८७७३**	**१३४०४३७**	**५५९५०५**	**३४९२५४**	**१८५६७०**	**२८११२०**	**१३७५५४९**	**-३५११२**	**७५९३६**

अनुसूची-५

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.६ सँग सम्बन्धित)

म्याद नाघेको पेस्की बाँकीको विवरण

२०७७।७८

(रु.हजारमा)

सि.नं.	मन्त्रालय र निकायको नाम	गतसम्मको बाँकी	२०७६/७७ को सैद्धान्तिक मोबिलाईजेसन समायोजन	२०७६/७७ सम्मको बाँकी	यो वर्ष फर्स्यौट	गत सम्मको बाँकी	यो वर्ष थप	कुल जम्मा
१.	सरकारी कार्यालय	११९१८००	२३४०३२	९५७७६८	१०४९५४	८५२८१४	३३६८९४	११८९७०८
२.	अन्य संस्था तथा समिति	२७६९४	०	२७६९४	३२७५	२४४१९	५२०२	२९६२१
	जम्मा	**१२१९४९४**	**२३४०३२**	**९८५४६२**	**१०८२२९**	**८७७२३३**	**३४२०९६**	**१२१९३२९**

अनुसूची-६

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ सँग सम्बन्धित)

कुल असुली विवरण
२०७७।७८

(रु.हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	कार्यालय संख्या	विनियोजन, राजस्व र धरौटी			
			ले.प.को दौरान	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परिक्षणका क्रममा	जम्मा
१	सरकारी कार्यालय	१८	३०७४	८६	६३९	३७९९
	जम्मा		**३०७४**	**८६**	**६३९**	**३७९९**

अनुसूची-७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.८ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७७।७८

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	असुल गर्नुपर्ने		असुल भएको		असुल गर्न बाकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	सरकारी कार्यालय तर्फ	१६	३९९२	०	०	३९९२
	जम्मा	**१६**	**३९९२**	**०**	**०**	**३९९२**

अनुसूची-८

(प्रतिवेदनको परिच्छेद १ को दफा ७ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०७७।७८

(रु.हजारमा)

सि.नं.	राजस्व शीर्षक	रकम
१	११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	७९७४७८
२	११४११-बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर	६४८७१२८
३	११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क	२३०७३३८
४	११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर	६
५	१४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी	२१२६२
६	१४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	४६६२
७	१४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम	६८१४
८	१४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम	४४
९	१४२१३-अन्यविक्रीबाट प्राप्त रकम	२९९
१०	१४२१६-निजीधारा वापतको शुल्क	३६४
११	१४२१९-अन्यसेवा शुल्क तथा विक्री	२२१००
१२	१४२२१-न्यायिकदस्तूर	१६२०
१३	१४२२३-शिक्षाक्षेत्रको आम्दानी	४३
१४	१४२२४-परीक्षाशुल्क	४६२३
१५	१४२२५-यातायातक्षेत्रको आम्दानी	७८६९६
१६	१४२२९-अन्यप्रशासनिक सेवा शुल्क	८११२५
१७	१४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर	१४६८०१
१८	१४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	४७२६३१
१९	१४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर	६४
२०	१४२६४-वनक्षेत्रको अन्य आय	४२६४
२१	१४३११-न्यायिकदण्ड,जरिवाना र जफत	२०
२२	१४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत	६७५७
२३	१४५११-बीमादावी प्राप्ति	२४
२४	१४५२९-अन्यराजस्व	३०४६२
२५	१५१११-बेरूजू	९९१३८
२६	१५११२-निकासा फिर्ता	१३०५४
२७	१५११३-अनुदान फिर्ता	२०६९८३
२८	३३३४१-सवारीसाधन कर	१७२०३५३
२९	३३३६१-वनक्षेत्रको रोयल्टी	८१३०८
	कुल जम्मा	**१२५९५४६०**

अनुसूची-९
(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण
२०७७।७८

(रु.हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजू			बेरुजू						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेश्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	प्रदेश सभा सचिवालय	१८	२१	४३१८६	०	०	०	०	१८	२१	४३१८६	१८	३३५२५	९६४०	०	०	४३१६५	३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६६	१५३	५११४६८	०	०	०	०	६६	१५३	५११४६८	७६३६१	१९७७८२	२३४२९३	०	०	४३२०७५	३०३२
३	अर्थ मन्त्रालय	३४	१३	४५०८४	०	०	०	०	३४	१३	४५०८४	१५११	४१६२३	१९५०	०	०	४३५७३	०
४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	४२	३१	३१५९०	०	०	०	०	४२	३१	३१५९०	१९५	९५७३	२१८२२	०	०	३१३९५	०
५	उद्योग, पर्यटन, तथा वन मन्त्रालय	९९	२४१	७८८५७	१	९	४६२७	०	९८	२३२	७४२३०	८९५३	२०९४६	३४३८७	०	१९८	५५५३१	९७४६
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१४५	२८४	१०८४१७	०	०	०	०	१४५	२८४	१०८४१७	१७६२४	१४५३४	७४३८७	०	०	८८९२१	१८७२
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	४०२	११४८	८२७१०१	०	०	०	०	४०२	११४८	८२७१०१	६१६७२	१७४९२२	३०४२२२	०	०	४७९१४४	२८६२८५
८	महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	२	१	५५	०	०	०	०	२	१	५५	०	०	५५	०	०	५५	०
९	सामाजिक विकास मन्त्रालय	११९	३६०	१७०१७१	०	०	०	०	११९	३६०	१७०१७१	७४८४	६८५८०	५८३४१	०	०	१२६९२१	३५७६६
१०	प्रदेश लोकसेवा आयोग	६	३	२४७	०	०	०	०	६	३	२४७	०	०	५७	०	०	५७	१९०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१०	२	१०९	०	०	०	०	१०	२	१०९	०	०	१०९	०	०	१०९	०
१२	प्रदेश नीति तथा योजना आयोग	४	८	१०	०	०	०	०	४	८	१०	१०	०	०	०	०	०	०
	कुल जम्मा	**९४७**	**२२६५**	**१८१६२९५**	**१**	**९**	**४६२७**	**०**	**९४६**	**२२५६**	**१८११६६८**	**१७३८२८**	**५६१४८५**	**७३९२६३**	**०**	**१९८**	**१३००९४६**	**३३६८९४**

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

आय-व्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजू वर्गीकरण

२०७७।७८

(रु.हजारमा)

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू							
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेश्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
	आन्तरिक मामिला तथा कानुन मन्त्रालय																
१	चलचित्र तथा लोक संचार प्रबर्द्धन बोर्ड,धनुषा	३	२	८५९	०	०	०	३	२	८५९	०	८५९	०	०	०	८५९	०
२	आम सञ्चार प्राधिकरण, धनुषा	५	२	२३७	०	०	०	५	२	२३७	०	१६२	७५	०	०	२३७	०
३	मिडिया काउन्सील, धनुषा	३	२	६८१	०	०	०	३	२	६८१	०	२०९	४७२	०	०	६८१	०
	जम्मा	**११**	**६**	**१७७७**	**०**	**०**	**०**	**११**	**६**	**१७७७**	**०**	**१२३०**	**५४७**	**०**	**०**	**१७७७**	**०**
	सामाजिक विकास मन्त्रालय																
१	प्रादेशिक अस्पताल, धनुषा	३२	३२	२७०६९३	०	०	०	३२	३२	२७०६९३	२०४७	४३१७५	२२२५९५	०	०	२६५७७०	२८७६
२	कलैया अस्पताल, बारा	५	१४	८४५८	०	०	०	५	१४	८४५८	२७७	३९७	७७८४	०	०	८१८१	०
३	जिल्ला अस्पताल, महोत्तरी	१	२	४२	०	०	०	१	२	४२	२२	०	०	०	०	०	२०
४	मलगंवा अस्पताल, सर्लाही	७	१०	१५०९	०	०	०	७	१०	१५०९	५८९	०	०	०	०	०	९२०
५	गौर अस्पताल रौतहट	३९	१४	३६४२६	०	०	०	३९	१४	३६४२६	१२३	२४९१	३२४२६	०	०	३४९१७	१३८६
६	**जम्मा**	**८४**	**७२**	**३१७१२८**	**०**	**०**	**०**	**८४**	**७२**	**३१७१२८**	**३०५८**	**४६०६३**	**२६२८०५**	**०**	**०**	**३०८८६८**	**५२०२**
	कुल जम्मा	**९५**	**७८**	**३१८९०५**	**०**	**०**	**०**	**९५**	**७८**	**३१८९०५**	**३०५८**	**४७२९३**	**२६३३५२**	**०**	**०**	**३१०६४५**	**५२०२**

अनुसूची-११

(प्रतिवेदनको परिच्छेद २ को दफा २ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण

२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय/निकायको नाम	गत वर्षसम्मको बाँकी	सम्परिक्षण भएको	गत वर्षसम्मको बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी बेरुजू	हालसम्मको बाँकी बेरुजूमध्ये पेश्की
१.	सरकारी कार्यालय	३५२४०६८	१३३००१	३३९१०६७	१८११६६८	५२०२७३५	११८९७०८
२.	अन्य संस्था तथा समिति	१६५१४९	३२७५	१६१८७४	३१८९०५	४८०७७९	२९६२१
	जम्मा	**३६८९२१७**	**१३६२७६**	**३५५२९४१**	**२१३०५७३**	**५६८३५१४**	**१२१९३२९**

अनुसूची-१२

(प्रतिवेदनको परिच्छेद १ को दफा ६ सँग सम्बन्धित)

प्रदेश सरकारले संघीय कार्यालयलाई दिएको वजेट खर्च विवरण
आर्थिक वर्ष २०७७।७८

(रु.हजारमा)

मन्त्रालयको नाम		कार्यालयको नाम	निकासा रकम
अर्थ मन्त्रालय	१	कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा	३९७
	२	भूमी सुधार तथा मालपोत कार्यालय,रौतहट	६९८
	३	भूमी सुधार तथा मालपोत कार्यालय,महोतरी	१२००
	४	भूमी सुधार तथा मालपोत कार्यालय,धनुषा	४९७
	५	भूमी सुधार तथा मालपोत कार्यालय,पर्सा	४००
	६	भूमी सुधार तथा मालपोत कार्यालय,मलंङगवा	४८५
	७	भूमी सुधार तथा मालपोत कार्यालय,राजविराज	१९९२
	८	मालपोत कार्यालय गरूडा,रौतहट	४९९
	९	मालपोत कार्यालय चन्द्रनिगाहपुर,रौतहट	४९६
	१०	मालपोत कार्यालय बर्दीवास,महोतरी	४०७
	११	मालपोत कार्यालय मौलापुर,रौतहट	७५०
	१२	मालपोत कार्यालय लाहान,सिराहा	१६६९
		जम्मा	**९४९०**
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	प्रदेश प्रहरी कार्यालय धनुषा	१३०९६०
		जम्मा	**१३०९६०**
सामाजिक विकास मन्त्रालय	१	गौर नरसिंङ्ग इन्सिटच्यूट रौतहट	४०४६६
	२	जय किसान पोलिटेक्निक इन्सिटच्यूट, रौतहट	२०९४०
	३	निर्मला लामा नमूना बहुप्राविधिक शिक्षालय, महोत्तरी	२६७५०
	४	प्रसौनी पोलिटेक्निक इन्स्टिच्युट, बारा	५८७६
	५	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद प्रदेश कार्यालय धनुषा	१६९३८१
	६	लहान प्राविधिक शिक्षालय,लहान,सिरहा	४७४४७
	७	वी.पी मेमोरियल पोलिटेक्निकल इन्सिटच्यूट, धनुषा	३२८०३
	८	श्री बलरा पोलिटेक्निक इन्स्टिच्युट,बलरा सर्लाही	६०७९
	९	सन्त अल्पमाइ रामनारायण नर्सिङ्ग कलेज, धनुषा	१५९८९
		जम्मा	**३६५७३१**
		कुल जम्मा	**५०६१८१**

अनुसूची-१३

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित)

लेखा उत्तरदायी अधिकृतहरूको विवरण र सोअवधिको बेरुजु स्थिति

२०७७।७८

(रु.हजारमा)

क्र.स	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायि अधिकृतको नाम	अवधि		लेखापरीक्षण रकम	आ.व.२०७७/७८ को कुल बेरुजु	ले.प अंकको तुलनामा बेरुजु प्रतिशत
			देखि	सम्म			
१.	प्रदेश सभा सचिवालय	निमित्त सचिव श्री रंजित कुमार यादव	२०७७-०४-०१	२०७८-०३-३१	३८५९०३	४३१८६	११.१९
२.	मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	प्रदेश सचिव श्री याम प्रसाद भुषाल	२०७७-०४-०१	२०७८-०३-३१	१४४९०२४	५११४६८	३५.२९
३.	अर्थ मन्त्रालय	प्रदेश सचिव श्री कासीराज दहाल	२०७७-०४-०१	२०७८-०३-३१	१३२०५१२८	४५०८४	०.३४
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	प्रदेश सचिव श्री कृष्णहरी पुष्कर	२०७७-०४-०१	२०७७-०५-१४	६२३५८८	३१५९०	५.०६
		निमित्त प्रदेश सचिव श्री अवध कशोर प्रसाद कुशवाहा	२०७७-०५-१५	२०७७-०६-०१			
		प्रदेश सचिव श्री विरन्द्र कुमार यादव	२०७७-०६-०२	२०७८-०४-०१			
५	उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय	प्रदेश सचिव श्री पेम नारायण कडेल	२०७७-०४-०१	२०७८-०३-३१	२७११५३०	७४२३०	२.७४
६	भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	प्रदेश सचिव श्री डा.विमल कुमार निर्मल	२०७७-०४-०१	२०७८-०३-३१	१७८७९९६	१०८४१७	६.०६
७	भौतिक पुर्वाधार विकास मन्त्रालय	प्रदेश सचिव श्री राजेन्द्र प्रसाद खनाल	२०७७-०४-०१	२०७७-०५-१७	११७०९०१५	८२७१०१	७.०६
		प्रदेश सचिव श्री राम अधर साह	२०७७-०५-१८	२०७८-०३-३१			
८	सामाजिक विकास मन्त्रालय	प्रदेश सचिव श्री भुपाल बराल	२०७७-०४-०१	२०७७-०६-१०	४५९१८८४	१७०१७१	३.७०
		प्रदेश सचिव श्री कृष्ण प्रसाद काप्री	२०७७-०६-११	२०७८-०१-१९			
		प्रदेश सचिव श्री इम नारायण श्रेष्ठ	२०७८-०१-२०	२०७८-०३-३१			
९	महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	प्रदेश सचिव श्री केशव प्रसाद बिमली	२०७८-०२-१६	२०७८-०३-३१	७४८१	५५	०.७४
१०	लोक सेवा आयोग	प्रदेश सचिव श्री चिरन्जिवि गौतम	२०७७-०४-०१	२०७८-०१-०२	४९६०४	२४७	०.४९
		प्रदेश सचिव श्री नरेश राज खरेल	२०७८-०१-०३	२०७८-०३-३१			
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	कार्यालय प्रमुख श्री राजेन्द्रबहादुर बस्नेत	२०७७-०४-०१	२०७७-०६-०७	४२७१२	१०९	०.२६
		कार्यालय प्रमुख श्री अजित कुमार लाल कर्ण	२०७७-०६-०८	२०७८-०३-३१			
१२	प्रदेश नीति तथा योजना आयोग	प्रदेश सचिव श्री ठुलो बाबु दाहाल	२०७७-०४-०१	२०७८-०१-०८	८७०९	१०	०.११
		प्रदेश सचिव श्री केशब प्रसाद बिमली	२०७८-०१-०९	२०७८-०३-३१			

अनुसूची-१४



प्रदेश सरकार
अर्थ मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
आ.व. २०७७/७८ को वार्षिक आर्थिक विवरण
प्रदेश नं. २ जनकपुरधाम

आय

क्र.सं.	विवरण					रकम
१	गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ज्या.)					९,६३२,८७४,३३८.१०
२	यस वर्षको आय					२७,०२८,२८०,८८६.५९
	राजस्व तथा अनुदान				२७,०२८,२८०,८८६.५९	
	क राजस्व			१२,५९५,४५९,८८६.५९		
	अ कर राजस्व		९,५९१,९४९,२३२.८६			
	आ गैर कर राजस्व		८६६,९७०,३७५.२०			
	इ अनुदान फिर्ता र बेरुजु		३१९,१७५,४३०.२०			
	ई राजस्व ३३०००		१,८०१,६६०,७७१.७१			
	उ गत वर्षको नगद मौज्दात		१५,७०४,०७६.६२			
	ख अनुदान			१४,४३२,८२१,०००.००		
	अ समानीकरण	७,०२०,१००,०००.००				
	सशर्त	६,९७०,०२१,०००.००				
	विशेष	४१५,०००,०००.००				
	समपुरक	२७,७००,०००.००				
	आ सोधभर्ना हुने गरी भएको खर्च रकममध्ये सोधभर्ना प्राप्त					
	१ चालु आ.व. को					
	२ गत विगत आ.व.को					
	इ सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)					
	ई वस्तुगत अनुदान					
३	वित्तिय व्यवस्था					
	क ऋण लगानी तर्फ					
	अ आन्तरिक ऋण लगानी फिर्ता					
	आ वैदेशिक ऋण लगानी फिर्ता					
	ख शेयर बिक्री					
	अ आन्तरिक शेयर बिक्री					
	आ वैदेशिक शेयर बिक्री					
	ग वैदेशिक ऋण प्राप्ति					
	अ नगद ऋण					
	आ सोधभर्ना हुनेगरी भएको खर्च रकम मध्ये सोधभर्ना प्राप्त					
	१ चालु आ.व.को					
	२ गत विगत आ.व.को					
	इ सोझै भुक्तानी (ऋण)					
	घ आन्तरिक ऋण प्राप्ति					
४	चालु आर्थिक वर्षको जम्मा आम्दानी					२७,०२८,२८०,८८६.५९
५	चालु आर्थिक वर्षको संचित कोषको कुल (प्रा) मौज्दात बचत					३,७२८,३५०,४७१.४८
६	प्राप्त अनुदान मध्ये खर्च नभइ फिर्ता गर्नुपर्ने रकम रु.					२,७७१,३५७,८५९.९३
	क सशर्त अनुदान				२,५९७,५३७,५५२.१८	
	ख विशेष अनुदान				२१७,७९८,५०१.००	
	ग समपुरक				२७,७००,०००.००	
	घ गत गत आ.व.को बढी फिर्ता अनुदान				(७१,६७८,१९३.२५)	
७	चालु आर्थिक वर्षको संचित कोषको खुद (नेट) मौज्दात बचत					९५६,९९२,६११.५५
८	विगत आर्थिक वर्ष समेतको खुद मौज्दात बचत					१०,५८९,८६६,९४९.६५
	जम्मा आम्दानी					२३,२९९,९३०,४१५.११

व्यय

क्र.सं.	विवरण					रकम
१	चालु वर्षको व्यय					२२,५४५,८०३,२२१.३३
	क संचित कोष माथि व्यवहार हुने रकममा खर्च				८,४६९,९२७.००	
	अ चालु खर्च			८,४६९,९२७.००		
	२१००० पारिश्रमिक सुविधा		७,८१२,७६५.००			
	२२००० मालसमान तथा सेवाको उपयोग		६५७,१६२.००			
	२५००० सहायता सम्पत्ति		०.००			
	२६००० स्थानीय तह अनुदान		०.००			
	२६००० अन्य अनुदान खण्डन		०.००			
	२७००० सामाजिक सुरक्षा		०.००			
	२८००० अन्य		०.००			
	आ पूँजीगत खर्च			०		
	ख विनियोजन ऐनद्वारा भएको खर्च				२२,५३७,३३३,२९४.३३	
	अ चालु खर्च			८,६३२,२७०,३०१.७०		
	२१००० पारिश्रमिक सुविधा		१,७६९,३७३,४२०.५५			
	२२००० मालसमान तथा सेवाको उपयोग		२,५७९,५३५,९३८.२०			
	२५००० सहायता सम्पत्ति		०.००			
	२६००० आन्तरिक अनुदान		८०६,१५२,६७५.०३			
	२६००० स्थानीय तह अनुदान		२,९५१,८१५,४८६.०६			
	२७००० सामाजिक सुरक्षा		४८९,१०१,३०३.८६			
	२८००० अन्य खर्च		३६,२९१,४७८.००			
	आ पूँजीगत खर्च			१३,९०५,०६२,९९२.६३		
	खर्चको स्रोतगत विवरण				२२,५४५,८०३,२२१.३३	
	क प्रदेश सरकार			१२२१७२९९०२०.८६		
	ख नेपाल सरकार अनुदान			१०३२८५०४२००.४७		
	अ समानीकरण		५,७५८,८१९,२५३.६५			
	आ सशर्त		४,३७२,४८३,४४७.८२			
	इ विशेष		१९७२०१४९९.००			
	ई समपुरक		०.००			
	ग वैदेशिक ऋण					
	अ नगद ऋण		०			
	आ सोधभर्ना हुने ऋण		०			
	इ सोझै भुक्तानी हुने ऋण		०			
२	वित्तिय व्यवस्था					
	क संचित कोष माथि व्यवहार हुने रकममा खर्च					
	अ आन्तरिक ऋणको सावाँ भुक्तानी					
	आ बाह्य ऋणको सावाँ भुक्तानी					
	ख विनियोजन ऐनद्वारा भएको खर्च					
	अ ऋण लगानी					
	१ आन्तरिक ऋण लगानी					
	२ वैदेशिक ऋण लगानी					
	आ शेयर लगानी					
	१ आन्तरिक शेयर लगानी					
	२ वैदेशिक शेयर लगानी					
	खर्चको स्रोतगत विवरण					
	क नेपाल सरकार					
	ख वैदेशिक स्रोत					
	अ सोधभर्ना हुने ऋण					
	आ प्रत्यक्ष ऋण					
३	वन रोयल्टी संघीय विभाज्य कोष खाता फिर्ता					८१,३०८,२४०.७१
४	सवारी साधन कर बाँडफाँट स्थानीय विभाज्य कोष खाता					६८८,१४१,०११.००
५	प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुबाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको खर्च समायोजन					(१५,३५४,१०२.९३)
६	बैंकलाई सोधभर्ना दिनु पर्ने खुद रकम					२२,५३०,४८१,१६३.४०
७	बैंक हिसाब मिलान					३२,०४५.००
८	जम्मा खर्च					२३,२९९,९३०,४१५.११

भएरा प्रदेश सरकार
अर्थ मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
नेपाल

प्रदेश लेखा नियन्त्रक



गण्डेश प्रदेश सरकार
प्रदेश लेखा नियन्त्रक कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

लेखा टिप्पणी (Notes to Account)

१ राजस्व तथा बेरुजु :-

आ.व. २०७७/७८ को सञ्चित कोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम	१२,५९५,४५९,८८६.५९
कर राजस्व	९,५९१,९४९,२३२.८६
गैर कर राजस्व	८६६,९७०,३७५.२०
बाँडफाँड हुने राजस्व ३३०००	१,८०१,६६०,७७१.७१
अनुदान फिर्ता तथा बेरुजु	३१९,१७५,४३०.२०
गत वर्षको नगद मौज्दात	१५,७०४,०७६.६२

२ वन रोयल्टी :-

आ.व. २०७७/७८ को सञ्चित कोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम	८१,३०८,२४०.७१
आ.व. २०७७/७८ को वनरोयल्टी प्रदेश संचित कोषबाट संघिय विभाज्य कोष फिर्ता	८१,३०८,२४०.७१

३ प्रदेश विभाज्य कोष

आ.व. २०७७/७८ को सवारी साधन कर विभाज्य कोष संचित कोषमा ६० प्रतिशत दाखिला	१,१८५,५६६,२६५.००
आ.व. २०७७/७८ को सवारी साधन कर ४० प्रतिशत प्रदेश विभाज्य कोषमा ट्रान्सफर	७९०,३७७,५०७.००

५ समानीकरण अनुदान नगद :-

आ.व. २०७७/७८ को संञ्चितकोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम	७,०२०,१००,०००.००
आ.व. २०७७/७८ को समानीकरण अनुदान संञ्चित कोष दाखिला	७,०२०,१००,०००.००

६ शसर्त समपुर र विशेष अनुदान :-

आ.व. २०७७/७८ को संञ्चितकोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम	७,४१२,७२१,०००.००
आ.व. २०७७/७८ को प्राप्त समपुरक अनुदान संञ्चित कोष दाखिला	२७,७००,०००.००
आ.व. २०७७/७८ को प्राप्त शसर्त अनुदान संञ्चित कोष दाखिला	६,९७०,०२१,०००.००
आ.व. २०७७/७८ को प्राप्त विशेष अनुदान संञ्चित कोष दाखिला	४१५,०००,०००.००

९ विविध प्राप्ति :-

१० आर्थिक वर्ष २०७७/७८ को सञ्चित कोष विवरणमा उल्लेख गरिएको खर्च विवरण :- २२,५४५,८०३,२२१.३३

	चालु खर्च	८,६४०,७४०,२२८.७०
	पुँजिगत खर्च	१३,९०५,०६२,९९२.६३
	वित्तीय व्यवस्था खर्च	-
	कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खर्च लेखिएको तर विविध कारणवश बैकबाट खर्च हुन नसकेको समायोजित रकम	(१५,३५४,१०२.९३)
	जम्मा	२२,५३०,४४९,११८.४०
	नेपाल राष्ट्र बैंक अनुसारको खर्च	२२,५३०,४८९,१६३.४०
	फरक	(३२,०४५.००)
	फरक पर्नाको कारण	
	प्रदेश लेखा इकाइ कार्यालय महोत्तरीबाट दोहोरो भुक्तानी भई फरक परेको । सो रकम सम्बन्धितबाट असुल उपर गरी आ.व. ७८/७९ मा राजस्व दाखिला गरि भौचर पेश गरिएको ।	

प्रदेश लेखा नियन्त्रक

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

संघीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण तयार गर्दा अपनाइएका आधारहरु तथा लेखा नीति

१ यो आर्थिक विवरण प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार सोही ऐनको दफा २६ बमोजिम प्राप्त तथ्यांकको आधारमा तयार गरिएको छ ।

२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७५ बमोजिम पौष मसान्तमा पेश गर्नुपर्ने बार्षिक आर्थिक विवरण कार्तिक मसान्तमा नै तयार गरिएकाले सो अवधीसम्मका समायोजनहरुका कारण हिसाबमा फरक पर्न सक्ने भएकाले यस आर्थिक विवरणलाई प्रारम्भिक आर्थिक विवरण भनिएको छ ।

३ राजस्वको लेखांकन गर्दा बैंकमा जम्मा भएको रकमलाई आधार तथा महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालन गरेका एकल कोष खाता प्रणाली तथा राजस्व व्यवस्थापन सूचना प्रणाली लगायतबाट प्राप्त प्रतिवेदनलाई आधार मानी सञ्चितकोषमा ट्रान्स्फर गरी आम्दानी जनाइएको छ ।

४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३ बमोजिम सञ्चित कोषमा प्रदेश सरकारको आम्दानी र खर्चलाई मात्र समावेश गरिएकोले नेपाल राष्ट्र बैंकले तयार गर्ने कोषको अवस्थासँग यो आर्थिक विवरणको रकम फरक रहेको छ ।

प्राप्ति तर्फ

५ आन्तरिक राजस्व तर्फ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ बमोजिम प्रदेश लेखा इकाई कार्यालयहरुको नाममा खोलिएका एकल राजस्व खाताहरुमा संकलन हुन आएको रकम एकिकृत गरी तयार गरिएको छ ।'

६ खर्च तर्फ रकम उल्लेख गर्दा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण,२०७१ बमोजिम हुने गरी चालु, पूँजीगत तथा वित्तीय विवरण तयार गरिएको छ । आम्दानी तर्फ रकम उल्लेख गर्दा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण,२०७४ बमोजिम हुने गरी राजस्व, अनुदान, र अन्य राजस्व, अन्तर्गत छुट्टाछुट्टै आम्दानी देखाइएको छ । यसबाट बजेट अनुमानसँगको तुलनामा केही फरकहरु पर्न गएका छन् ।

७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५ बमोजिम सञ्चित कोषबाट प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा इकाई कार्यालयमार्फत खर्च निकासा गरिएको चालु, पूँजीगत तथा वित्तीय व्यवस्था तर्फ प्रत्येकको सञ्चितकोष माथि व्ययभार हुने खर्च र विनियोजन ऐन अन्तर्गतको खर्च छुट्टाछुट्टै उल्लेख गरिएको

८ सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा सो आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भए बमोजिमको ढाँचामा आम्दानी तथा खर्च उल्लेख गर्ने प्रयास गरिएको छ ।

९ संघीय विभाज्य कोषको वार्षिक आर्थिक विवरण अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३२ बमोजिम तयार गरिएको छ ।

१० प्रदेश विभाज्य कोषको आर्थिक विवरण तयार गर्दा प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा आर्थिक वर्ष अन्त्यसम्ममा जम्मा भएको रकम, प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा पठाइएको रकम तथा सम्बन्धित सञ्चित कोष पठाइएको रकम खुल्ने गरी तयार गरिएको छ

प्रदेश लेखा नियन्त्रक